# अध्याय - १
# शोध परिचय

## १.१ विषय परिचय

प्रस्तुत अध्ययनमा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथालाई सङ्कलन, वर्गीकरण र विश्लेषण गरिएको छ । लोककथाले मानव जीवनसँग लामो सम्बन्ध राख्दै आएको छ । मौखिक परम्परामा जीवित रही एक पुस्ताबाट अर्को पुस्तामा, एक युगबाट अर्को युगमा र एक स्थानबाट अर्को स्थानमा सर्दै भूत, वर्तमान र भविष्य तीनै कालमा समाजमा यसले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । यस भेकमा पनि लोककथाहरूले मानव जीवनसँग अभिन्न सम्बन्ध राख्दै आएको पाइन्छ । यस भेकमा प्रचलित लोककथाले यहाँको धार्मिक, साँस्कृतिक र सामाजिक पक्षलाई समेटेको पाइन्छ । त्यसैले तिनमा यहाँको समाजको पहिचानको प्रस्तुति छ ।

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाले केटाकेटीदेखि लिएर बुढापाकाहरूलाई भरपुर मनोरञ्जन प्रदान गर्दै आएका छन् । लोककथाले नैतिक उपदेश, सामाजिक व्यवहार एवं वीरताको भाव व्यक्त गरेको पाइन्छ । यस क्षेत्रको बासिन्दाको रूपमा रहेका ब्राह्म्ण, छेत्री, तामाङ, दमाई, कामी, मगर, बराम (ब्राह्मु) र नेवार जातिका किंवदन्तीका आधारमा ऐतिहासिक पृष्ठभूमि बोकेका लोककथाहरू पनि यहाँ प्रचलित छन् ।

आधुनिक सञ्चार माध्यमको विकासले गर्दा हाल आएर यस क्षेत्रको केटाकेटीहरूमा लोककथाप्रतिको चासो केही घट्दै गए तापनि बुढापाकाहरूमा भने लोककथा भन्ने र सुन्ने परम्परा रहिरहेको छ । मकै नङ्ग्याउने, दाईं गर्ने, मेलोपात गरेर थकाइ मार्ने बेलामा कथा भन्ने र सुन्ने चलन यस क्षेत्रमा यथावत छ । तामाङ जातिको विवाह गर्दा ताम्बा (किंवदन्तीको आधारमा कथा सुनाउने व्यक्ति) ले नवदम्पतीलाई लोककथा सुनाउने प्रचलन यस क्षेत्रमा रहेको छ । यसता कथाहरूमा दुलाहा र दुलहीले कर्तव्यपरायण र नैतिकवान् बन्नु पर्ने प्रेरणा दिइएको

हुन्छ । तामाङ जातिहरूमा कथाका आधारमा वाचाबन्धन गराउने, त्यही वाचाबन्धनलाई दैनिक आचार संहिताका रूपमा पालन गर्ने गराउने परम्परा हालसम्म पनि विद्यमान रहेको छ । [१]

यस क्षेत्रका अल्पसङ्ख्यक दमाई र कामीका सन्दर्भमा पनि विभिन्न कथा एवम् किंवदन्तीहरू प्रचलित रहेका छन् । अशिक्षा र अनभिज्ञताले गर्दा असम्भव कार्यहरू पनि हुने गरेका कथा सुन्ने सुनाउने गरिएका उदाहरणहरू प्रशस्त पाइएका छन् । त्यस्तै मगर जातिले फट्याङ्ग्रो सिकार गर्दै जाँदा आफ्नो बाबुको रूद्रघण्टीमा बसेको फट्याङ्ग्रालाई मार्न खोज्दा बाबुको मृत्यु भएको जस्ता कथाहरू पनि यस क्षेत्रमा प्रचलित छन् । तिनै कथाहरूको सङ्कलन र अध्ययनको काम प्रस्तुत शोधमा सम्पन्न गरिएको छ । यसबाट त्यहाँ प्रचलित लोककथाको संरक्षण र संवर्धनमा केही योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## १.२ समस्या कथन

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाको अध्ययन हालसम्म हुन नसक्नु नै यस अध्ययनको मूल समस्या हो । त्यस समस्यामा केन्द्रित मूल बुँदाहरू निम्नानुसार रहेका छन : -

क) ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा के कस्ता लोककथाहरू प्रचलित छन् ?

ख) तिनको वर्गीकरण कसरी गर्न सकिन्छ ?

ग) तिनको विश्लेषण कसरी गर्न सकिन्छ ?

घ) तिनको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

## १.३. उद्देश्य

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरूको अध्ययन नै यस शोध पत्रको मुख्य उद्देश्य हो । त्यससँग सम्बद्ध मूलभूत बुँदाहरू निम्नानुसार छन् :-

क) ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरूको सङ्कलन गर्ने ।

---

[१]. टंक लामाबाट प्राप्त जानकारी ।

ख) ती कथाहरूको वर्गीकरण गर्ने ।

ग) तिनीहरूको विश्लेषण गर्ने ।

घ) तिनको मूल्य निरूपण गर्ने ।

## १.४. शोधको महत्त्व :

नेपाली लोकसाहित्यको एक प्रमुख विधाका रूपमा रहको लोककथाको अध्ययन आफैंमा एक महत्त्वपूर्ण कुरा हो । नेपालका विभिन्न भागमा लोककथाहरू प्रचलित छन् । तिनको अध्ययनबाट नै नेपाली लोककथाको अध्ययनमा पूर्णता ल्याउन सकिन्छ । प्रस्तुत अध्ययनले त्यसमा केही योगदान गर्ने भएकोले यसको महत्त्व रहनु स्वाभाविक छ ।

प्रस्तुत अध्ययनबाट मौखिक रूपमा रहेका कतिपय लोककथाहरू लिपिबद्ध हुनाका साथै वर्गीकरण र विश्लेषण गरिने छन् । अतः स्थानीय निवासीहरूका साथै अन्य व्यक्तिहरू पनि यसबाट लाभान्वित हुने छन् । यस क्षेत्रमा प्रचलित साँस्कृतिक र धार्मिक कुराहरूमा पनि किंवदन्तीका आधारमा प्रकाश पारिने भएकाले त्यस दृष्टिले पनि प्रस्तुत अध्ययन औचित्यपूर्ण नै छ ।

लोकसाहित्य आफैंमा मनोरञ्जनपूर्ण र रोचक हुने भएकोले सामान्य व्यक्तिका लागि पनि यसको महत्त्व रहनु स्वाभाविक हो । यस विषयमा अध्ययन गर्ने शोधार्थी तथा विद्यार्थी वर्गका लागि अध्ययन अनुसन्धान गर्न पनि यसबाट विशेष सहयोग पुग्ने भएकोले यस शोध-पत्रको महत्त्व र औचित्य स्वत : सिद्ध हुन्छ ।

## १.५. अध्ययनको सीमा

यस शोधलाई ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा सीमित गरिएको छ । त्यहाँ नेपाली, तामाङ र नेवार भाषामा लोककथाहरू प्रचलित रहे पनि यसमा नेपाली लोककथाहरूको मात्र अध्ययन गरिएको छ । यस भेकमा गोटिखेल, मानिखेल, बुखेल, इकुडोल, शंखु, भट्टेडाँडा,

माल्टा प्युटार, गिम्दी, आश्राङ, ठूलादुर्लङ नामका एघार गा.वि.स. रहेका छन् । तिनै गा.वि.स.मा प्रचलित नेपाली लोककथामा प्रस्तुत अध्ययन सीमित छ ।

## १.६. पूर्वाध्यायन विवरण

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाको अलगै अध्ययन भएको पाइदैन । नेपाली लोककथाका अध्येताहरूले गरेका केही अध्ययनहरू प्रस्तुत अध्ययनका पनि सरोकारका विषयका रूपमा रहेका छन् । तिनका बारेमा चर्चा गर्ने प्रयत्न यहाँ गरिएको छ ।

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा पनि मुलुकका अन्य भागमा भैंं स्वस्थानी व्रतकथा, राजा हरिश्चन्द्रका कथा, प्रल्हाद हिरण्यकश्यपुका कथा, अकबर वीरवलका कथा आदि प्रचलित छन् । पुस्तकाकार कृतिका रूपमा पनि पाइने यी कथाहरूलाई भन्दा लोकव्यवहारमा प्रचलित लोककथाहरूलाई प्रस्तुत अध्ययनले आफ्नो विषय बनाएको छ ।

बोधविक्रम अधिकारीद्वारा सम्पादित 'नेपाली दन्त्यकथा' (१९९६) निकै पुरानो सङ्कलन हो । त्यसमा रहेका बाह्रवटा लोककथाहरू मध्ये कुनै पनि प्रस्तुत अध्ययन क्षेत्रसँग सम्बन्धित छैनन् ।

तुलसी दिवसले सम्पादन गरेको 'नेपाली लोककथा' (२०३२) मा १२२ वटा लोककथाहरू सङकलित छन् र तिनको वर्गीकरण गर्ने काम पनि त्यसमा गरिएको छ । त्यहाँ काठमाडौं उपत्यकाका केही कथाहरू सङ्कलित छन् र तिनका बारेमा केही विवेचना पनि गरिएको छ । ललितपुरसँग सम्बन्धित अध्ययन सो पनि होइन । त्यसैले त्यस अध्ययनले पनि प्रस्तुत अध्ययनको क्षेत्रलाई स्पर्श गर्न सकेको छैन ।

धर्मराज थापा र हंसपुरे सुवेदीको 'नेपाली लोकसाहित्यको विवेचना' (२०४१) लोकसाहित्यिक क्षेत्रको एक महत्त्वपूर्ण कृति हो । यसमा नेपाली लोककथाको सङ्कलन र

अधययनको परम्पराका बारेमा बयान गर्दै लोककथाहरूको वर्गीकरण र विश्लेषण पनि गरिएको छ । त्यहाँ पनि ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकका लोककथाहरूको बारेमा कुनै चर्चा छैन ।

शम्भुप्रसाद कोइरालाको 'लोकसाहित्यः सिद्धान्त र विश्लेषण' (२०५५) नामक कृतिमा नेपाली लोककथाका बारेमा केही चर्चा गरिएको छ । त्यसमा पनि प्रस्तुत अध्ययनसँग सम्बन्धित लोककथाहरूका बारेमा कुनै कुरा उल्लिखित छैन ।

चूडामणि बन्धुको 'नेपाली लोकसाहित्य' (२०५८) नेपाली लोकसाहित्यका क्षेत्रमा विशेष चर्चित कृति हो । बन्धुले यसमा नेपाली लोककथाको सङ्कलन तथा अध्ययन परम्पराको चर्चा गर्दै र नेपाली लोककथाका प्रवृतिको पनि विश्लेषण गर्ने केही नमुना लोककथाहरू पनि प्रस्तुत गरेका छन् । उनको अध्ययनमा पनि ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकका लोककथाहरू समेटिन सकेको छैनन् ।

निशा शर्माको 'ललितपुर जिल्लाका ग्रामीण क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन' अध्ययन पत्र २०६५ मा शर्माले यस भेकका लोकगीतको सङ्कलन तथा अध्ययन गरेतापनि उनको अध्ययनमा पनि ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकका लोककथाहरूका विषयमा समेटिएको पाइदैन ।

दुर्गा घिमिरेको 'ललितपुर जिल्लाका कालेश्वर र चन्दानपुर गा.वि.स. प्रचलित लोककथाको अध्ययन २०६४' मा यस भेकका लोककथाहरूको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन पत्रले कालेश्वर र चन्दनपुरलाई मात्र समेटेकोले ललितपुरको दक्षिण-पूर्वी भेकका सम्पूर्ण गा.वि.स.हरूमा प्रचलित लोककथाहरूको अध्ययन गर्नु जरूरी भएकोले यस अध्ययनलाई अग्र गति दिइएको हो ।

उपयुक्त विवेचनाबाट के कुरा स्पष्ट हुन्छ भने ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरूको अध्ययन हालसम्म पनि हुनसकेको छैन । त्यसैले त्यसतर्फ केही पाइला बढाउने उद्देश्यले प्रस्तुत अध्ययन आवश्यक हुन गएको हो ।

## १.७ अध्ययन विधि

प्रस्तुत अध्ययन क्षेत्रकार्यमा आधारित छ । सामग्री सङ्कलनका क्रममा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकका विभिन्न गाउँको भ्रमण गरी लोककथाको सङ्कलन गरिएको छ । अध्ययनका निम्ति लोककथा भन्न सक्ने व्यक्तिलाई भन्न लगाई टेपरेकर्डरका सहायताले ध्वन्याङ्कन समेत गरिएको छ । अध्ययनको निम्ति विश्लेषणात्मक र वर्णनात्मक विधिलाई अँगालिएको छ ।

## १.८ अध्याय योजना :

अध्याय एक : शोधको परिचय

अध्याय दुई : अध्ययन क्षेत्रको परिचय

अध्याय तीन : लोकसाहित्यको एक विधाका रूपमा लोककथा

अध्याय चार : ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाको सङ्कलन

अध्याय पाँच : ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाको वर्गीकरण र विश्लेषण

अध्याय छ : निष्कर्ष

# अध्याय - २

## अध्ययन क्षेत्रको परिचय

### २.१ अध्ययन क्षेत्र रहेको जिल्ला :

प्रस्तुत अध्ययन ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकका एघार गा.वि.स सँग सम्बन्धित छ । त्यसैले यो क्षेत्रको परिचयका सन्दर्भमा ललितपुर जिल्लाका बारेमा पनि केही जानकारी दिनु उपयुक्त हुनेछ । यो जिल्ला काठमाडौं उपत्यकासँग सम्बन्धित भए तापनि यसको आधाभन्दा बढी भाग उपत्यका बाहिर पर्दछ । यस जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक जिल्ला, पश्चिममा काठमाडौं जिल्ला, उत्तरमा काठमाडौं जिल्ला र भक्तपुर जिल्ला रहेका छन् भने दक्षिणको सम्पूर्ण भू-भाग बागमती नदीले सीमाबद्ध गरी मकवानपुर जिल्लाबाट यसलाई अलग्याएको छ । पहाडी प्रदेश अन्तर्गत रहेको यस जिल्लाको अधिकांश भू-भाग पहाडी ग्रामीण वस्तीमा पर्दछ ।

भौगोलिक स्थिति अनुसार ८५$^{\circ}$ १४' देखि ८५$^{\circ}$ २६' पूर्वी देशान्तर र २७$^{\circ}$ २२' देखि २८$^{\circ}$ ५०' उत्तरी अक्षांशका बीच यो जिल्ला रहेको छ । समुन्द्र सतहबाट ४७५ मिटरदेखि २८३१ मिटरसम्म उचाइमा यस जिल्लाको भूभाग रहेको छ । [२]

मल्लकालीन इतिहास अनुसार काठमाडौं उपत्यकाका प्रसिद्ध तीन राज्यमध्ये ललितपुर पनि एक राज्यका रूपमा रहेको थियो । ललितकलाले भरिपूर्ण नगरका रूपमा यस जिल्लालाई चिन्न सकिन्छ काष्ठकला, पाषाणकला, धातुकला, वास्तुकला आदिका लागि प्रसिद्ध सहर पाटनले यस जिल्लाको विशिष्टतालाई झल्काएको पाइन्छ । काठलाई कुँदेर, ढुङ्गालाई खोपेर तथा धातुलाई ढालेर मूर्ति निर्माण गर्ने प्रचलन अद्यापि यस जिल्लामा रहँदै आएको छ । [३]

---

[२]. ललितपूर जिल्लाको, चौमासिक, बूलेटिन,२०६४, पृ. ३ ।

[३]. दहाल, पेशल, **आधुनिक नेपालको इतिहास,** (काठमाडौ : एम.के. पब्लिसर्स एण्ड डिट्रिब्यूर्टस, २०५१) पृ. १८५ ।

यस जिल्लामा एक उपमहानगरपालिका र ४१ वटा गा.वि.स हरू रहेका छन् । तिनीहरूको नाम निम्नानुसार छ :-

**तालिका सङ्ख्या - १**

| **क्र.सं.** | **नाम** | **नगरपालिका / गा.वि.स** |
|---|---|---|
| १. | ललितपुर | उपमहानगरपालिका |
| २. | आश्राङ | गा.वि.स. |
| ३. | बडीखेल | गा.वि.स. |
| ४. | भारदेउ | गा.वि.स. |
| ५. | भट्टेडाँडा | गा.वि.स. |
| ६. | विशंखुनारायण | गा.वि.स. |
| ७. | बुखेल | गा.वि.स. |
| ८. | बुङमती | गा.वि.स. |
| ९. | चन्दनपुर | गा.वि.स. |
| १०. | चापागाउँ | गा.वि.स. |
| ११. | छम्पी | गा.वि.स. |
| १२. | चोघरे | गा.वि.स. |
| १३. | दलचोकी | गा.वि.स. |
| १४. | देवी चउर | गा.वि.स. |
| १५. | धापाखेल | गा.वि.स. |
| १६. | डुकुछाप | गा.वि.स. |
| १७. | घुखेल | गा.वि.स. |
| १८. | गिम्दी | गा.वि.स. |
| १९. | गोदाम चौर | गा.वि.स. |
| २०. | गोदावरी | गा.वि.स. |
| २१. | गोटिखेल | गा.वि.स. |

| | | |
|---|---|---|
| २२. | हरिसिद्धि | गा.वि.स. |
| २३. | इकुडोल | गा.वि.स. |
| २४. | इमाडोल | गा.वि.स. |
| २५. | झरूवारासी | गा.वि.स. |
| २६. | कालेश्वर | गा.वि.स. |
| २७. | खोकना | गा.वि.स. |
| २८. | लामाटार | गा.वि.स. |
| २९. | लेले | गा.वि.स. |
| ३०. | लुभु | गा.वि.स. |
| ३१. | माल्टा | गा.वि.स. |
| ३२. | मानिखेल | गा.वि.स. |
| ३३. | नल्लु | गा.वि.स. |
| ३४. | प्युटार | गा.वि.स. |
| ३५. | सैंबू | गा.वि.स. |
| ३६. | शंखु | गा.वि.स. |
| ३७. | सिद्धिपुर | गा.वि.स. |
| ३८. | सुनाकोठी | गा.वि.स. |
| ३९. | ठैब | गा.वि.स. |
| ४०. | ठेचो | गा.वि.स. |
| ४१. | ठुलादुर्लङ | गा.वि.स. |
| ४२. | टीकाथली | गा.वि.स. |

[४]

[४]. ललितपूर जिल्लाको, चौमासिक बूलेटिन, पुर्वतत्, पृ.५ ।

## २.२ अध्ययन क्षेत्र

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा रहेका एघार गा.वि.स. हरूको भूवनोट विविध खालको छ । आश्राङ, प्युटार, माल्टा, गिम्दी र ठुलादुर्लङ गा.वि.स. हरूमा लेक र बेंसी दुई भागहरू पर्दछन् । यी गा.वि.स. हरूका बेंसी भागहरू वाग्मती नदीको किनारमा पर्दछन् भने लेकाली भागहरूमा पहाड, भीर र जङ्गल पर्दछन् । त्यस्तै मानिखेल, गोटिखेल, बुखेल, इकुडोल गा.वि.स. हरूमा पनि लेक र बेंसी भागहरू टुङ्गुन खोलको बहाब क्षेत्रमा पर्दछ र लेकाली भागमा भने भीर पाखा र जङ्गलहरू पर्दछन् । यो क्षेत्र भएर बग्ने ठोस्ने खोला भने मानिखेल गा.वि.स. हुँदै चौघरे, शंखु भट्टेडाँडा गा.वि.स.हरू पार गर्दै इकुडोल गा.वि.स.मा पुगी टुगुन खोलामा मिसिन्छ । टुगुन खोला र ठोस्ने खोला मिसिए पछि यसलाई खानीखोला नामले सम्बोधन गरिन्छ । यो खानीखोला माल्टा गा.वि.स. को बगुवामा गएर वाग्मती नदीमा मिल्न पुग्दछ । यो भेक समुद्र सतहबाट ४७५ मिटर देखि २८३१ मिटरसम्मको उचाइमा रहेको छ ।

यस भेकमा समशीतोष्ण प्रकारको हावापानी पाइन्छ र यहाँ खाद्यन्न बाली अन्तर्गत धान, मकै, गहुँ, कोदो, जौ, फापर आदि उत्पादन हुने गर्दछन् । नगदेबाली अन्तर्गत तोरी, विभिन्न प्रकारका तरकारी, कफी, मास, मस्याङ, मुसुरो, सिमी, केराउ आदिको उत्पादन हुने गर्दछ । उपर्युक्त विशेषताले युक्त ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेक मै प्रस्तुत अध्ययन क्षेत्र हो र सो क्षेत्रको नक्सा परिशिष्ट -२ मा प्रस्तुत गरिएको छ ।

### २.२.१ सामाजिक अवस्था :

जाततातिका हिसाबले बाहुन र छेत्रीको बाहुल्य रहे पनि तामाङ, दमाई, कामी, मगर, घले, बराम (ब्राहमु) जातिको बसोबास यस क्षेत्रमा रहेको छ । यस क्षेत्रमा बाहुन र छेत्रीको बसोबास सर्वत्र छरिएर रहेको पाइन्छ । तामाङ जातिहरू यस क्षेत्रका सबै गा.वि.स. हरूमा बसेका भए पनि मानिखेल, बुखेल, प्युटार गा.वि.स. हरूमा घना वस्ती बनाई बसेका छन् । यस क्षेत्रका सबै गा.वि.स. हरूमा दमाई र कामीको बसोबास छ तापनि औषत रूपमा एक गा.वि.स. बराबर ५-६ घरधुरी भन्दा बढी पाइँदैन । यस क्षेत्र अन्तर्गत प्युटार गा.वि.स. मा

घलेहरूको बाक्लो बासोबास रहेको छ भने गिम्दी गा.वि.स.मा मगरहरूको र ठुलादुर्लङ गा.वि.स.मा लोपोन्मुख बराम (ब्राह्मु) जातिको सीमित बस्ती रहेको पाइन्छ ।

यस भेकमा विविध जातिहरूको बसोवास रहे तापनि सबैको लवाइ खवाइ वेषभुषाहरूमा समानता रहेको पाइन्छ । बुढापाकाहरूमा भोटो, कछाड, दौरा, सुरूवाल, इस्टकोट आदि लगाउने चलन पाइन्छ भने युवायुवतीहरूका पोशाकमा आधुनिक पोशाक सर्ट, प्यान्ट, कोट, ज्याकेट, कुर्ता, सुरूवाल, फ्रक, सारी, ब्लाउज आदिलाई बढी महत्त्व दिइन्छ । यहाँका बासिन्दाहरूले दैनिक भात, रोटी, ढिँडो तथा अन्य परिकारहरू खाने गर्दछन् । आर्थिक स्रोतको अभावले गर्दा माछा-मासु जस्ता परिकारहरू प्रायः चाडपर्वमा मात्र खाने गरिन्छ । भौगोलिक अवस्था र यातायातको अपर्याप्तताका कारण उकाली ओरालो गर्नु भारी बोक्नु यहाँका निवासीहरूको दिनचर्या नै भएको छ मानिसलाई सुखले कोमल र कमजोर बनाउँछ भने दु:ख र कष्टले कठोर परिश्रमी बनाउँछ, भन्ने उक्तिकै अनुरूप यहाँका बासिन्दाहरू भित्री रूपमा श्रमजीवी, इमानदार, कर्तव्यपरायण हार्दिक र उदार छन् ।

**२.२.२ भाषिक, साँस्कृतिक र धार्मिक अवस्था :-**

यस भेकमा अधिकांश बाहुन, छेत्रीको बसोबास भएकाले नेपाली भाषा नै यहाँ प्रमुख भाषाका रूपमा रहेको छ । मिश्रित रूपमा रहेका यहाँका तामाङ जातिको, नेवार मगर, घले र बराम (ब्राह्मु) जातिमध्ये तामाङ जातिको र नेवार जातिको मात्र आफ्नो मातृभाषा प्रचलित रहेको छ । यस क्षेत्रमा रहेका मगर, घले, ब्राह्मुहरूको आफ्नो मातृभाषा नै नेपाली भइसकेको छ । अन्य भाषाभाषीहरूका कुनै अलग भाषाहरू पाइँदैनन् र सबैले नेपालीको प्रयोग गर्दछन् ।

यहाँका अधिकांश बासिन्दा हिन्दू र बौद्ध धर्म मान्दछन् । हिन्दू र बौद्ध धर्मावलम्बीबिच यहाँ धार्मिक सहिष्णुता रहेको पाइन्छ । दशैं, तिहार, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति, जनै पूर्णिमा, बुद्ध पूर्णिमा, ल्होसार आदि चाड पर्वहरू एक आपसमा मिलेर मनाउने चलन यस क्षेत्रमा रहेको छ । जातजाति अनुसार जन्म, मृत्यु, विवाह संस्कारहरू सबैका आ-आफ्ना प्रकारका छन् ।

यहाँ ब्राहम्ण, छेत्री, मगर, बराम (ब्राहमु) र नेवारहरूले हिन्दू धर्म मान्ने भएकाले जन्म संस्कारका रूपमा न्वारान (नामकरण) गर्दा वैदिक विधि अनुसार पण्डित बोलाएर यज्ञ गरी सम्पन्न गरिन्छ । तामाङ जातिहरू बौद्धमार्गी भएकाले उनीहरूका बालबच्चाहरूको नामकरण आफ्नै आमा बाबुद्वारा गर्ने गर्दछन् । विवाह संस्कार भने अधिकांश मागी विवाह गर्ने चलन यहाँका बासिन्दाहरूमा कायमै छ । यस खालको विवाहमा बाजा बजाएर जन्ती गई हिन्दू पण्डितद्वारा वैदिक विधि अनुसार गरिन्छ भने बौद्ध मार्गीहरूको ताम्बा (किंवदन्ती सम्बन्धी कथा सुनाउने व्यक्ति) द्वारा नवदम्पतीलाई वाचा कबोल गराई सम्पन्न गरिन्छ । आधुनिकताको लक्षणका रूपमा यदाकदा प्रेम विवाह गर्ने चलन पनि यहाँका निवासीहरूमा पाइन्छ । मृत्यु संस्कारमा भने हिन्दुहरू बाह्रदिन उपवास बसेर बौद्विक विधिद्वारा सम्पन्न गर्दछन् भन्ने बौद्धमार्गीहरू लामा झिकाई ध्यावा गर्ने गर्दछन् ।

यहाँ धार्मिक सन्दर्भमा कुनै विवाद पाइँदैन । हिन्दूहरूले मान्ने चाड र बौद्धले मान्ने चाड भनेर चाडपर्वहरू विभाजन गरिएको पाइँदैन । देवस्थलहरूमा प्रवेश गर्ने कुरामा कुनै प्रतिबन्ध छैन । यस क्षेत्रमा स्कन्धपुराणमा उल्लिखित कालेश्वर महादेवस्थल, वैतर्णी धाम (वैतर्णी घाट), महाकालस्थान जस्ता पवित्र देवस्थलहरू गोटिखेल गा.वि.स. मा रहेका छन् । यी देवस्थलहरूमा हरितालिका (तीज), शिवरात्री रामनवमी जस्ता पर्वहरूमा विशेष मेला लाग्ने गर्दछ ।

यस भेकमा विवाह, ब्रतबन्ध जस्ता उत्सवहरूमा पञ्चैबाजा बजाउने चलन छ । पूजाआजाका लागि शङ्खघण्टाको प्रयोग गरिन्छ । दमाईं जातिका मानिसहरूले पञ्चै बाजा बजाएर उत्सवका अवसरमा आसिक दिने प्रचलन यहाँ अझै कायमै रहेको छ । तामाङ जातिको विवाहमा डम्फु बजाउनाका साथै अन्य बाजाहरू पनि बजाउने चलन छ । उनीहरूको मृत्यु संस्कार गर्दा शङ्ख घण्ट र ढयाङ्ग्रो बजाउने चलन पाइन्छ ।

### २.२.३ शैक्षिक तथा साहित्यिक अवस्था

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकको शैक्षिक इतिहासलाई नियाल्दा राणाकालीन समयको स्मरण गर्नु पर्दछ । राणाकालीन समयमा साधारण घरघरायसी लेखापढी (राजीनामा,

तमसुक, चिठीपत्र) का लागि घरमा नै पढेलेखेको व्यक्ति पालेर बालबच्चाहरूलाई शिक्षा दिने चलन रहेको पाइन्छ । त्यतिखेर ब्राहम्णहरूले कर्मकाण्ड सम्बन्धी शिक्षा प्राप्त गर्नका लागि अन्यत्रबाट पण्डित झिकाई रूद्री, चण्डी, दुर्गाकवच जस्ता पुस्तकहरू कण्ठस्थ गराउने गरेको पनि पाइन्छ ।

यस क्षेत्रमा औपचारिक रूपमा वि.सं. २०१७ सालमा स्थापना भएको महाँकाल प्राथमिक विद्यालय नै पहिलो विद्यालय हो । यस विद्यालयले वि.सं. २०३० मा नि.मा.वि., वि.सं. २०३५ मा मा.वि., वि.सं. २०५५ मा उच्च मा.वि. र वि.सं. २०६२ मा बी.एड. स्तरसम्म पठनपाठन सुचारू गरेको छ । यो विद्यालय नै यस क्षेत्रको पहिलो विद्यालय तथा महाविद्यालय हो । यस विद्यालयबाट शिक्षा प्राप्त गरेका जनशक्तिहरूले यस क्षेत्रका अन्य विद्यालयका लागि ९०% शिक्षक आपूर्ति गरेका छन् । साथै सरकारी प्रशासन, इन्जिनियरिङ, चिकित्साशास्त्र आदि क्षेत्रमा पनि यस विद्यालयको उत्पादनले स्थान ओगट्न सफल भएको छ । यस विद्यालयका पूर्व विद्यार्थी मध्ये दुई दर्जन भन्दा बढीले स्नातकोत्तर तह उतीर्ण गरेर आ-आफ्नो कार्यमा संलग्न भइसकेका छन् भने केही विद्यावारिधिका लागि स्वदेशी एवम् विदेशी विश्वविद्यालयमा अध्ययनरत छन् । [५]

महाकाल उ.मा.वि. पछि यस भेकका अन्य स्थानहरूमा पनि वि.सं. २०२० पछि विद्यालयहरू स्थापना भएको पाइन्छ । यसरी स्थापना भएका श्री ५ महेन्द्र मा.वि. ठुलादुर्लङ, जनक नि.मा.वि. गिम्दी, नारायणी मा.वि. गिम्दी, विद्याधीश्वरी आश्राङ, काली देवी उच्च मा.वि. प्युटार, कालीदेवी मा.वि. माल्टा, मगर गाउँ उच्च मा.वि. शङ्खु, महाकाली देवी उच्च मा.वि. भट्टेडाँडा, बुद्ध भगवान मा.वि. मानिखेल, कालीदेवी मा.वि. बुखेल रहेका छन् । पहिले प्रा.वि. स्तरबाट प्रारम्भ भएका हालका मा.वि. उच्च मा.वि.हरूले यस क्षेत्रमा पर्याप्त रूपमा शैक्षिक जनशक्ति उत्पादन गरेर यस क्षेत्रको विकासलाई तीव्रता दिएका छन् ।

---

[५]. श्री महाँकाल उच्च माध्यमिक विद्यालय, ललितपूर, गोटिखेलको अभिलेख ।

मानव समुदायको विकासका साथै संस्कृति र सभ्यताको पनि विकास हुन्छ । यस क्षेत्रमा लेख्य रूपमा साहित्यिक विकास नहुँदा पनि खैंजेडी भजन, श्लोकवाचन, बालुन, लोककथा, लोकगीत आदिको प्रचलन पहिलैदेखि हालसम्म विद्यमान रहेको छ ।

शैक्षिक गतिविधि सँगसँगै यस क्षेत्रमा साहित्यिक गतिविधि बढाउने कार्य विद्यालयहरूले गर्न थालेका छन् । समय-समयमा विद्यालयहरूले कविता, कथा निबन्ध प्रतियोगिताहरू गराएर नवस्रष्टाहरूको जन्म गराएका छन् । स्थानीय स्तरमा सङगठित साहित्यिक प्रतिभाहरूद्वारा वि.सं. २०६२ मा आएर महाँकाल क्याम्पसका प्राचार्य श्री गोविन्दप्रसाद पराजुलीको नेतृत्वमा सुनगाभा साहित्य सदन संस्था ललितपुर जि.प्र.का. मा विधिवत् दर्ता भइसकेको छ । बार्षिक रूपमा 'सुनगाभा' साहित्यिक सँगालो प्रकाशनलाई यस संस्थाले निरन्तरता प्रदान गरेको छ । यस संस्थाको तत्त्वाधानमा वि.सं. २०६६ वैशाख २५ र २६ गते, ललितपुरको गोटिखेलमा ललितपुर साहित्यिक महोत्सव सम्पन्न भएको छ । [६]

यस क्षेत्रकै ठुलादुर्लङ निवासी साहित्य प्रेमी व्यक्तिहरूको सक्रियतामा 'कुसुम कन्दरा' नामक त्रैमासिक साहित्यिक सँगालोको निरन्तर प्रकाशन भइरहेको छ । त्यस्तै गिम्दी निवासी साहित्य स्रष्टाहरूको प्रयासमा 'छहरा' नामक त्रैमासिक साहित्यिक पत्रिकाले पनि निरन्तरता पाइरहेको छ । यसरी यस क्षेत्रको साहित्यिक प्रतिभा प्रष्फुटनका लागि केही संस्थाहरू क्रियाशील रहेका छन् ।

### २.२.४ आर्थिक अवस्था :

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकको अधिकांश भाग दुर्गम क्षेत्रमा पर्दछ । यस भेकका बासिन्दाहरूको प्रमुख पेशा कृषि र पशुपालन रहेको छ । दुध तथा दुग्धजन्य पदार्थ (घिउ, खुवा) उत्पादनका लागि प्रसिद्धि प्राप्त गरेको यस क्षेत्रले, यिनै वस्तुहरूबाट आर्थिक स्तर वृद्धि गरेको छ । कान्तिराजपथ तथा लेले चन्दनपुर मोटर बाटोले गर्दा यस भेकका पहाडी

---

[६]. **सूनगाभा**, साहित्यिक पत्रिका, (ललितपूर: सूनगाभा साहित्य सदन, २०६५) पृ. ४ ।

गा.वि.स.हरूमा दुध, दुग्धजन्य पदार्थ तथा विभिन्न किसिमका तरकारीहरू काठमाडौंको बजारसम्म ल्याउन मद्दत पुगेको छ । यिनै उत्पादित बस्तु बिक्रीबाट कृषकहरूको आयस्तरमा सुधार भई आफ्ना बालबच्चाहरूलाई उच्च शिक्षा प्रदान गर्न यहाँका बासिन्दा सफल भएका छन् ।

यस भेकमा खाद्यान्न बाली अन्तर्गत धान, मकै, कोदो, फापर आदि उत्पादन हुन्छ । उत्पादित खाद्यान्न बालीले यहाँका बासिन्दाहरूको खाद्य पदार्थको खाँचो टारेको छ । यस भेकमा उत्पादित नगदे बाली अन्तर्गत केराउ, सिमी, भटमास, मास, बोडी, तोरी, कफी आदि उत्पादन हुन्छ । यिनै उत्पादित गेडागुडी तथा औद्योगिक बालीबाट पनि यहाँका कृषकहरूको प्रतिव्यक्ति आय बृद्धि हुन थालेको छ । ठुलादुर्लुङ, गिम्दी, आश्राङ, प्युटार गा.वि.स. हरू रहेको क्षेत्र कफी क्षेत्रको रूपमा चर्चित छ । यस भेकका बासिन्दाहरू बर्षमा २-४ हजारदेखि लाखौं रूपैयाको कफी बिक्री गर्दछन् । कफी उत्पादनले यस भेकको आयस्तरमा नाटकीय परिवर्तन गराएको छ । शैक्षिकस्तर बृद्धि गर्नका लागि पनि यसले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

शैक्षिक विकासका कारण यहाँका मानिसहरू शिक्षक, प्राध्यापक, सरकारी नोकरी आदि क्षेत्रमा संलग्न भएको पाइन्छ । यसबाट पनि यस भेकका मानिसहरूको आयस्तरमा धेरै टेवा पुगेको छ । युववर्गमा वैदेशिक रोजगारका लागि विदेश जाने परम्परा पनि यहाँ सुरू भएको छ । यसले गर्दा विदेशी मुद्रा आर्जन भई आर्थिक अवस्था सुधार भएको स्थिति देखिन्छ । [७]

---

७. **ललितपूर, जिल्लाको चौमासिक बूलेटिन**, पूर्ववत्, पृ. १० ।

## अध्याय - ३

## लोकसाहित्यको एक विद्याका रूपमा लोककथा

### ३.१ विषय सन्दर्भ

"लोक" शब्दमा "घञ्" प्रत्यय जोडिएर "लोक" शब्दलाई नेपाली शब्दकोशले, समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समुदाय वा जस समुह हो । भनेर अर्थ्याएको छ । [८] यही लोकको कथा नै लोककथा हो ।

लोककथा लोक साहित्यको आख्यानयुक्त गद्य विधा हो । लोककथा लोकसाहित्यसँग सम्बन्धित हुने हुनाले यहाँ लोक साहित्यको चर्चा गर्नु सान्दर्भिक ठहर्छ । लोकसाहित्य 'लोक' र 'साहित्य' दुई शब्दहरूको मिलनबाट निर्मित समासयुक्त पदावली हो । लोकसाहित्य कसैको निजी सम्पदा वा पेवा नभई जनजीवनमा प्रचलित साहित्य हो । लोक साहित्य लोक जनजीवन प्रचलित साहित्य हो । लोक साहित्य लोक जनजीवनमा यत्रतत्र छरपस्ट भएर रहेको हुन्छ । सुप्रसिद्ध लोक साहित्य अन्वेषक धर्मराज थापा र हंसपुरे सुवेदीका अनुसार "लोकसाहित्य एक जीवन साहित्य हो । यसले मानवको लोकजीवनका अभिव्यक्तिबाट अर्काको मनोरञ्जनका निम्ति अमूल्य अभिव्यक्ति प्रकट गर्दछ ।"[९]

लोकसाहित्य लोक संस्कृतिको अभिन्न अङ्ग हो । यसले लोक जीवनस्तरीय भोगाइको बृहत् परिवेशलाई आत्मासात् गरेको हुन्छ । कुनै पनि राष्ट्रले आफ्नो पहिचानको अभिव्यक्ति गर्नु पर्दा आफ्ना परम्परागत विशेषता, जातीयता, राष्ट्रिय र स्वाभिमान जस्ता विविध आधारमा आफ्नो संस्कृतिका विविध पक्षको अभिव्यक्ति दिइरहेको हुन्छ ।

---

१. बालकृष्ण पोखरेल र अन्य, **नेपाली बृहत् शब्दकोश** , (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४०), पृ. ११८८ ।

२. धर्मराज थापा र हंसपूरे सूवेदी, **नेपाली लोक साहित्यको विवेचना** (काठमाडौं : त्रि.वि.पा.पा. वि. केन्द्र २०४१) पृ.     ।

वसन्तकुमार शर्माअनुसार लोक व्यवहारमा प्रचलित साहित्य लोक लोकसाहित्य हो । [१०] यस किसिमका लोकसाहित्यमा लोक प्रतिभा, आन्तरिक अनुभूति र हृदयका उद्‌गार स्वतः स्फूर्तरूपमा प्रकट भइरहेका हुन्छन् । लोक साहित्य शास्त्रीय नीति नियमबाट मुक्त अभिव्यक्ति हो । यो स्वतन्त्ररूपमा दीर्घकालसम्म जीवित रहिरहन्छ । यसरी लोक साहित्यमा स्रष्टाहरूका अनुभूतिहरूमा लोक जीवनकै पीरमर्का, आँसु-हाँसो दुःख-सुख, मिलन-बिछोड तथा विरह व्यथा र वेदनाहरू सरल भाषामा अभिव्यक्त भएको पाइन्छ ।

यसकारण लोकसाहित्य लोकजीवनमा नै प्रष्फुटित हुने, हुर्कने, मौलाउने र त्यही अन्तनिर्हित एवम् जीवित रहने हुनाले लोक जीवन र लोकसाहित्य बीच अति घनिष्टताका साथै अभेद्य सम्बन्ध गाँसिएको हुन्छ ।

लोकजीवनमा लोकसाहित्यको महत्त्वपूर्ण प्रभाव परेको हुन्छ । मानव सभ्यताको विकास सँगसँगै मानव इतिहासको प्रारम्भ भयो । मानव सभ्यतासँगै जन्मिएर लोकजीवनमा हुर्कदै आएको “लोकसाहित्य” लोकजीवनका अतिरिक्त अन्यत्र, हुर्कन बढ्न र मौलाउन सक्दैन । लोकसाहित्यलाई लोकजीवनले नै जन्माएको हुर्काएको र बढाएको हुनाले सर्वत्र मौलाएको छ र जीवित पनि छ । जबसम्म संसारमा मानव इतिहास जीवित रहन्छ, तबसम्म लोकसाहित्य पनि लोकजीवनको ढुकढुकीको रूपमा अमर रहिरहन्छ । आज हरेक प्रकारको मानव समुदाय अथवा लोकजीवनको ढुकढुकीको रूपमा लोक साहित्य रहेको छ ।

**लोक साहित्यका विभिन्न विधाहरू छन् ।**

लोकसाहित्य जस्तो व्यापक र बृहत् विषयलाई विधागत अध्ययन गर्न कठिन भए तापनि लोक साहित्यका विभिन्न अध्येयताहरूका अध्ययनका आधारमा यसको वर्गीकरण र विश्लेषण हुर्दै आएको पाइन्छ । नेपाली लोक साहित्यको सन्दर्भमा हेर्ने हो भने यसका अध्येताहरूले लोक साहित्यलाई मूलतः पाँचवटा विधामा वर्गीकरण गरेको पाइन्छ । त्यसअनुसार लोकगीत, लोककथा, लोकगाथा लोकनाटक र लोकोक्ति लोकसाहित्यका विधाहरूभित्र पर्दछन् । यहाँ क्रमश चर्चा गर्नु प्रासङ्गिक हुनेछ ।

---

[३]. वसन्तकूमार शर्मा नेपाल, **नेपाली शब्दसागर** (काठमाडौं : भाभा पूस्तक भण्डार चावेल, २०६१), पृ.११७५ ।

### ३.२ विधागत पहिचान

### ३.२.१. लोकगीत

लोक साहित्यका विविध विधाहरू मध्ये लोकगीत पनि एक महत्त्वपूर्ण लोकसाहित्यिक विधा हो । परापूर्व कालदेखि नै लोकजीवनमा फुर्सदको समयमा होस या मेलापात, सुख-दुःख वैराग्य होस् वा खुसियालीमा लोकगीत सहज र स्वतः स्फूर्तरूपमा एकल, युगल वा दोहोरी रूपमा गाइने अत्यन्त मनोरञ्जनपूर्ण विधाको रूपमा चिरपरिचित छ । नेपाली वृहत शब्दकोषका अनुसार मानव समाजमा परम्परा देखि गाईदै आएका लोकभाकाहरू नै लोक गीत हुन । [११] त्यस्तै वसन्त कुमार शर्मा नेपालका अनुसार जनतामा पराम्परादेखि गाइँदै चल्दै आएको मधुरगीतलाई लोकगीत भनिएको छ । [१२]

लोकगीत लोकजीवनको सार्वजनिक सम्पदा हो । यो कसैको व्यक्तिगत सम्पत्ति हुन सक्दैन । लोकगीत अन्य विधाका तुलनामा सजीव र सम्पन्न विधा पनि हो । मानव जीवनका अनुभूतिबाट प्रस्फुटित तीता-पीरा अनुभव, दुःख सुखका सुसेली थकाइमेटाउने तथा न्यास्रोपनमा मन भुल्याउने साधनको रूपमा मानवको अभिन्न मित्र बन्दै आएको लोकगीत कर्णप्रिय, मधुर र गयात्मक लोक साहित्यिक विधा हो । जति गाए पनि, जति सुने पनि वितृष्णा पैदा नुहुने लोकगीत मानव जीवनको रागात्मक अनुभूतिको उत्तम साधन हो । लोकगीत समाजमा अपठित अज्ञानी एवम अभावपूर्ण जीवनयापन गर्ने ग्रामीण नर-नारी अन्तस्करणको सहज अभिव्यक्ति हो । [१३] अतः मानव जीवनसँग सम्बद्ध लोकगीतको संयोगको वेला होस् या वियोगको वेला, कामको वेला होस् या फुर्सदको वेला, शान्तिको वेला होस् या युद्धको वेला सदैव यसले लोकजीवनलाई साथ दिएर प्रभावित पारिरहेको हुन्छ । यसले उमेर र लिङ्गको हदबन्दी लगाउँदैन । के बाल के वृद्ध, के महिला, के पुरूष सबैका निम्ति लोकगीत उत्तिकै प्रिय हुन्छ । यसकारण लोकगीत लोक साहित्यको महत्त्वपूर्ण विधा हो । लोकगीत कुनै पनि देश, समाज र

---

[४]. बालकृष्ण पोखरेल र अन्य, पुर्ववत् पृ. ११८८ ।

[५]. वसन्तकूमार शर्मा नेपाल, पुर्ववत् पृ. ११७४ ।

[६]. वासूदेव त्रिपाठी, **सिंहावलोकन** (काठमाडौं: एकता प्रकाशन, २०५५) पृ. २५ ।

जातिको गेयात्मक अभिव्यक्ति आउने ठूलो सांस्कृतिक सम्पत्ति मानिन्छ ।[१४] जीवनजगतका तरलतम भाव, तदनुरूपको कोमल भाषा र विशिष्ट लय लोकगीतका प्रमुख तत्व हुन् । [१५] भावका प्रबलताका कारण लोकगीत सुन्दासुन्दै कतिपय मान्छेमा तुरून्त हाँसो वा आँसु देखापर्न थाल्दछ । त्यसैले भावनाको प्रवाह र संयोगलाई लोकजनित लयात्मक अभिव्यक्ति प्रस्तुत गर्दै जाने कलाका रूपमा लोकगीत परिचति छ ।[१६]

### ३.२.२. लोकगाथा

'लोक' र 'गाथा' शब्दहरू मिली बनेको समस्त शब्द 'लोकगाथा' हो । लोकगाथा लोकसाहित्य अन्तर्गतको अति प्राचीन विधा हो । लोक गाथा शब्द अङग्रेजीको 'व्यालेड' का हाराहारीमा नेपालीमा प्रचलित देखिन्छ । वसन्त कुमार शर्मा नेपालका अनुसार जनतामा कहिले -कहिले देखि चलिरहेको शृङखलाबद्ध कथा भएको गीत, सवाई आदि लोकगाथा हो । [१७] नेपाली बृहत् शब्दकोशका अनुसार परम्परादेखि लोकले मुखै मुख गाउँदै आएको नृत्य र कथात्मकता समेत विद्यमान रहेको, राष्ट्रिय गौरव वा वीर चरित्र महत्त्वपूर्ण घटनाको बखान गर्ने शृङखलाबद्ध विशेष गीत नै लोक गाथा हो । [१८]

कुनै पनि वर्णनात्मक वा ऐतिहासिक प्रसङ्गलाई आधारशिला बनाई ईश्वरप्रति वन्दना र भक्तिभाव पोखिएका महिमा वर्णन गरिएका अनि तत्कालीन समयका वीर तथा महान् व्यक्तिका क्रियाकलापमा विचरित वर्णनात्मक रूपका लामा आख्यानात्मक लोकगीत पाराका लयहरू नै

---

[७]. कृष्णप्रसाद पराजूली "सोरठी नाट्यगाथा" (**विन्दू** २४ : ८८, ८९, ९०, २०५१), पृ. २ ।

[८]. राजेन्द्र सूवेदी 'नेपाली लोकगीतमा प्रगतिवादी चेतना' (**प्रलेस** ४:८, २०५४), पृ. ४ ।

[९]. जीवेन्द्रदेव गिरी, **लोकसाहित्यको अवलोकन** (काठमाडौं : एकता प्रकाशन, २०५७), पृ. २५ ।

१०. वसन्त कुमार शर्मा नेपाल, पूर्ववत्, पृ. ११७४ ।

[११]. बालकृष्ण पोखरेल र अन्य, पूर्ववत्, पृ. ११८८ ।

[१२]. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ४७ ।

गाथा हुन् । [१९] लोकगाथाको विषयवस्तु ऐतिहासिक घटना वा धार्मिक एवं कुनै राज महाराजा तथा महान् पुरूषहरूको क्रियाकलापमा आधारित हुन्छ । [२०] लोकसाहित्यमा कथातत्व, गीतितत्व र लोकअभिव्यक्तिको समिश्रणले लोकगाथा कहलाउने अवसर पाएको छ । लोकगाथामा प्रेम, शोक वीरता, भक्ति आदिका भाव सरल र मार्मिक भाषामा प्रकट भएका हुन्छन । [२१] यसका साथै लोकनृत्य गाथा र लोक नाट्य गाथालाई नृत्य, सङगीत, अभिनय, संवाद आदिले पनि जीवन्त बनाउन योगदान हुन् । त्यसैले लोकगाथा मानव हृदयबाट प्रस्फुटित भावार्द्रता, मानव जीवनसँग सम्बन्धित घटना, सङगीतको स्वर एंव लयात्मक समाञ्जस्यको चौतारी बनेका हुन्छ । [२२] खास गरी पुर्खाको महिमाको स्मृतिमा जातीय जागरण ल्याउने र जातीय गौरवमय स्वाभिमानलाई बाच्य राख्ने क्रममा गाइने यथार्थ जीवनको मार्मिक उपाख्यान नै लोक गाथा हो । [२३] लोकगाथालाई कतिपय विद्वानहरूले प्रबन्धगीत, लोककाव्य तथा वर्णनात्मक गीतकानामले समेत पुकारेका छन् । [२४] जेहोस महान् व्यक्ति वा महान् कार्य वा लोकपर्वको वर्णन तथा महत्त्वलाई झल्काउने लोक अभिव्यक्ति लोकगाथा हो, जो सीमित घेरामा बाँधिन नसकी स्वतन्त्र रूपमा उन्मुक्त भई विस्तारित भएको हुन्छ । पुर्खाको वीरताको गाथा सुनाएर तथा देवगाथा सुनाएर भावी सन्तानलाई सत्चरित्र र सत्मार्गमा लैजाने उद्देश्यले लोकगाथा रचित हुन्छ । अतः समग्रमा लोकमानसका परम्परा, निष्ठा वा सांस्कृतिक अनुष्ठानसँग सम्बन्धित रही लोकस्तरमा जीवित रहिआएको लामो आकारको आख्यानात्मक लोककथा नै लोक गाथा हो ।

---

१३. जीवेन्द्रदेव गिरी, पूर्ववत, पृ. २४ ।

[१४]. जीवेन्द्रदेव गिरी, पूर्ववत, पृ. २६ ।

१५. मोतीलाल पराजुली, **नेपाली लोककथा** (पोखरा : श्रीमती तारादेवी पराजुली, २०४९), पृ. ३१ ।

[१६]. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ४७ ।

[१७]. ऐजन, पृ. ४८ ।

### ३.२.३ लोकनाटक

लोकनाटक श्रव्य-दृश्य संयुक्त अभिनयात्मक विधा हो । लोक साहित्यिक विभिन्न विधाहरू मध्ये लोकनाटक पनि एक महत्त्वपूर्ण विधाका रूपमा परिचित छ । लोकनाटक लामो परम्पराबाट विकसित हुँदै आएको छ । भरतमुनि (इ.पू. ३००) ले नाट्यशास्त्र नै तयार पारेका हुनाले लोकजीवनमा यसको अस्तित्व उनी भन्दा पहिले देखिनै रहँदै र आएको प्रमाणित हुन्छ भरतले नाटयशास्त्रमा नाटकलाई 'पञ्चम वेद' का रूपमा चर्चा गरेका छन् । [२५] ऋग्वेदवाट पाठ, सामवेदबाट गीत, यजुर्वेदबाट अभिनय र अर्थर्ववेदबाट रसलाई लिएर यसको निर्मण भएको कुरा नाट्यशास्त्रमा उल्लेखित छ । गाउँघरका चौतारीमा वा सहरबजारका डवलीमा देखाइने परम्परागत नाटकलाई 'लोकनाटक' भन्दछन । [२६] लोकनाटकको तत्वका रूपमा कथानक, संवाद, पात्र, अभिनय, भाषा आदिलाई लिन सकिन्छ । [२७] यिनै गीत-सङगीत, नृत्य, अभिनय एवम्, घटना संवाद जस्ता तत्वहरूको समिश्रण हुने हुनाले यी मनोरञ्जनपूर्ण हुन्छन् । लोकनाटकमा अभिनयकर्ताहरूले प्रयोग गर्ने भाषा, संवाद तथा वेषभूषा कृत्रिम र आडम्वरयुक्त नभई लोक स्तरकै सरल स्वाभविक हुन्छन् यस्ता नाटकहरू कुनै दन्त्य कथामा वा कुनै पौराणिक कथाको घटनामा आधारित हुन पनि सक्छन् । [२८] सामाजिक रीति र नैतिक बन्धनले गर्दा प्रायः पुरूष पात्रले नै लोकनाटकमा भाग लिन्छन् । यस्ता नाटकहरूमा महिलाको भूमिका पनि पुरूष पात्रले निर्वाह गर्दछन् । पुरूषहरू महिलाको वेषभूषामा सिंगारिएर अभिनय गर्दछन् । लोकनाटकमा हास्यव्यङ्को प्रस्तुति गरिन्छ । लोकनाटकमा लाहुरे, जोकर, ढँटुवारे आदि हास्यपात्रले नाटकलाई रोचक एवम् मनोरञ्जनात्मक तुल्याएको हुन्छन् । लोकनाटकमा सामान्य हली, गोठाला, खेताला, माग्ने, चोर, व्यापारी, घाँसे, किसान आदि देखि राजा महाराजा रानी

---

१८. भोविन्दप्रसाद भट्टराई , **भरतमुनिको नाटयशास्त्र,** ( काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३९), पृ. १३ ।

[१९]. जीवेन्द्रदेव गिरी, पूर्ववत् , पृ. २७ ।

[२०]. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत, पृ. ३४९ ।

२१. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत, पृ. ३५७ ।

महारानीसम्म नायक नायिकाहरूको चयन गरिएको हुन सक्छ । आधुनिक नाटकको प्रारम्भ पनि लोकनाटकबाट भएकोले यसको विकासमा लोकनाटकको महत्त्वपूर्ण योगदान रहेको छ । अतः समग्रमा लोकद्वारा सिर्जना गरिएको रचनालाई सङगीत-गीत र अभिनय सहित निश्चित पात्रहरू चयन गरेर प्रदर्शन गरिने विधा नै लोकनाटक हो ।

### ३.२.४ लोकोक्ति

लोकोक्ति भित्र उखान, टुक्का र गाउँखाने कथा पर्दछन । [२९] तिनको बेग्लाबेग्लै रूपमा तल वर्णन गरिएको छ ।

#### ३.२.४.१ उखान

लोकसाहित्यिक विधाअन्तर्गत पर्ने एक महत्त्वपूर्ण उक्ति चमत्कारात्मक विधा हो । यो लोकजीवनको अमूल्य सम्पदा हो । सामन्यतया उखान टुक्कालाई एउटै रूपमा हेर्ने प्रचलन भए पनि यी दुवैमा पाइने अर्थगत भिन्नताका कारण बेग्लाबेग्लै अर्थ प्रकट हुन्छन् । नेपाली भाषामा उखानलाई लोकोक्ति पनि भन्ने गरिन्छ । जे होस् उक्तिहरू हाम्रा अनुभवी पुर्खाका महावाणी हुन्, जुन पुर्खाले आफ्ना सन्तानका लागि छाडेर गएका अमूल्य लोक सम्पत्ति मानिछन् । [३०] उखानले वास्तवमा स्वतन्त्र रूपमा प्रयोग भएर भाषालाई रोचक र रसिलो पार्दछ । घुमाउरो पाराले भन्ने कुरालाई संक्षिप्त र सूत्रबद्ध रूपमा व्यक्त गर्ने भाषिककला नै उखान हो । अझ स्पष्ट रूपमा उखान भन्नाले लोकले मान्यता दिएका भलादमीहरूका अनुभवजन्य र सारगर्भित उक्ति भन्ने बुझिन्छ । जसलाई पूर्वजहरूबाट प्राप्त लोकसम्पत्तिका रूपमा मानिसले ग्रहण गर्दै आएको हो । [३१] गहन सजीवन, सरल र संक्षिप्त हुनु उखानका विशेषता हुन् । [३२] जनजीवनमा उखान कति रिझेभिजेका र रचिएका हुन्छन् भने तिनका माध्यमले गरिने घोचपेच, उपहास

---

२२. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. २८ ।

२३. कृष्णदेव उपाध्याय, पूर्ववत्, पृ. १७४ ।

२४. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ४११-४१५ ।

२५. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. २९ ।

आदि पनि सहज ठानिन्छन् । बोलीचालीमा उखानको प्रयोग गरिँदा अभिव्यक्ति अत्ति घतलाग्दो बन्दछ । त्यसैले त साहित्यकारहरू पनि उखानको प्रयोग गर्नका लागि तँछाड मंछाड गरिहरेका देखिन्छन् । यी चुट्किला र गहकिला उक्ति सामाजिक निर्देशन, शिक्षा दृष्टान्त उपमा आदिका रूपमा सूत्रबद्ध भएर प्रयोग हुन्छन । [३३] लोकका विश्वास र नीति चेतना, सामाजिक रीतिथिति, संसारिक ज्ञान, कृषि व्यवसायका विविध पक्ष, भौगोलिक-प्राकृतिक अवस्था, पशुपंक्षी र जीवजन्तु, इतिहास र घटना आदिसँग सम्बन्धित विषयवस्तुहरू उखानसँग गाँसिएका हुन्छन् ।

### ३.२.४.२ टुक्का

टुक्का पनि लोकजीवनकै अनुभूतिको तीक्ष्ण र संक्षिप्त अभिव्यक्ति हो । भाषामा उखानको जति महत्त्व छ त्यतिकै टुक्काको पनि महत्त्व छ । टुक्का भन्नाले खास-खास पदहरूको मिलनबाट निर्मित विशिष्ट वा लाक्षणिक पदावली भन्ने बुझिन्छ । [३४] नेपाली बृहत् शब्दकोशले टुक्काको अर्थ अभिधात्मक भन्दा भिन्न अर्थ बुझाउने अभिव्यञ्जना वा लक्षणा भएको पद वा पदावली भन्ने उल्लेख गरेको छ । [३५] भाषा टुक्काको प्रयोगले गर्दा वाक्य अत्यन्तै सरल, सशक्त, रोचक तथा कलात्मक समेत बन्न पुग्छ । टुक्काले सोझो अर्थ नबुझाएर लाक्षणिक अर्थ बोध गराउँदछ । जिब्रो टोक्नु भन्दा साँच्चै नै जिब्रो टोकिएर रगत चुहिनु नभई देहान्त हुनु भन्ने अर्थ वोध हुनाले टुक्का अति रोचक एवं लाक्षणिक हुन्छ । यस्ता टुक्काहरू लोकोत्तिको हाराहारीमा आउने विशेष अभिव्यक्ति भएकोले लेख्य भाषाको प्रयोगमा र प्रकटीकरणमा यिनीहरूको विशेष योगदान देखिन्छ । [३६] समग्रमा टुक्का भाषिक चमत्कार ल्याउने कथ्य एवं लेख्य भाषामा प्रयोग हुने पदावली तहको व्यञ्जनात्मक उद्‌गार हो भन्न सकिन्छ ।

---

२६. मोतीलाल पराजुली, पूर्ववत्, पृ. २० ।

२७. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. २९ ।

२८. बालकृष्ण पोखरेल र अन्य, पूर्ववत्, पृ. ७७४ ।

२९. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ४१५ ।

### ३.२.४.३ गाउँखाने कथा

लोकसाहित्यका अन्य विधाजस्तै गाउँखाने कथा पनि स्थानीय परम्पराको प्रतिनिधित्व गर्ने लोक विधा हो । गाउँखाने कथा बेलुकीपख घर आँगनमा जम्मा भएर फुर्सदको वेलामा प्रश्नोत्तरको रूपमा प्रस्तुत गरिने रोचक एवं कौतूहल पैदा गराउने विधा हो । कथावाचकले प्रश्नका रूपमा कथा हाल्ने र श्रोताले उत्तर दिन नसकेमा गाउँ दिनुपर्ने परम्परा यस विधाको विशेषता हो । प्रश्नकर्ताले गाउँलिने वा गाउँखाने प्रचलन भएकोले यसको नामकरण गाउँखाने कथा राखिएको हो । गाउँखाने कथालाई नेपालीमा पहेंली पनि भनिन्छ । नेपाली भाषाका विभिन्न भाषिकाहरूमा यसका निम्ति "जान्ने कथा" 'अड्को,' 'कथा कथा', 'साइतर' 'सास्तर', 'कठ्यौरा' , 'घाउटा', भ्याँगा वा भिट्टा जस्ता नाम पनि प्रचलित छन । [३७] मोतीलाल पराजुलीले गाउँखाने कथालाई बुद्धिपरीक्षण वा मनोरञ्जनका निम्ति आउने रूपकको सूक्ष्मतम रूप भनेर [३८] परिभाषित गरेका छन भने चूडामणि बन्धुका अनुसार गाउँखाने कथाले व्यक्तिलाई आफ्ना बुद्धिको प्रयोग गरी समस्या समाधानका उपायहरू पहिल्याउन सक्ने बौद्धिक हाँकको सामना गरी प्रतियोगितामा पार हुन सक्ने र विश्लेषण शक्तिलाई तिखार्न सक्ने बनाउँछन । [३९] यसरी नै विक्रमदित्य मिश्रले यसलाई रूपक, श्लेष तथा अन्योक्तिहरूद्वारा थोरै शब्दमा अभीष्टार्थ गोपनको सूत्रात्मक एवं रोचक शैली भनेका छन् । [४०] गाउँखाने कथाका लागि प्रस्तोत र श्रोता अर्थात् प्रश्नकर्ता र उत्तरकर्ता हुनुपर्दछ । प्रश्नकर्ताले कथा सोध्ने र उत्तरकर्ताले उत्तरदिने  पर्दछ । जवाफ दिन नसकेमा जवाफकर्ताले गाउँ दिनुपर्दछ र उत्तरकर्ताले नानाथरी फलाक्दै उत्तरकर्तालाई जिल्ल पारेर गाँठो फुकाएर कौतूहल मेटाइदिन्छ ।

यसमा बौद्धिकता परीक्षण गर्ने, मान्छेलाई अल्मल्याउने कला हुन्छ । लोकमानसको जीवन भोगाइ, सामाजिक सत्यतालाई कलात्मक प्रश्नको छरितो र सही उत्तर तत्काल दिने प्रवृत्ति गाउँखाने कथामा पाइन्छन् । यसरी ज्ञान र अनुभवमा कल्पनासमेत मिश्रण गरी सिर्जना

---

३०. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. ३० ।

३१. मोतीलाल पराजुली, पूर्ववत्, पृ. १७६ ।

३२. चूडामणिबन्धु, पहेंली (**कुञ्जिनी**, ५:४ २०५४) पृ. ७२ ।

३३. विक्रमाद्धित्य, **पहेंलीकोश** (पटना : विहार राष्ट्रभाषा परिषद, २०३८), पृ. १ ।

गरिएको घुमाउरो चुडकिला गाउँखाने कथामा पाइन्छ । यसरी गाउँखाने कथा बुद्धिविकासको माध्यम बनेको छ । गाउँखाने कथामा जीवन र जगत्का विविध कुराहरू भेटिन्छन् । ती कुराहरू प्रकृति, मानव, पशुपन्छी, वनस्पति, घरव्यवहार खेतीपाती र अन्य विभिन्न कार्य व्यवसायसँग सम्बन्धित हुन्छन् । गाउँखाने कथा गद्यका अतिरिक्त पद्यामा पनि फेला पर्दछन् । कुनै कुरालाई रहस्य वा गर्भमा छिपाएर बौद्धिकताको चमत्कार देखाइने यो लोकसाहित्यिक विधा अलङ्कार र प्रतीक प्रयोगका दृष्टिले विशेष महत्त्वपूर्ण छ । [४१]

### ३.२.५ लोककथा

#### ३.२.५.१ परिचय

लोककथा लोकजीवनको सुख-दुःखको अनुभूतिलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्ने एक प्रभावकारी लोक साहित्यिक विधा हो । निकै पहिलेदेखि चल्दै वा चल्ती हुँदै आएका कथा, जनताको मुख-मुखै सुन्न पाइने कथा वा दन्ते कथा ‘लोककथा हो । [४२] लोककथालाई कथा दन्तेकथा ‘बात’ र ‘सास्तर’ पनि भनिन्छ । [४३] यसको भन्ने सुन्ने परम्परा ज्यादै पुरानो मानिन्छ । त्यसैले लोककथालाई संसारका समस्त कथा साहित्यको जनक पनि मानिन्छ । [४४] जीवनका सुख-दुःख उकाली ओराली, घाम-छायाँ, हारजित, घटना-दुर्घटना आदिबाट गुज्रदै मान्छेले सृष्टिकालदेखि वर्तमान समयसम्मको यात्रा पूरा गरेको छ । यसक्रममा ऊ कहिले शोकाकुल भएर रूँदै र सुँक-सुँकाउदैं, कहिले खुसीले नाच्दै, गाउँदै र उफ्रँदै, कहिले प्रेमसागरमा पौडँदै, कहिले वीरताका भावना पोख्दै, कहिले घृणाका ज्वाला ओकल्दै आएको छ । यसै सिलसिलामा मानिसले अनन्त कल्पनाका उचाइ र गहिराइ चुम्ने प्रयास पनि गरेको छ । यी विविध अवस्थाहरूमा मनभित्र खेल्ने अनेक कुराहरू परापूर्व कालदेखि नै मौखिक परम्परामा हुर्कदैं आएको पाइन्छ त्यसैले ठिकै भनिएको छ । परम्परासँग जोडिएको लोकमानसको तत्व

---

३४. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. ३१ ।

३५. बसन्त कुमार शर्मा नेपाल, **नेपाली शब्दसागर** (काठमाडौं: भाभा पुस्तक भण्डार, २०५७), पृ. ११७४ ।

३६. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. २४ ।

३७. कृष्णदेव उपाध्याय, **लोकसाहित्यको भूमिका** (ते.सं. इलाहावाद : सा. भ. प्रा. लि.), पृ. २५ ।

वोकेको मौखिक कथा नै लोककथा हो । [४५] यसप्रकारका अभिप्राय बोकेका लोककथामा उपयुक्त मानव तथा मानवेत्तर पात्रहरूले श्रोतावृन्दलाई विमुग्ध पारी आफूतर्फ आकर्षण गर्दै काल्पनिक संसारमा पुऱ्याइरहेका हुन्छन् । नेपाली लोककथाहरू एकादेशबाट थालनी गरी सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला भन्ने वेलामा खुरूक्क आइजाला भन्दै अन्त्य गरिएको हुन्छ । लोककथा बसिबियाँलोका वेलामा कथा वाचक र श्रोताबीच मनोरञ्जनात्मक वातावरण भएको पाइन्छ । प्रायजसो लोककथा जति वेला, जहाँ पायो त्यहीं भनिदैनन् विशेष गरी साँझपख दाम्लो बाट्ने, कुच्चो बाँध्ने, बत्ती कात्ने, मकै नङग्याउने मकै छोडाउने जस्ता घरेलु कामहरू गर्दा घरको आँगन, पिँढी, अगेनाको डिलमा बसेर आगो ताप्दा श्रोताहरू जुटाई विभिन्न हाउभाउका साथ कथावाचन गरिन्छ । खास गरी बुढापाकाहरूले स-साना केटाकेटीहरूलाई मनोरञ्जन प्रदान गर्न खेतबारीको कामपछि आराम गर्दा लोककथा भन्ने प्रचलन छ । लोककथाले मनोरञ्जन दिलाउनका साथै विभिन्न नैतिक सन्देश दिने कार्य समेत गर्ने हुनाले कथा भन्ने र सुन्ने प्रचलन हालसम्म पनि प्रायः ग्रामीण क्षेत्रहरूमा जीवितै छ । लोकगीत पद्यात्मक हुन्छ भने लोककथा गद्यात्मक हुन्छ । [४६] लोक कथा गद्यात्मक र सामाजिक संस्कृति अनुरूप परिवर्तनशील हुन्छ । [४७] यसले परम्पराको निर्वाह मात्र नगरेर परम्पराको निर्माण पनि गर्ने गर्दछ । [४८] त्यसैले लोककथात्मक ऊर्जालाई सामजिक परिवतितकाल लागि पनि उपयोग गर्न सकिन्छ । कतिपय लोक कथाका बीचमा लयात्मक स्वर वा श्लोक घुसाउने परम्परा पनि कत्थकेहरूले निर्वाह गर्दछन् । [४९] मौखिक परम्पराले गर्दा ठाउँ-ठाउँमा एउटै लोककथाका अनेक पाठ्यभेदहरू फेला पर्दछन् ।

---

३८. धीरेन्द्र बर्मा र अन्य, **हिन्दी साहित्यकोश**, (वाराणसी : ज्ञान मण्डल लिमिटेड, भाग १, १९८५), पृ. ७४ ।

३९. धर्मराज थापा, **गण्डकीका सुसेली**, (काठमाडौं : ने.रा.प्र.प्र., २०३०), पृ. १४ ।

४०. धर्मराज थापा र हंसपुरे सुवेदी , पूर्ववत्, पृ. ३३३-३४६ ।

४१. रामहरि पौडेल, "नेपाली लोककथामा प्रगतिवादी तत्त्व" (**प्रलेस**, ४:८), पृ. २ ।

४२. तुलसी दिवस, **नेपाली लोककथा केही अध्ययन** (काठमाडौं, ने.रा.प्र.प्र, २०३३), पृ. १४ ।

समग्रमा लोकजीवनका सुख-दुःख समवेदना, आस्था, विश्वास, रीतिरिवाज धर्मसंस्कृति आदिसँग सम्बन्धित घटनाहरूको आख्यानात्मक अभिव्यक्ति नै लोककथा हो र गद्यात्मकता र वर्णनात्मकता नै यसको मूल स्वरूप हो । लोककथा लोकसाहित्यको श्रव्यरूपमा आउने आख्यानात्मक विधा हो । यस विधाले श्रुतिमधुर कथाद्वारा लोकसाहित्यमा आफ्नो छुट्टै महत्त्व राखेको छ । कामकाजबाट फुर्सद पाएपछि साँझको बेला जुनेली रातमा आँगन पिंढीमा बसेर वसिवियालो गर्न कथा भन्ने र सुन्ने चलन लोकजीवनमा प्रशस्त पाइन्छ । यसरी परापूर्वकालदेखि मौखिक रूपमा गाउँ बस्तीमा भन्दै आउने गरिएको मनोरञ्जनात्मक तथा शिक्षाप्रद कथा कुथुङ्ग्रीलाई नै लोककथा भनिन्छ । विभिन्न क्षणहरूमा मनभित्र खेल्ने अनेकन कुराहरू कार्यकारण सम्बन्धमा उभिँदै र बुनिँदै भाषिक माध्यमबाट व्यक्त हुँदा नानाथरिका लोककथाहरू जन्मेका छन् । तिनका सङ्ख्या अनन्त छन् । संसारका अरू देशका कुरा छाडौं नेपालकै रस्तीवस्तीमा चहार्ने हो भने पनि अत्यन्त धेरै लोककथाहरू सङकलनका पोल्टामा पर्न सक्छन् । [५०] लोक जीवनमा मौखिक परम्परामा हस्तान्तरित हुदै आएका कथाहरू नै लोककथा हुन् । एउटाले भन्ने अरूले सुन्ने चलन भएकोले यस्ता कथालाई भन्ने कथा पनि भनिन्छ । लोककथा शब्दको प्रचलन लोकसाहित्यका धारणाको विकास पछि भएको हो । लोकजीवनमा दन्त्यकथाको प्रचलन पाइन्छ । कथा र कुथुङ्ग्री मिलाएर कथाकुथुङग्री भन्ने चलन पनि छ । [५१]

संस्कृत भाषाको कथ् धातुमा 'आ' प्रत्यय जोड्दा कथा शब्दको निर्माण हुन्छ । [५२] शब्दकोषका अनुसार कहनुवा कुथ्नु क्रियापदको संज्ञावोधक शब्दका रूपमा कथाशब्दको प्रयोग भएको पाइन्छ । [५३] लोक शब्दको पछाडि 'अ' प्रत्यय लागी बनेको लोकशब्दमा कथा शब्दको

४३. जीवेन्द्र देव गिरी, **लोक साहित्यको अवलोकन** (काठमाडौं : एकता प्रकाशन, २०५७) पृ. २४ ।

४४. चुडामणि बन्धु, **नेपाली लोक साहित्य** (काठमाडौं : एकताबुक्स डिष्ट्रिव्यूटर्स प्रा.लि. २०५८), पृ. २८४ ।

४५. प्रतापचन्द्र प्रधान, **नेपाली कथावलोकन** (दार्जलिङ : दीपा प्रकाशन, २०४०), पृ. १ ।

४६. बालकृष्ण पोखरेल, पूर्ववत, पृ. ।

संयोजन भएर लोककथा समस्त पद बन्दछ । [५४] यसरी लोककथा शब्दमा लोक र कथा यी दुवै शब्दहरू अर्थगत भेदले भिन्न देखिन्छन् । यही लोककथालाई कथा वा दन्त्यकथा पनि भन्ने गरिन्छ । लोककथाले पुस्तौं पुस्तादेखि श्रुतिपरम्परामा जीवित रही लोकसमाजका पठित, अपठित, बालबृद्ध सबै वर्गका व्यक्तिहरूलाई मनोरञ्जन प्रदान गर्दै आएको छ ।

सामान्यतया लोककथाहरू विभिन्न किसिमका अति रञ्जनात्मक र रोमाञ्चपूर्ण काल्पनिक कथाहरूका रूपमा देखा परेका छन् तैपनि लोककथाले लोकमानसको हृदयलाई आनन्दानुभूति प्रदान गर्दै कुनै न कुनै किसिमका अर्ती, उपदेश, नैतिक शिक्षा दिइरहेकै छन् । सबै लोककथाहरू उडन्ते र अतिरञ्जनात्मक मात्र नभएर सामाजिक, धार्मिक एवं पौराणिक विषयवस्तुमा आधारित लोकजीवनका सत्य-तथ्य र मार्मिक घटनाहरूलाई अभिव्यक्त गर्ने खालका पनि हुन्छन् । यस किसिमका कथाहरूमा उपयुक्त मान्छेकै प्रतिनिधि पात्रका अतिरिक्त मानवेत्तर पात्रहरूको पनि प्रयोग गरी मानवीय गति र अस्तित्व कायम गरिएको हुँदा यस्ता कथाहरूले लोकहृदयलाई काल्पनिक लोकतिर डोऱ्याउँदै चमत्कारी तथा जादुगरी कथाको घुमाइले श्रोतावर्गलाई आनन्दानुभूति प्रदान गर्दै आएका छन् । अतः कथाको चर्चा गर्दा शुरू-शुरूमा लिखितसाहित्यको जन्म वा उदय हुनुभन्दा पूर्व मानव समाजमा मौखिक वा अलिखित रूपमा नै लोकस्तरको साहित्य बाँचेको हुन सक्छ । [५५] यस दृष्टिले हेर्दा आधुनिक कथाको पूर्व पिढीको रूपमा रहेको लोककथा र आधुनिक कथाका बीचमा पर्याप्त दूरी हुँदा हुदै पनि भावनाका स्तरमा भने पर्याप्त सामीप्य पाइन्छ । बाह्य संसारमा[५६] भौतिक विकासले पर्याप्त रूपमा परिवर्तन ल्याइसके पनि मान्छेको आन्तरिक मनोवृत्तिमा भने खास परिवर्तन ल्याएको देखिँदैन । जीवन भोग्दा-भोग्दै सभ्यता र संस्कृतिको आर्जन गर्दा गर्दै मान्छेले आफूभित्रका आवेगहरूलाई जित्दै परिष्कार गर्न चाहन्छ  तैपनि ऊ भित्रका मूल आवेगहरू आदिमा मान्छेका

४७. वामन, शिवराम आप्टे, **संस्कृत हिन्दी कोश (दो.सं.)** (वाराणसी : मोतीलाल वनारसीदास इ.सं.१९६९), पृ.८८३-८४ ।

४८. तुलसी दिवस, पूर्ववत्, पृ. १५ ।

४९. वासुदेव त्रिपाठी, **विचरण** (काठमाडौं : भानु प्रकाशन, २०२८),  पृ. २ ।

भन्दा भिन्न देखिँदैनन् । वास्तवमा आदिमा मान्छेका भावना र सांस्कृतिक अवस्था नै लोककथामा अभिव्यक्त गरिएको हुन्छ । [५७] त्यसैले लोककथा भनेका त्यस्ता कथाहरू हुन् जुन कल्पनाको धरातलमा अडिएका हुन्छन् र वैज्ञानिक सचेतनाका दृष्टिले आदिम प्रतीत हुन्छन् । तिनको संसारमा डुब्न कल्पनाको महल चाहर्नु पर्ने हुन्छ । [५८] आदिम मान्छेका आदिम प्रवृत्तिहरू नै लोककथामा व्यक्तिएका हुन्छन् । लोककथाको अध्ययनबाट नै समाजका तल्लोस्तस्तरका अशिक्षित सर्वसाधारणको सामाजिक, धार्मिक, सांस्कृतिक ऐतिहासिक अदि अनेक विषयवस्तुको विस्तृत रूपमा अध्ययन गरिने हुँदा वास्तवमा लोककथा पिछडिएका वर्गबारे अध्ययन गर्ने एउटा सशक्त माध्यम बन्न पुगेको छ । यिनै लोककथाहरूका अध्ययनबाट कुनै पनि राष्ट्रको विगत इतिहास पुनः निर्माण हुनाका साथै जातिको निजत्व र मौलिकताको वर्तमान अवस्था समेत जानकारी पाइन्छ । [५९] लोककथामा प्रयुक्त भएका देवी, देवता, अतिमानवीय प्रकृतिको चिन्तन, जादु, टुना आदिम संस्कृति जस्ता मिथकहरू आधुनिक कथामा आएर जीवन पाउन सफल भएका छन् । यसका साथै प्रयुक्त विम्ब तथा प्रतीकहरू आधुनिक कथाका ढुकुटी बन्न गएका छन् । यसबाट के स्पष्ट हुन्छ भने लोककथाका आधारमा भूत र वर्तमानका मानवको मात्र नभएर भविष्यका मानवको कथा लेख्न सकिने सम्भवाना देखिन्छ । लोककथाको माध्यम नबनाई आधुनिक कथाहरूको अध्ययन अपूर्ण र अधुरो नै रहन जान्छ । अतः लोकजीवनका सुखदुःख, समवेदना, आस्था विश्वास, रीतिरिवाज, धर्मसंस्कृति आदिसँग सम्बन्धित घटनाहरूको आख्यानात्मक अभिव्यक्ति नै लोककथा हो ।

### ३.२.५.२ लोककथाको परिभाषा

लोककथा सम्बन्धी माथिको संक्षिप्त परिचयका आधारमा यसको सामान्य जानकारी भइसकेकोले यहाँ यसको परिभाषा प्रस्तुत गर्नु सान्दर्भिक देखिन्छ । हुन त लोककथाको स्पष्ट र आधिकारिक परिभाषा दिन अप्ठ्यारो भए तापनि नेपाली लोकसाहित्यका अध्येताहरूले विभिन्न

---

५०. ऐजन ।

५१. ऐजन ।

५२. तुलसी दिवस, पूर्ववत्, पृ. १७ ।

समयमा आ-आफ्नो तरिकाले नेपाली लोककथालाई परिभाषित गरेको पाइन्छ । अतः तिनै अध्येताले दिएका लोककथाको परिभााषालाई तल प्रस्तुत गरिएको छ :-

क) नेपाली शब्दकोशका अनुसार "लोककथा भनेको परम्परादेखि मौखिक रूपमा चलि आएको कथा हो ।" [६०]

ख) नेपाली शब्दसागरका अनुसार "कहिले-कहिलेदेखि चल्दै वा चल्ती हुँदै आएका कथा, जनताको मुखन्मुखै सुन्न पाइने कथा दन्त्य कथा लोककथा हो ।"[६१]

ग) नेपाली लोक साहित्यका अध्येता द्वय जनकवि केशरी धर्मराज थापा र हंसपुरे सुवेदीका भनाइमा कल्पनाका धरातलमा अडिएका जनश्रुतिमा आधारित परापूर्वकालदेखि एकनास पुस्तौं पुस्ता मुखमुखै चलेर आएका कथाहरूनै लोककथा हुन । [६२]

घ) धर्मराज थापा र हंसपुरे सुवेदीले लोककथालाई यसरी पनि चिनाएका छन् "लोककथाको मतलब हो आफ्नो वर्णनात्मक भनाइद्वारा लोकलाई मजा दिने चाखिलो वर्णनात्मक विषयहवस्तुद्वारा बुनिएको धतिलो रचना हो । [६३]

ङ) लोक साहित्यका अध्येता श्रीराम शर्माले लोक जीवनका सुख दु:ख, रीतिरिवाज, आस्था, विश्वास र परम्परालाई अभिव्यक्त गर्ने साहित्यिक सौन्दय युक्त कथन प्रणालीमा आवद्ध कथालाई लोककथा भनेका छन् । [६४]

च) वासुदेव त्रिपाठीले लोक कथालाई यसरी परिभाषित गरेका छन् । लोककथा वास्तवमा आदिम मान्छेको स्मारक निशानी हो र यसलाई हामी प्रेमसाथ पुस्ता-प्रतिपुस्ता आफ्ना सम्झानामा सुरक्षित गर्दै आएका छौ ।

---

५३. बालकृष्ण पोखरेल र अन्य, पूर्ववत्, पृ. ११८८ ।

५४. वसन्तकुमार शर्मा नेपाल, पूर्ववत्, पृ. ११७४ ।

५५. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ.३१९ ।

५६. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. ३२० ।

५७. श्रीराम शर्मा, **लोकसाहित्य सिद्धान्त और प्रयोग** (आगराः विनोद पुस्तक भण्डार इ.सं. १९९२), पृ १०६ ।

छ) तुलसी दिवस भन्छन् "नेपाली लोककथाको अध्ययन अनुसन्धान गर्ने सन्दर्भमा लोककथामा मानवको अतीत मात्र होइन, वर्तमान पनि प्रतिध्वनित्व र निहित हुने गर्दछ।"[६५]

ज) कृष्णाप्रसाद पराजुली परापूर्व कालदेखि मौखिक रूपमा गाउँवस्तीमा भन्दै आउने गरिएको मनोरञ्जन तथा शिक्षा प्रधान कथाकुथुङ्ग्रीको बटुलो नै लोककथा हो भन्दछन्। [६६]

झ) चूडामणि बन्धुका अनुसार लोककथाहरू एकादेशमा वा परापूर्वकालमा भनी थालिन्छ र श्रोताहरूमा वास्तविक जगत्भन्दा भिन्न लोकको निर्माण गरिन्छ। [६७]

ञ) जीवेन्द्र देव गिरी लोककथामा अवश्य नै तत्कालीन परिवेशको छाप परेको हुने तर त्यहाँका प्रतीक र सूत्रहरू पहिल्याएर यथार्थको नजिक पुग्न सकिने विचार व्यक्त गर्दछन्। [६८]

ट) मोतीलाल पराजुलीका अनुसार संसारका प्राणी वनस्पतिका सुख-दुःखका मर्म या कथा व्यथाको आख्यनबद्ध मनोरञ्जनपूर्ण गद्यात्मक प्रस्तुती लोककथा हुन्। [६९]

ठ) शंकरप्रसाद कोइराला के भन्छन भने वर्णात्मक कथाद्वारा लोकलाई मनोरञ्जन प्रदान गर्ने लोकसाहित्यको एक उच्च विधाका रूपमा लोककथा देखिन्छ। [७०]

ड) प्राकृत साहित्यका इतिहासकार डा. जगदीशचन्द्र जैनको लोककथाको परिभाषा यस्तो छ "अशिक्षित, अल्पशिक्षित तथा बाल-बृद्धहरूलाई बुझाउने सर्वोत्कृष्ट साधन कहानी हो जसलाई श्रोताहरूकै भाषामा सुनाउनु बाञ्छनीय हुनेछ। [७१]

---

५८. रामहरि पौडेल, "नेपाली लोककथामा प्रगतिवादी तत्व", पूर्ववत्, पृ. ६।

५९. कृष्णप्रसाद पराजुली, **नेपाली लोकगीतको आलोक** (काठमाडौं : वीणाप्रकाशन प्रा.लि. २०५७) पृ. ४५।

६०. चुडामणि बन्धु, **नेपाली लोक साहित्य** (काठमाडौंः एकतावुक्स डिष्ट्रिब्यूटर्स प्रा.लि.), २०५८, पृ. २८९।

६१. जीवेन्द्रदेव गिरी, पूर्ववत्, पृ. २४।

६२. डा. मोतीलाल पराजुली, पूर्ववत्, पृ. २२।

५३. डा. शंकरप्रसाद कोइराला, **लोकसाहित्य सिद्धान्त र विश्लेषण (दो.सं.)** (विराटनगर : धरणीधर प्रज्ञा प्रतिष्ठान), २०५६, पृ. १११।

६४. डा. जगदीश चन्द्र जैन, **प्राकृत साहित्यका इतिहास (दो.सं.)** (चौखम्वः सुरभारती प्रकाशन इ.सं. १९८५)पृ.३०९।

ढ) डा. कृष्णदेव उपाध्यायका अनुसार लोककथालाई संसारका समस्त कथा साहित्यको जनक भनिन्छ । [७२]

अतः उपयुक्त विविध विद्वान् एवं लोकसाहित्यका अध्येताहरूका परिभाषाका आधारमा लोककथा भन्नाले परापूर्वकालदेखि मौखिक रूपमा चल्दै आएको आख्यानात्मक विधा हो जसले समाजको सामाजिक ऐतिहासिक, नैतिक, वैचारिक अवस्थाको प्रस्तुत गरेको पाइन्छ । त्यो काल्पनिकताबाट सुरू भई व्यावहारिकताको प्रतिनिधित्व एक पुस्तादेखि अर्को पुस्तामा सर्दै युगौंयुगदेखि जीवितै छ ।

### ३.२.५.३ लोककथाको स्वरूप

लोकसाहित्यका विभिन्न अध्येताहरूले सङ्कलन गरेका नेपाली लोककथा एवं देशका विभिन्न भागमा कथ्य एवं जनश्रुतिमा आधारित कथाहरूमा देखिएका विविधतका आधारमा नेपाली लोककथाको स्वरूपलाई यहाँ यसप्रकार उल्लेख गरिएको छ ।

क) लोककथा श्रव्य अथवा कथ्य विधा हो । यसमा कथानकको अनिवार्यता रहन्छ र यसमा पात्र, चरित्र-चित्रण, परिवेश, भाषाशैली सन्देश र भाव अपेक्षित हुन्छन् ।

ख) लोककथामा तिलस्मी प्रवृति रहेता पनि सामाजिक पक्ष पनि सशक्त हुन्छ ।

ग) लोककथामा रचनाकार अज्ञात हुन्छन् अथवा रचनाकारको प्रत्यक्षता हुँदैन ।

घ) लोककथाको आरम्भ एकादेशबाट भई सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा वैकुण्ठ जाला, भन्ने वेलामा खुरूखुरू आइजाला भनेर अन्त्य हुन्छ ।

ङ) लोककथा स्थान र समय अनुसार परिवर्तन हुँदै जान्छ ।

च) लोककथाहरूमा आञ्चलिकता पाइन्छ ।

छ) लोककथा लोक भाषा निकट हुन्छ अथवा त्यहाँ लोक भाषाको प्रतिनिधित्व भएको पाइन्छ ।

---

६५. डा. कृष्णदेव उपाध्याय, पूर्ववत्, पृ. ५ ।

ज) लोककथामा गद्यात्मक शैली हुँदाहुदै पनि रोचकताका निम्ति बीच-बीचमा गीत-कविता पनि आउन सक्छन् ।

झ) लोककथा लोकगीत जस्तै एकल वा दोहोरी गाउने गायन विधा होइन, यो सुन्ने र सुनाउने आख्यानात्मक परम्परामा विकास भएको पाइन्छ ।

### ३.२.५.४ लोककथाको विशेषता

हरेक लोकसाहित्यिक विधाको आ-आफ्नै विशेषता रहेका हुन्छन् । लोकजीवनका सुख-दुःखका अनुभूतिहरूलाई प्रभावकारी रूपमा अभिव्यक्त गर्ने मौखिक (कथ्य) परम्परामा बाँचेको लोककथाको मूल उद्देश्य सुकुमार मानव हृदयलाई मनोरञ्जन प्रदान गर्नु हो । नेपाली लोककथालाई कसैले बसिबियाँलोको रूपमा लिएका छन् भने कसैले बालबालिकाहरूको बौद्धिक र मानसिक विकासको सरल - साधन वा खुराकका रूपमा लिएका छन् । साहित्य र संस्कृतिका अन्वेषकहरूले चाँहि यस विषयलाई खोजपूर्ण विधाको रूपमा लिएका छन् जे होस् नेपाली लोककथा आफ्नो हावा, पानी र आफ्नै माटोमा ढकमक्क फक्रिएको सयपत्री फूल झैं भई लोकजीवनको सुख दुःखको साथी बन्दै आएको छ । यसको पूर्णतालाई तुलनात्मक किसिमले अध्ययन र विश्लेषण गर्दा यस भित्रको ठूलो हिस्सा हाम्रै लोकजीवनको सुख-दुःख आँसु हाँसो तथा समय-समयको घात-प्रतिघातको प्रतीक हो भन्ने प्रतीत हुन्छ । कतिपय कथा वाचकहरूले त श्रोताहरूको मन जित्नलाई कथामा अनेक किसिमका अति भौतिक अतिरञ्जनात्मक, अप्राकृतिकजस्ता अपत्यारिलो घटनाहरूसमेत समावेश गर्ने गर्दछन् । तर सबै लोककथाहरू उडन्ते र आत्मरञ्जनात्मक मात्र नभई वीरता, धैर्य र शिक्षालाई अँगाल्ने पनि हुन्छन् । लोककथा एकव्यक्तिबाट अर्को व्यक्तिमा सर्ने क्रममा कतिपय लोककथाले आफ्नो प्रारम्भिक स्वरूपलाई छाँटकाँट गर्दै नवीनता ग्रहण गर्दछन् । विस्तृत रूपमा फैलिँदै जाँदा, यसका रचनाकार को हुन् कथावाचक र श्रोता दुवै जनालाई ज्ञान हुँदैन लोककथाका विशेषताहरू यस्तै र यति नै हुन भनेर किटान गर्न भने मिल्दैन । प्रचलित लोककथाहरूको एउटा निश्चित साझा स्वरूप हुन्छ । साझा स्वरूपको निर्माण विभिन्न विशेषताहरूको सामूहिकीकरणबाट हुन्छ । यसै क्रममा हालसम्म नेपाली भाषामा रूपान्तरित विश्वलोककथाहरू र नेपाली लोककथामा पाइने

विशेषताहरूलाई ध्यानमा राख्दै त्यस्ता सामूहिक विशेषतालाई निम्नलिखित उपशीर्षकहरूमा वर्गीकरण गर्न सकिन्छ ।

**क) उपदेशात्मकता :**

लोककथाको मूल अभिप्राय नै लोकजीवनका जनमानसलाई आनन्दानुभूति प्रदान गर्दै अप्रत्यक्ष रूपमा नैतिक शिक्षा तथा सुधारात्मक सन्देश दिनु हो । साथै सकारात्मक र नकारात्मक अर्थ बोध गराउनु पनि लोककथाको काम हो । भूतभेत, राक्षस, देवीदेवता सम्बन्धित तथा लोकप्रिय राजामहाराजाका कल्याणकारी कार्यका कथा तथा देशभक्ति र वीरताका कथाहरूले नैतिक उपदेशात्मक सन्देश बोकेका हुन्छन् भने केही कथाहरूमा अर्काको सम्पत्तिमा लोभ नगर्नु, भ्रुठो नबोल्नु, अर्काको दुःखमा नहाँस्नु, ठगी नगर्नु, मिहिनेती बन्नु जस्ता अर्ती उपदेश पाइन्छन् । अतः अधिकांश कथाहरूमा उपदेशात्मकता पाइनु नेपाली लोककथाको मुख्य विशेषता हो ।

**ख) लोक मङगलकामनाको भावना**

लोककथा मानवजीवनसँग सम्बन्धित हुन्छ । धेरैजसो लोककथामा लोक मङगलको कामना गरिएको हुन्छ । यसै प्रसङ्गमा कथा सुन्ने र सुनाउने दुवैथरीलाई मङ्गलको कामना गरिएको हुन्छ । जस्तै सुन्नेलाई सुनको माला, भन्नेलाई फूलको माला, यो कथा बैकुण्ठ जाला, भन्ने बेलामा सुरूक्क आउला ।

यसरी मङ्गलपरक भावना प्रस्तुत गर्नु पनि लोककथाको प्रमुख विशेषता हो ।

**ग) सुख सँयोगमा कथाको अन्त्य :**

लोककथाका पात्रहरूले वियोग, निराशा, दुःख, हानी र पीडाका पक्षहरूसँग सङ्घर्ष गरेका हुन्छन्  । सङ्घर्षपूर्ण जीवनको कथात्मक प्रस्तुतिले लोककथा श्रुति कारूणिक पनि हुनसक्छ । यसरी नै भय र त्रास उत्पन्न भइरहेको हुन्छ । यस्ता पक्ष हुँदाहुँदै दुष्ट पात्रको मृत्यु वा असत्यको पराजयसहित प्रायः सुखान्त संयोगान्तमा पुगेर नै लोककथाको अन्त्य हुन्छ ।

**घ) उत्सुकता र कोतूलहता :**

लोककथाका अलौकिक पात्रहरूले गर्ने वीरतापूर्ण कार्य व्यापार उत्साहप्रद र अदभूत खालका हुन्छन् । अद्‌भुतता, रहस्य र रोमाञ्चका कारणले लोककथाको श्रोता कथा सुन्नमा उत्सुक रहिरहेका हुन्छन् । श्रोताको उत्सुकताको तृप्ति कथाको अन्त्यमा मात्रै हुन्छ । श्रोतालाई कौतूहलपूर्ण वातावरण प्रदान गरेर तन्मयता प्रदान गर्नु लोककथाको एउटा ठूलो विशेषता हो ।

**ङ) रहस्य, रोमाञ्च एवं अलौकिकताको प्रधनता :**

लोककथामा भूत-प्रेत पिशाच, दानव, पशु र परीजस्ता विविध पात्रहरूको चयन गरिएको हुन्छ । अलौकिक र अयथार्थिक पात्रका कार्यव्यापार अद्‌भूत र रहस्यपूर्ण हुन्छन् । पात्रका अद्‌भूत चरित्रले लोककथा रोमाञ्चकारी हुन्छ । यो पनि यसको विशेषता हो ।

**च) प्रेमको अभिन्न पुट**

मानव जीवनमा प्रेम अभिन्न पक्ष हो । लोककथा मानवजीवनको सहज स्वभाविक पक्षसँग सम्बन्धित छ भने लोककथामा प्रेम अभिन्न भएर प्रस्तुत हुने गर्छ । लोककथामा प्रस्तुत प्रेम, प्रेमीप्रेमिकासँग सम्बद्ध मात्र नभएर भाइ बहिनीको प्रेम आमा-छोराको प्रेम, पति-पत्निको प्रेम जस्तो विविध पक्षमा पक्षका प्रेमहरूमा अश्लीलता भन्दा दिव्यता र आदर्शता रहेको पाइन्छ ।

**छ) कल्पनाको प्राचुर्य :**

लोककथा कल्पनाको उपज हो । यसमा कल्पनात्मक अभिव्यक्तिले पूर्णता प्राप्त गरेको हुन्छ । यथार्थलाई भन्दा कल्पनालाई जो दिइने हुनाले कल्पना कै प्राचार्यता यसमा रहेको हुन्छ । नेपाली लोककथामा यथार्थलाई पनि कल्पनाको आधारमा तिलस्मी वा रोचक तुल्याएको हुन्छ ।

**ज) हास्य-व्यङग्य :**

नेपाली लोककथामा हास्य-व्यङग्य पनि प्रशस्त पाइन्छ । हाँस्यौलीको रूपमा कथाको निर्माण गरी सामाजिक कुरीति र कुभावनालाई तीक्ष्ण व्यङग्य गर्नु यसको विशेषता हो ।

### झ) वर्णनात्मकता

वर्णनात्मकता नेपाली लोककथाको शैलीगत पहिचान हो । वर्णनात्मक पक्षको प्रबलता हुने भएकोले लोककथामा घटनाको वाहुल्यता पनि उत्तिकै मात्रामा पाइन्छ । त्यस्ता घटनाहरू एक अर्कासँग सम्बन्धित हुन्छन् । त्यसरी घटनाहरूलाई वर्णनात्मक परिपाटी अँगाली गुथ्ने कार्य लोककथाका वाचकले गर्दछन ।

### ञ) पूर्वजन्म र पुनर्जन्मको कल्पना :

लोककथामा पूर्वजन्म र पुनर्जन्मको बारेका कल्पनाको बाहुल्य पाइन्छ । पूर्वजन्म र पुनर्जन्म सम्बन्धी आख्यानले लोककथामा परिवर्तनकारी भावनालाई व्यक्त गरेको हुन्छ ।

### ट) सरलता र सुगमता :

नेपाली लोककथा मौखिक परम्परामा हुर्किएकोले यसमा भाषिक जटिलता हुँदैन । यसमा स्थानीय भाषाको प्रयोगका कारण भाषिक कठिनाइ पाइँदैन । त्यसकारण लोककथाको भाषा लोकभाषा भएकोले सरलका साथै सरस पनि हुन्छ ।

### ठ) लोकरञ्जनात्मकता

कुनै पनि कथावाचकले श्रोताहरूको मनलाई आकर्षित गर्नका लागि यथार्थभन्दा धेरै परका तत्त्व समावेश गर्दै यस किसिमका कथाहरू मनोरञ्जन प्रदान गर्नकै लागि सुन्ने र सुनाउने गरिन्छ जसबाट लोकजीवनका व्यावहारिक पीडा तथा दिनभरको थकाइबाट एकैक्षण भए पनि विश्राम लिएर आनन्द प्राप्ति हुन्छ । कतिपय यस्ता कथाहरू पनि छन, जुन कथाले श्रोतालाई मनोरञ्जन त प्रदान गर्दछ तर श्रोतालाई विमुग्ध पार्न सक्दैन भने त्यसकथाबाट मिठास प्राप्त हुन सक्दैन । श्रोताहरूलाई मनोरञ्जन प्रदान गर्नका लागि अतिकाल्पनिक तथा अपत्यारिला घटनाहरूलाई पत्यार लाग्दो बनाउँदै प्रस्तुत गर्नु लोककथाको अर्को विशेषता हो ।

### ड) रचनाकार अज्ञात हुनु :

लोककथा व्यक्ति विशेषको रचना नभईकन् लामो श्रुतिकथन परम्पराको उपज हो लोककथा अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा श्रुतिपरम्परामा हस्तान्तरित रूपमा चलिरहेको आख्यानात्मक विषय भएको कारणले रचनाकार अज्ञात रहनु लोककथाको प्रमुख विशेषता हो ।

**ढ) लोकजीवनको चित्रण**

रचनाकारको पत्तो नहुने हुँदा लोककथामा वैयक्तिकताको प्रभाव पाइँदैन । अवैयक्तिक अथवा सामाजिक परम्पराको उपज हुने हुँदा लोककथाले सामान्य लोकजीवनको चित्रणलाई आफूमा बहन गरेको हुन्छ । लोकमानस, लोक संस्कृति एवं लोक धारणालाई समावेश गर्ने हुँदा यसमा मानवीय जीवनका स्वभाविक मनोवृत्ति एवं विविधताको चित्रण हुने गर्दछ ।

**ण) अश्लील शृङगारको आभास :**

अधिकांश लोककथाहरूमा प्रेममूलक भावनालाई अभिव्यक्त गरिएको पाइन्छ तर अश्लील लाग्ने प्रेमको भने कतै आभास पाइँदैन वासनात्मक प्रेम, कुण्ठित प्रेम, सौन्दर्यप्रति लोभजस्ता प्रेमद्वारा सृजित अश्लील पक्षको रचना लोककथामा कही भेटिँदैन । अतः लोककथाले मर्यादित प्रेम प्रसङगलाई आत्मासात गर्नु यसको मौलिक विशेषता हो ।

**त) मौखिक परम्परा :**

लोककथा अलिखित साहित्य हो । लोककथामा कथ्यभाषाको प्रयोग हुन्छ र यो मौखिक परम्परामा चलेको हुन्छ । परापूर्वकालदेखि लेख्य रूपमा नभई भन्ने र सुन्ने परम्परामा चल्दै एक पुस्ताबाट अर्को पुस्ता हुँदै लोककथा हुर्कने तथा विकसित र विस्तार हुने भएकोले यसको एक मुख्य विशेषता मौखिक परम्परा हो ।

**थ) गतिशीलता :**

लोककथाको अर्को महत्त्वपूर्ण विशेषता गतिशीलता हुनु हो । अर्को शब्दमा भन्दा लोककथा गतिशील हुन्छन् । मौखिक परम्परामा यो यत्र तत्र सर्वत्र फैलने हुनाले पनि लोककथा

गतिशील हुन्छ । लोककथा कुनै एक स्थानमा सीमित हुँदैन । यो देशभर व्यापक रूपले फैलन्छ तसर्थ गतिशीलता पनि लोककथाको महत्त्वपूर्ण विशेषता हो ।

माथिका विशेषताका अतिरिक्त ऐतिहासिक, सामाजिक, धार्मिक प्रवृत्ति, भाग्यवादी दृष्टिकोण, अन्धपरम्परा जस्ता विशेषता पनि उल्लेखनीय छन् । लोककथाका यस्ता समग्र विशेषताहरू यहाँ चर्चा गर्नु असम्भव हुनाले प्रमुख विशेषताहरूको उल्लेख गरिएको हो ।

### ३.२.५.५ वर्गीकरणका आधार

मानव समाजमा सृष्टिकालदेखि नै कथा भन्ने परम्परा चलिआएको हुनाले यो प्रथा एक किसिमको मानव सभ्यता जत्तिकै पुरानो छ । आधुनिक कथा यात्रालाई हेर्दा यसले आफ्नो विकासमा धेरै-धेरै मोड र घुम्तीहरू पार गर्दै आइसकेको छ । लोककथा कै माध्यमबाट हामी जीवननजगत्को बारेमा जानकारी पाउन सक्छौं । मौखिक परम्परामा थालिएका लोककथाहरू लोकसाहित्यका अभिन्न अङ्ग बन्न पुगेका छन् । मानव सभ्यता र सस्कृतिको अध्ययन क्रममा लोककथा सर्वसुलभ मनोरम साधनका रूपमा लोकप्रिय रहेको छ । लोककथालाई सजिलो ढङ्गले अध्ययन गर्नका लागि यसको वर्गीकरण जति आवश्यक छ, उत्तिकै असाध्य पनि छ । लोककथाको निश्चित वर्गीकरण कठिन हुनुमा यसको असीमिता र व्यापकता प्रमुख कारण बनेका छन् । जति व्यापक रहे पनि यसको वैज्ञानिक वर्गीकरण पहिल्याउनु यस शीर्षकको मुख्य ध्येय रहेको छ ।

लोककथाका सन्दर्भमा विश्वलोककथालाई हेर्दा हरेक देशको आ-आफ्नो विशेषताअनुसार रूपगत र भावगत विविधता देखा पर्नु स्वभाविकै हो । यी कथाहरूमा निहित विषयवस्तु तथा कथागत अभिप्राय एकैनासको हुन सक्दैनन् । यस दृष्टिले विषयगत विविधता र उत्पत्तिका अनेकताले गर्दा लोककथाहरू विभिन्न किसिमका छन । [७३] लोककथाको वर्गीकरण गर्ने क्रममा विभिन्न विद्वानहरूले आ-आफ्ना किसिमका राय प्रकट गरेका छन् । जसमध्ये सर्वप्रथम पूर्वीय आचार्यहरूले गरेको वर्गीकरणलाई प्रस्तुत गर्न सकिन्छ :

६६. तुलसी दिवस, पूर्ववत्, पृ. १९ ।

प्राचीनकालका पूर्वीय आचार्यहरूले प्राचीन लोककथाहरूलाई कथागत वस्तु र उद्देश्य अनुसार आख्यानयुक्त रचनालाई मुख्यतया धार्मिक कथा, उपदेशात्मक कथा र मनोरञ्जनात्मक कथा गरी तीन भागमा विभाजन गरेका छन् । [७४] प्राचीन कालमै अझ सस्कृतका प्राचीन आचार्यहरूबाटै कथा र आख्यायिका गरी लोककथाको वर्गीकरण दुई किसिमले गरेको पाइन्छ । [७५] आनन्दवर्धनले लोककथालाई परिकथा, सकलकथा र खण्डकथा गरी तीन वर्गमा बाँडेका छन् । [७६] यसरी नै पूर्वीय साहित्यकार हरिभद्राचार्यले प्राचीन पूर्वीय कथाहरूलाई अर्थकथा, कामकथा, धर्मकथा र सङकीर्ण कथा गरी चारवटा वर्गमा विभाजन गरेका छन् । [७७] उपर्युक्त संस्कृतका आचार्यहरूले लोककथाको वर्गीकरणमा मूलतः विषयवस्तुलाई मापदण्ड बनाएका छन् । विषयवस्तुको सम्भावित व्यापकतालाई हेर्दा उक्त वर्गीकरण अपर्याप्त हुन्छ ।

आजको भौतिक युगमा आइपुग्दा पनि लोककथाका उत्पत्तिका बारेमा विस्तृत अध्ययन र अनुसन्धनकार्यमा पूर्वीय, पाश्चात्य एवं नेपाली लोकसाहित्यिक अध्येताहरू संलग्न भई यस कार्यलाई जारी नै राखेका छन् । वास्तवमा लोककथामा खास राष्ट्र, स्थान, भूगोल, परिवेश र सास्कृतिक झलकहरू प्रतिविम्बित हुनाले तिनमा विविध विशेषताहरू देखिएका छन् । कतिपय लोककथाहरूले भूगोलको स्थानान्तरण गरेर स्थानीय रूपबाट अन्तर्राष्ट्रिय रूप ग्रहण गर्दछन् । त्यसकारण पूर्वीय र पाश्चात्य जगत्का विद्वानहरूले आ-आफ्नो राष्ट्रका भौगोलिक तथा साँस्कृतिक परिवेश अनुसार लोककथाका कथावस्तु तथा उद्देश्यलाई आधार बनाई वर्गीकरण गरेका छन् ।

---

६७. धर्मराज थापा र हंसपुरे सुवेदी, पूर्ववत्, पृ. १७ ।

६८. कृष्णदेव उपाध्याय, पूर्ववत्, पृ. १३१ ।

६९. कुन्दनलाल उप्रेती, **लोकसाहित्य के प्रतिमान (दो.सं.)** (अलिगढ : भारत प्रकाशन इसं. १९८०) पृ. १२५ ।

७०. तुलसी दिवस, पूर्ववत्,  पृ. २१ ।

डा. दिनेशचन्द्र सेनले बंगालको लोकवार्ता साहित्यमा लोककथालाई रूपकथा, हास्यकथा, धार्मिक कथा र गीतिकथा गरी चारवर्गमा वर्गीकरण गरका छन् । [७८] त्यसैगरी अर्को विद्वान् डा. सत्येन्द्रले कथागत विषयवस्तुका आधारमा लोककथालाई निम्न लिखित आठ भागमा वर्गीकरण गरेका छन् । [७९] १. गाथाहरू २. पशुपंक्षी सम्बन्धी कथा

३. परीका कहानीहरू ४. विक्रमका कहानीहरू

५. साधु सन्तका कथाहरू ६. कारण निर्देशक कहानीहरू

७. बुझौबल सम्बन्धी कहानीहरू ८. निरीक्षण गर्भित कहानीहरू

### ३.२.५.६ विश्लेषणका आधार

नेपाली जनमानसको जनबोलीमा रसाउँदै र रङ्गिदै आएको लोककथा लोकसाहित्यको एउटा प्रमुख विधा हो । लोककथाले मानिसलाई लामो समयदेखि मनोरञ्जन र शिक्षा प्रदान गर्दै आइरहेको छ । यसरी मनोरञ्जन र शिक्षा प्रदान गर्ने कारकका रूपमा लोककथा भित्र संयोजित विभिन्न तत्त्वहरू रहेका छन् । ती तत्त्वहहरूलाई यहाँ संक्षिप्त रूपमा चर्चा गरिन्छ ।

**क) कथानक**

कथानक लोककथाको प्रमुख तत्त्व हो । लोककथा आख्यानयुक्त विधा भएको हुनाले कथानकविनाको कथाको कल्पना गर्न पनि सकिँदैन । लोककथामा काल्पनिक तथा यथार्थ दुवै कथानक हुन सक्छन् । लोककथाका विषय विभिन्न हुन सक्छन् । जस्तै जीवनका सुख दुःखका सन्दर्भहरू, प्रेमका सन्दर्भहरू, वीरता-सूरताका सन्दर्भहरू आदि । लोककथाको कथानक भित्र पनि उपकथाहरू जोडिएर आएका हुन्छन् । यस्ता उपकथाले कल्पनाका माध्यमबाट कथालाई रोचक बनाउँदै लैजान्छ । कथानक भित्र पनि अभिप्राय र कथानकरूप सूक्ष्म तत्त्वका रूपमा आएका हुन्छन् । अभिप्रायलाई कथातन्तु पनि भनिन्छ । प्रायजसो कथाहरूमा पटकपटक पुनारावृत्त भइरहने एकै किसिमका दृष्टिकोणलाई अभिप्राय भनिन्छ । सौतिनी आमाको दुर्व्यवहार,

---

७१. कृष्णदेव उपाध्याय, पूर्ववत, पृ. १३३ ।

७२. डा. सत्येन्द्र, पूर्ववत, पृ. १३१ ।

स्याल, हात्तीका भुँडी भित्र पसेर बोल्नु, नारीको कूटनैतिक चरित्र जस्ता अभिप्रायहरू धेरैजसो लोककथामा आधारित हुन्छन् ।

लोककथाको आख्यान प्रारम्भ, विकास र उपसंहार जस्ता आख्यान रचना शृखलामा आबद्ध हुन्छ । आरम्भमा कथाकन बीजहरू देखिन्छन् । यिनै बीजहरू विकास भएर कथानकले अग्रगति लिन्छ र कथा विकास माझमा पुग्दछ । कथाको पूर्ण विकास भएपछि कथा चरमोत्कर्षमा पुग्दछ । यही चरमोत्कर्षपछि कथाले दिने निचोड उपसंहार हो ।

**ख) चरित्रचित्रण**

पात्रचरित्र चित्रण लोककथाको दोस्रो तत्त्व हो । लोककथामा जति मात्रामा कथानकको आवश्यकता पर्दछ, त्यति नै मात्रामा पात्र चरित्र चित्रणको पनि आवश्यकता पर्दछ । विना पात्र चरित्र कथानक अगाडि बढ्न सक्दैन। लोककथामा कथानक घर हो भने पात्रहरू त्यहाँ बस्ने परिवार हुन् । लोककथा कल्पना प्रधान मौखिक विधा भएकोले यसमा उपयुक्त पात्रहरू जीवनको यथार्थ धरातलबाट टिपिएका नभएर काल्पनिक संसारबाट टिपिएका हुन्छन् । यस्ता पात्रहरू मानवीय र मानवेतर दुवै खाले हुन सक्छन् । मानवीय पात्रमा राजादेखि प्रजासम्म हुन्छन् भने मानवेतर पात्रहरूमा पशुपछीदेखि ढुंगा माटोसम्म हुन्छन् । यस्ता पात्रका क्रियाकलापहरू यथार्थभन्दा धेरै पर हुन्छन् । यी पात्रहरूको क्रियाकलापबाट मानिसहरू मन्त्रमुग्ध हुन्छन् । यसरी पात्र लोककथाका लागि अपरिहार्य तत्त्व मानिन्छ ।

**ग) संवाद**

संवाद लोककथाको अर्को तत्त्व हो । लोककथाहरूमा कथयिताको नै प्रबलता रहन्छ । संवादको प्रबलता त्यति बढी नदेखिए तापनि, संवाद हुँदै नहुने चाँहि होइन । लोककथामा पशुपन्छी, ढुँगा माटो पनि पात्र बनेर संवाद गर्दछन् । यस्तो संवाद अयथार्थ र अस्वाभाविक भए तापनि श्रोतालाई मख्ख पार्ने कार्य भने संवादले गर्दछ । त्यसैले यस्तो कथा सुनिरहुन्जेल साँच्चै पो होकि जस्तो लाग्दछ । यिनै मानवीय र मानवेतर पात्रका धेरथोर संवादले कथालाई रोचक बनाउँदछ ।

**घ) परिवेश**

परिवेश लोककथाको एउटा प्रमुख तत्त्व हो । लोककथामा ग्रामीण, आञ्चलिक एवं दरबारिया परिवेशको वर्णन गरिएको हुन्छ । लोककथाको परिवेश कथावाचकले कथाअनुरूपनै मिलाएको हुन्छ । लोककथामा आउने परिवेश लौकिक र अलौकिक गरी दुई किसिमका हुन्छन् । लौकिक परिवेश अन्तर्गत पृथ्वी र धरातलमा देखिने वस्तुहरू र गर्न सकिने कार्यहरू पर्दछन् भने अलौकिक परिवेश अन्तर्गत पृथ्वीभन्दा बाहिरका लोकहरू जस्तै : स्वर्ग, नरक, परलोक, अप्सरालोक आदि असंभव कार्य व्यापारको चित्रण भएका कार्यहरू पर्दछन् । यसरी परिवेशले कथामा प्रमुख तत्त्व भएर काम गरेको हुन्छ ।

**ङ) उद्देश्य**

उद्देश्य लोककथाको अर्को महत्त्वपूर्ण तत्त्व हो । नेपाली समाजमा लोककथाले लामो समयदेखि जरो गाड्दै आउनु र सधैं सबैलाई उत्तिकै प्यारो लाग्नुको मूल कारण यसबाट प्राप्त हुने मनोरञ्जन नै हो । त्यसैले लोककथाको प्रमुख उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो । मनोञ्जनका अतिरिक्त यसको उद्देश्य नैतिक उपदेश, धार्मिक ज्ञान, सांस्कृतिक जागरण, बालकहरूलाई उत्प्रेरणा प्रदान गर्नु हो ।

**च) भाषा शैली**

भाषा लोककथाको अर्को तत्त्व हो । लोककथा विशेष गरेर ग्रामीण समुदायका अशिक्षित मानिसहरूले अशिक्षित मानिस र केटाकेटीहरूलाई सुनाउने हुनाले लोककथाको भाषा सरल र सम्प्रेष्य हुन्छ । लोककथाको भाषामा कुनै जटिलता पाइदैन, सहरिया र परिष्कृत भन्दा वेग्लै किसिमको हुन्छ । स्थान विशेष लोककथा फरक-फरक हुने भएकोले भाषामा आञ्चलिकता पाइन्छ । यसरी सरल भाषामा कथा वाचन गरिने हुँदा सर्वसाधारणले लोककथा सजिलै बुझ्न सक्दछन् ।

लोककथा सरल शैलीमा प्रस्तुत गरिन्छ । लोककथा प्रायः ग्रामीण समुदायका अशिक्षित वर्गले सुन्ने सुनाउने हुनाले यसको शैली ग्रामीण भाषामा हुनु स्वभाविकै हो । लोककथाका

यस्ता शैलीहरू विभिन्न किसिमका हुन्छन् जस्तै : वर्णनात्मक शैली, गर्भकथात्मक शैली, क्रमसम्बर्द्धनात्मक शैली

वर्णानात्मक शैली : कथा एकादेशबाट सुरू गरेर सर्सतीवाचन गर्दै अन्त्य गरिन्छ भने त्यो वर्णानात्मक शैली हुन्छ ।

गर्भकथात्मक शैली : - मूल कथाभित्र स-साना उपकथाहरू पनि जोड्दै कथा वाचन गर्दा त्यो गर्भकथात्मक शैली हुन्छ ।

क्रमसम्बर्द्धनात्मक शैली :- कथामा कुनै पनि कुरा बारम्बार दोहोरिएर आयो भने त्यस कथाको शैली क्रमसम्बर्द्धनात्मक शैली हुन्छ । यसरी नेपाली लोककथाहरूमा यी तीन शैली प्रयोग भएको भेटिन्छ ।

**छ) लोकतत्त्व**

लोककथालाई सिर्जित साहित्यिक कथाबाट भिन्न तुल्याउने तत्व नै लोकतत्त्व हो । अशिक्षित एवं अर्ध शिक्षित व्यापक जनसमुदाय नै लोक हो । लोककथामा एकदमै पठित तथा दर्शन वा चिन्तनले खारिएको अभिव्यक्ति नभई सामान्य लोकको अभिव्यक्ति हुन्छ । त्यसैले उनीहरू प्रकृतिका रहस्यमयलीला देखेर दङग पर्दछन् । पशुपन्छी र निर्जीव वस्तुमा चेतनाको अनुभूति गर्छन् र अलौकिक शक्तिमा विश्वास गर्छन् । लोकका यस्तै भाव वा विचार लोकभाषामा लोककथाले व्यक्त गर्दछ । लोकजीवनको सेरोफेरो र लोकका बरव्यवहार त्यहाँभित्र आएका हुन्छन् ।

# अध्याय : चार

# ललितपुर जिल्ला दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाको सङ्कलन :

प्रस्तुत लोककथा सङ्कलन क्षेत्रकार्यका आधारमा गरिएको छ । ललितपुर जिल्लाको ११ गा.वि.स. हरूलाई सङ्कलनको कार्यक्षेत्रका रूपमा लिइएको छ । सङ्कलनका क्रममा सम्बन्धित स्थानमा पुगी कथावाचकले वाचन गरेअनुसार टेपरेकर्डरको सहायताले ध्वन्याङ्कन पनि गरिएको छ । प्रस्तुत कथाहरू धार्मिक, ऐतिहासिक, जातीय, उत्पत्ति र सामाजिक परिवेशमा आधारित छन् । यी कथाहरूले यहाँको स्थानीय जनजीवनको प्रतिनिधित्व पनि गरेका छन् । सङ्कलित कथाहरू कथा वाचकले भनेका आधारमा उनीहरूकै भाषामा टिपिएका छन् । त्यसरी सङ्कलितमा २३ वटा लोककथाहरूलाई यहाँ समावेश गरिएको छ । तिनीहरू निम्नानुसार छन् :

## ४.१ न्याउरी मारी पछुतो

एकादेशमा एकजना ब्राहम्ण दम्पती बस्थे । ब्राहम्ण सधैं विहान पूजा आजामा व्यस्त हुन्थे । उनको घरमा एउटा सानो छोरो थियो । उनले घरमा एउटा न्याउरी मुसो पनि पालेका थिए । उनी कही जानु पर्दा आफ्नो छोरा र न्याउरी मुसोलाई घरमा छाडेर जान्थे । यसरी उनी सधै घरमा छोरालाई न्याउरीसँग छाडेर हिंड्थे ।

ब्राहम्ण दम्पतीलाई आफ्नो काममा कुनै बाधा व्यवधानहरू थिएनन् । एकदिन उनीहरू सधैँ झैं बाहिर घुम्न गएका थिए । काम सकीवरी साँझपख घर फर्किए । घर आइपुग्ना साथ विस्तारै घरको दैलो खोल्नासाथ न्याउरी बाहुन बाजेको गाडातिर लुटुपुटु गर्न थाल्यो त्यसदिन : न्याउरीको जीउभरि रगत लत्पत्तिएको देखियो ।

यस्तो अवस्था देख्ने बित्तिकै बाहुन बाजेको मनमा चिसो पस्यो । उनले सोचे पक्कै पनि यसले छोरालाई टोकेर मारेको हुनुपर्दछ । उनलाई न्याउरीप्रति शङ्का बढ्यो रिसले केही पनि देखेनन् । रिसको झोकमा सरासर बाहिर निस्केर लट्ठी ल्याई न्याउरीलाई भकाभक हिर्काउन

थाले । हिर्काइको कारण न्याउरी पनि मऱ्यो । न्याउरीलाई मारे पछि विस्तारै बाहुनको रिस पनि केही शान्त हुँदै गयो ।

रिसले गर्दा उनले दायाँबायाँ कतै हेर्ने होस पुऱ्याएका थिएनन् । रिस शान्त भएपछि घरको सबैतिर हेर्दा एउटा कुनामा बडेमा सर्प मरेको थियो । अर्को कुनामा छोरो मस्तसँग सुतिरहेको थियो । बल्ल उनको धैँटामा धाम लाग्यो, न्याउरीले उनको छोरालाई मारेको थिएनन् छोरालाई डस्न आउने सर्पलाई मार्दा उसको शरीर रगताम्मे भएको थियो । यस घटनाले बाहुन खङ्ग्रङ भए । धैर्यविनाको कामबाट प्राप्त दुष्परिणाम उनले बल्ल थाहा पाए । उनको शरीरमा पछुतोको कारण चिट्चिट् पसिना आए । उनको शरीर गलित अवस्थामा पुग्यो ।

भन्नेलाई फूलको माला,<br>
सुन्नेलाई सुनको माला,<br>
यो कथा बैकुण्ठ जाला,<br>
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.२ उत्तिस र गुराँस

रमितेको धना जङ्गल विभिन्न खाले रूखहरूले भरिपूर्ण भएको थियो । त्यस जङ्गलमा लालीगुराँस, उत्तिस, चिलाउने, बकाइनो आदि जातका बोटबिरूवाहरू एक आपसमा रमाएर बसेका थिए । तिनीहरूको बिहाबारी पनि एक अर्का जात बीच हुने गर्थ्यो ।

पुस महिनाको दिन थियो, एक दिन त्यस जङ्गलको लालीगुराँसलाई बिहे गर्ने लहड चल्यो । केटीको छनोट गर्ने क्रममा त्यस जङ्गलमा रहेको सरलक्क बढेको सुन्दर सोझो उत्तिसको रूखप्रति उसको नजर पऱ्यो । उसले उत्तिससँग बिहे गर्नको लागि प्रस्ताव राख्यो "म तिमीसँग बिहे गर्न सक्छु" गुराँसका यस्ता कुरा सुनेर उत्तिसले उसको शिरदेखि पैतालासम्म हेर्‍यो ।

नौ ठाउँमा भाँचिएको देख्दै कुरूप गुराँसलाई उत्तिसले मुख चेप्रयाउँदै भन्यो "तँ जस्ता कुरूपसँग बिहेगर्नु भन्दा मेरी छोरी बुढी कन्ने नै बस्छे हामी तँसँग बिहे गर्दैनौं"

यसरी उत्तिस र गुराँसको बिहाबारीको विवाद चल्यो उत्तिसको कटु वचनले गुराँसको मनमा गहिरो चोट पुग्यो । देख्दा बाँगोटिंगो भए पनि गुराँस पनि कम्ती चाहि थिएन । चित्त दुखाई गर्दै गुराँसले उत्तिसलाई भन्यो, “आज मलाई कुरूप-सुरूप भनेर गाली गर्नेले मेरो लोभलाग्दो जोवन चैत बैसाखमा हेर्न आउनु” । त्यति भन्दै गुराँस त्यहाँबाट बिदा भयो । एकदिन दुइ दिन हुँदै दिनहरू बित्दै गए । चैत बैशाख पनि शुरु भयो । लालीगुराँस फुलेर पाखै रङगी चङ्गी देखियो । त्यस समयमा उत्तिसलाई पनि गुराँसले भनेको कुराको सम्झना भयो । के चाहिं रहेछ यसको रहस्य ? साफै धुर्क्याउँथ्यो, हेर्न जानुपर्‍यो भनेर ऊ गुराँस भएका जङ्गलमा पुग्यो । जब उत्तिस गुराँस भएको ठाउँमा पुगेको थियो , त्यो ठाउँ बेहुली जस्तै सिंगारिएको देखियो ।  त्यो दृश्य देख्दा उत्तिसको मनमा गहिरो चोट पर्‍यो । आफूले पहिले कुरूप सुरूप भनेर तथानाम गाली गरेको कुरा सम्झेर मनमनै पश्चात्ताप गर्न थाल्यो ।

आफ्नो घमण्डको कारण गुराँसलाई गाली गरेकोमा उत्तिसलाई जिउँदै मरे जत्तिकै भयो । आफूले समयमा बिचार नपुर्‍याई गाली गरेकाले उत्तिसलाई पछुतो भयो । विचार नपुगेको कमजोरीको कारण उत्तिस पहिरोमा हाम फालेर मर्‍यो । त्यसैकारण उत्तिस आजभोलि पहिरो गएको जग्गामा मात्र उम्रने गर्दछ ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.३. भाइ फुटे गँवार लुटे

एउटा गाउँमा तीन साथीहरू मिलेर खेल्ने गर्दथे । उनीहरू उउटा बाहुन जातको, अर्को छेत्री र तेस्रो चाहिँ धर्ती थियो । तिनीहरू सधैं एकआपसमा मिलेर काम गर्दथे एक दिन उनीहरूले परदेश घुम्न जाने अठोट गरे । सल्लाह अनुसार तीनै साथी परदेशतिर लागे ।

परदेशका लागि उनीहरूले खानेकुराको बन्दोबस्तो गरेका थिएनन् । उनीहरूले सोचेका थिए - परदेशमा पनि घरमा जस्तो खानपिनको व्यवस्था हुन्छ । परदेशको बाटो लागेपछि भोक र तिर्खाले उनीहरूलाई सताउन थाल्यो । खानपानको व्यवस्था नभए पछि ढुङ्गा माटो नै उठाएर खाउँ जस्तो भयो । दायाँबायाँ केही खानेकुरा पाइन्छ कि भनेर हेर्न थाले । यत्तिकैमा एउटा किसानको बारीमा बदाम फलेको देखे । भोकले छट्पटिएका परदेशीहरूले बदाम चोरेर खाने विचार गरे । जब उनीहरू बदाम खन्दै खाँदै थिए तब बदामवाला किसान पनि आफ्नो बारीको रेखदेख गर्न आइपुग्यो ।

तीनजना भूसतिग्रे भोकचोरहरूले बदाम चोरेर खान लागेका देखेर किसानको बर्बण्डबाट रिसको ज्वाला दन्कियो । तर किसान के गर्न सक्थ्योर ? ऊ एक्लो उनीहरू तीन तीन जना लक्का जवान थिए । त्यत्तिखेर उसले धैर्यका साथ जुक्ति रच्यो, अब के गरेर बदामको पैंचो लिने ? उसले उनीहरूको एकतालाई कसरी फुटाउने र एक्ला एक्लै पार्ने भन्ने विचार गऱ्यो । शत्रुसँग पनि मित्रवत् व्यवहार गरी गोप्य कुरा लिन किसान नम्र भएर सोधीखोजी गर्न थाल्यो । उसले सोध्यो, "तपाईहरू कहाँबाट आउनु भयो ?" उनीहरूले जबाफ दिए, "गैरी गाउँबाट" । फेरि किसानले सोध्यो "के कामले आउनु भयो "? के के थरीको (जातको) हुनुहुन्छ ? किसानको नम्रता सुनेर उनीहरू मख्ख परे । भोक पनि टारियो, सम्मान पनि पाइयो भन्ने दङ्ग परे । सोझो पाराले उनीहरू आफ्नो बेलिविस्तार गर्न थाले, हामी सबै परदेश घुम्न आएको भनेर एकै स्वरमा जवाफ दिए ।

साथसाथै बाहुनले 'म बाहुन' भनेर गर्वका साथ जवाफ दियो । एवं रीतले छेत्रीले 'म छेत्री' भनेर कड्केर भन्यो । तेस्रो घर्तीले लजास्पद स्वरमा 'म धर्ती' भनेर जवाफ दियो ।

यसरी सबैले नालीबेली पाएपछि किसानले विचार गऱ्यो अब मौका मिलेको समयमा एकाएक गरी बदामको पैंचो लिनु पर्दछ भनेर बाहुन देवता, छेत्री राजा, यो पाजी घर्तीले मेरो बदाम किन खाएको भनेर किसान कड्कियो । उक्त अवस्थामा बाहुन र छेत्री सम्मान पाएकोमा मख्ख परेर उसले घर्तीलाई बेस्कन भकुऱ्यो । एवं तरिकाले बाहुन देवता, यो छेत्री डाकाले मेरो बदाम किन खायो भनेर पुनः किसान जङ्गियो । उसको वीर सिक्का नबुझेर बाहुन गमक्क

परिह्यो र छेत्रीले पनि भकुमार कुटाइ खायो अन्तिममा बाहुन एक्लो भएपछि किसानले बाहुनको दोलो काढ्यो ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.४. हराएको सारी

कुनै गाउँमा एकजना पण्डित बाजे बस्तथे । उनका एक छोरा र एक छोरी थिए । बालबच्चा साना हुँदै उनको मृत्यु भयो । विचरा टुहुरा छोराछोरीको पालन पोषण उनका काका बाबाट भयो । काका काकीकै रेखदेखमा हुर्केका भतिजा भतिजीको बिहेदान उनीहरूकै चाँजोपाँजोमा भयो । दिन प्रतिदिन समय बित्दै गयो । समर्थ भएपछि पण्डितका छोरा काका बा बाट अलगै बसेर आफ्नो घर व्यवहार संचालन गर्न थाले ।

घर गृहस्थीको मूल धर्म घरको चाँजोपाँजो गर्नु हो । आफ्नो संस्कार अनुसार देउपितृ कार्य सम्पन्न गर्नु पाउनाको सत्कार गर्नु, चेलीवेटी डाक बोलाउ गर्नु जस्ता कामको अभिभारा पण्डितका छोराको काँधमा आइपऱ्यो । एक दिन पण्डित बाजेको सराद्धेको दिन परेको थियो । बाबुको सरादेका दिन दाजुले निम्तो गरेकोले पण्डितकी छोरी पनि माइत आएकी थिइन् । पण्डित बाजेकी बुहारी अलि शंङ्कालुका साथै क्षुद्र स्वाभवकी थिइन उनी आफ्नो नन्दा माइत आएको पनि निको मान्दैन्थिन् । हुँदा नहुँदा त्यसवेला भाउजूको सारी हराए छ । उनले त्यो सारी नन्दले नै चोरेको हो भनी ठाडै दोष लगाइन । मैंले सारी चोरेकै छैन भनी नन्दले कोटी बिन्ती गर्दा पनि उनले विश्वास गरिनन् । बरू उल्टै तथानाम चोर्नी, बोक्सी जस्ता आरोपहरू लगाइन् ।

भाउजूले क्षुद्र गाली गलोज गरेकोले उनको मनमा गहिरो चोट पऱ्यो । उनका हृदयमा तीक्ष्ण वाण प्रहार भएकोले कहिले निको नहुने चोट लाग्न पुऱ्यो । उनको मनमा भएको तुषारापातले भयङ्कर आँधी पैदा गऱ्यो । अचानक आएको मनको आँधीले उनलाई फेरि माइत आउने बाटोमा तगारो लगाइ दियो । पटक-पटक दाजुले सम्झाउँदा पनि भाउजूले लगाएको

दोषबाट उनी मुक्त हुन सकिनन् चोरीको कलङ्कका कारण उनले अब कहिले पनि माइत नआउने प्रतिज्ञा गर्दै कङकला शब्द रूँदै माइतबाट सदाका लागि बिदा भइन् ।

यसरी नन्द घरबाट बिदा हुँदा पनि भाउजूबाट सहानुभूतिका कुनै भावनाहरू पलाउन सकेनन् । दिनहरू बित्दै गए, एकदिन पण्डित बाजेकी बुहारी घरको सफा सुग्धरका काममा ब्यस्त थिइन घरको कुनाकाप्चा सफा गर्ने क्रममा सन्दुसको अन्तरमा एउटा मुसाले प्वालैप्वाल पारेको सारी फेरा पारिन् जुन सारी उनले नन्दले चोरेको दोष लगाएकी थिइन् । एक दिनको चुपचाप पछि अक्क न बक्क भइन् । बास्तविकता नबुझी नन्दलाई दोष लगाएकोमा उनी मनमनै पश्चात्ताप गर्न थालिन्  जुन चोटले गर्दा नन्दलाई माइत आउने बाटोमा बार लाग्न पुगेको थियो ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.५ तामाङ्ग जातिको कथा

धेरै वर्ष अगाडिको कुरो हो । तिब्बतको कुनै प्रान्तमा तामाङ जातिको बसोवास थियो रे । त्यति बेला उनीहरूलाई तामाङ मानिदैनथ्यो । त्यस ठाउँमा एउटा समाजमा फुपूको छोरा र मामाकी छोरीसँग माया प्रेम भएछ । त्यस वेला तिब्बतमा त्यस किसिमको चलन थिएन रे । चलन विपरीप काम गरेकाले तिनीहरूलाई त्यस ठाँउमा बस्न पाउँदैनौ भनेर त्यहाँका मानिसहरूले धन सम्पत्ति र घोडा दिएर त्यस ठाउँबाट अन्यत्र पठाइदिएछन् । यसरी सम्पत्ति र घोडा लिएर तिब्बतको खाम्पा बसोवासबाट मिल्दोजुल्दो फुपूचेला मामा चेलो चल्ने प्रान्तको खोजी गर्दै जाँदा नेपालको गुरूङ राजा भएको ठाउँमा आइपुगेछन् । त्यस ठाउँमा पनि फुपूचेला मामाचेला विवाह चलाउँदा रहेछन्  । गुरूङ राजाले उनीहरूलाई 'यहीँ बस' भनेर तिमाल भन्ने ठाउँमा ठूलो बिर्ता दिएछन् । तिब्बतबाट आएर बसोबास गरेको नेपालको मूल थलो तिमाल हो र तिमालबाट अन्यत्र फैलिएका हुन् भन्ने भनाइछ  ।

यसरी सवैभन्दा पहिले तिमालमा बसेर नेपालको अन्य भागमा बसोबास गर्न थालेका हुन् । पहिले बसेको ठाउँमा गुम्बा पनि बनाएछन् । अनि गाँस, बास, कपासको खोजीमा पूर्वतिर लागेछन् । विभिन्न स्थानमा बसाईं सर्दै पूर्वमा चौतारा हुदै मधुमृगीसम्म आएछन् । मधुमृगीमा आएपछि अझ पूर्वमा भैंसीकौशिला, गाईकौशिला, र पिंडालु कौशिला पाइन्छ भन्दै पूर्वका विभिन्न भागमा बसोबास गर्न थालेछन् । यसरी पूर्वतिर बसाईं सर्ने क्रम रह्यो । गाँस, बासको खोजीमा सुनौलो सपना बोकेर आएका, त्यो नपाएपछि निराश भएर लेकको जङगल पसेर लोक्ताको काम गरी नेपाली कागज बनाएर आफ्नो पेट पालन गर्न थालेछन् ।

यसो पनि भन्छन् पहिले तामाङहरू भोट परिवारकै मानिस थिए । भोटमा खाम्पा र तामाङहरूको घोडायुद्ध भएको थियो रे । युद्ध हार भएपछि घोडा लिएर भागेकोले जातिको नाम तामाङ रहेको हो । तामाङ भाषामा 'ता' भनेको घोडा र 'मख' भनेको लडाइँ हो त्यही 'ता' र 'मख' बाट तामाङ नाम रहेको हो ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.६ बोका काटी स्वर्ग पुग्ने पुजारीको कथा

कुनै गाउँमा एउटा पुजारी थियो । उसले प्रत्येक दिन ५१ वटा बोका पूजा नगरी खाना खान पाउँदैनथ्यो । उसले तेह्र वर्ष यसरी नै बिताएछ । उसको जागिर यस्तो थियो कि जत्ति भोक लागे पनि ५१ वटा बोका काट्नै पर्ने अनि मात्र खाना खान पाउने । त्यसैले ऊ दिक्दार भएको थियो । यसरी पूजा गर्दा गर्दा उसले पूजा गरेको समय जम्मा बाह्र वर्ष भएछ  बाह्र वर्ष भएपछि  एकदिन उसलाई यत्ति भोक लागेछ कि उसले भोक खप्नै सकेनछ र काट्न बाँकी, तीनवटा बोका बाँकी राखेर खाना खान गएछ । खाना खाइसकेपछि फेरि पुजारी पूजा गर्न मन्दिर गएछ । मन्दिर गएर खुकुरी खोज्दा पाएन । त्यसपछि खुकुरी धुइँधुइँती खोज्न थाल्यो तर खुकुरी कहीं पनि पाएन त्यहाँ बोकाहरू भने सुतेको सुत्यै  रहेछन् । खुकुरी बोकामुनि छ कि

भन्दा एउटा बोको उठ्यो कि अर्को सुतिहाल्थ्यो । यसरी पालै पाल्यो बोका सुतेकोले खुकुरी त्यहीं बोकाहरूले लुकाएको रहेछ भन्ने उसले ठान्यो । यस्ता पशुलाई पनि कत्ति जीवनको माया रहेछ, मार्छ भनेर खुकुरी लुकाउँछन् भने यिनीहरूको आत्मा रूवाएर म यो पाप काम गरिरहेछु, अब म यो पापकाम गर्दिन, यो जागिर पनि खान्न, बरू मेरो आत्मा त्याग गर्छु भनेर पुजारी काशीमा हामफाल्न गएछ ।

कोसीमा पुगेपछि उसले आफ्नो प्राण त्याग गर्न हामफालेछ । यसरी बोकाको आत्मालाई सम्मान गरी आफ्नो प्राण त्याग गर्न लागेकोले उसलाई भगवानले बचाएर स्वर्गलोक लगेछन् । त्यो पुजारीले आफैंले पाप गरेको होइन, अरूले वा अरूको करकापले गरेको हुनाले उसलाई दोष लागेनछ । बोकाबाट यो नराम्रो काम रहेछ भन्ने ज्ञान पाएपछि मर्न गएकोलाई पनि भगवानले माफ गरी बचाइदिएका रहेछन् ।

त्यसैगरी अर्को ठाउँमा एकजना लामा ध्यानमा बसेका थिए । उनी ध्यानमा बसेको ३५ वर्ष भएको रहेछ । बाह्रवर्षसम्म बोका काटेर वस्ने पापीलाई त भगवानले बचाए भने म त ३५ वर्षसम्म साग र सिस्नु खाएर तपस्यामा बेसेको छु । मलाई त अवश्य नै भगवान्ले बचाउनु हुनेछ भनेर त्यो पुजारीका झैं कोसीमा गएर लामाले हाम फालेछ तर उसलाई बचाउन भगवान नआएकोले त्यो लामा डुबेर मरेछ ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.७ अनैतिक सम्बन्ध उदाङ्गो

एकादेशमा एउटा गरिव मानिस बस्दथ्यो त्यो गरिवकी स्वास्नी खराब खालकी थिई । ऊ आफ्नो लोग्नेलाई भन्दा अरू केटाहरूलाई मायागर्थी आफ्नो लोग्नेको मतलब नै गर्दैनथी । यसरी नै उनीहरूका दिनहरू बित्दै गए ।

एक दिनको कुरा हो, त्यो लोग्ने बिरामी पऱ्यो र मऱ्यो । गाउँका सबै छरछिमेकीहरू जम्मा भए र छलफल  कचहरी चल्यो छरछिमेकीहरूको सरसहयोगका कुरा चले । त्यो केटाकी स्वास्नीले प्रश्न गर्न थाली :- "यो हुक्कामा तमाखु को खाला?" ऊ सँग अनैतिक सम्बन्ध राख्ने केटाले जवाफ दियो - म खाला" यसरी प्रश्नहरू थपिदै गए त्यो केटीले भनी "यो बारीमा खेतीपाती को गर्लान? यो खाटमा को सुत्ला ? केटो " म गर्ला । म सुत्ला" भन्ने लगातार जवाफ दिंदै गयो । यस्तो सवाल जबाफ भएको सुनेर गाउँलेहरू तीनछक परे । त्यसको रहस्य थाहा नपाएर गाउँलेहरू कानेखुशी गर्न थाले ।

छलफलकै क्रममा फेरि केटीले प्रश्नगरी "बुढोले गरेको रिन को तिर्ला ? त्यो केटोले सबै गाउँलेको मुखतिर हेरर " म मात्र कति बोल्नु, अरूले पनि भनन" । यस्तो सवाल, जवाफ सुनेर छरछिमेकीहरू छक्क परे । त्यो केटा र केटीको अनैतिक सम्बन्ध रहेको रहस्य पत्ता लाग्यो । त्यस केटीको सम्पत्तिको चैन चाहिं आफू गर्ने तर ऋण तिर्न कुरा चाहिं नसक्ने मनसाय बुझेर गाउँलेहरूले त्यस दिनबाटनै त्यस केटालाई पक्रेर त्यो केटी जिम्मा लगाइदिए । धन सम्पत्ति .... र रिन चाहिं हकवाला दाजुभाइलाई जिम्मा दिए ।

भन्नेलाई फूलको माला,  
सुन्नेलाई सुनको माला,  
यो कथा बैकुण्ठ जाला,  
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.८ चोरीको परिणाम

कुनै एक समयमा एक जना गुरूले चेलाहरू जम्मा गरेर शिक्षा दिने व्यवस्था गरेका थिए । गुरू सधैं चेलाहरूलाई शिक्षा दीक्षाको पाठहरू सिकाउँथे । चेलाहरू पनि गुरूले सिकाएका पाठहरू पढ्ने र गुरू दक्षिणाका लागि गाउँमा भिक्षा मागेर ल्याउने गर्दथे । गुरूले नैतिकताको पाठ पढाउनु हुन्थ्यो । उनीहरू नैतिक र चरित्रवान बनेका थिए । एक दिनको कुरा हो, विहान उठेर गुरू आफ्नो विहानको न्यास, ध्यानमा लाग्नु भएको थियो । आफ्नो नित्य कर्म सकेर उहाँ भित्र आउँदा खटियामा राखेको कलम हराएछ । चेला र आफूमात्र भएको ठाउँमा

एक्कासी कलम हराउँदा उहाँको मनमा चिसो पस्यो । पक्कै पनि यो कलम चेलाहरू मध्ये कसैले झिकेको हुनुपर्दछ भने उहाँले ठान्नु भयो ।

गुरूले कलम हराएको चर्चा गर्नु भयो तर कुनै चेलाले पनि मैले झिकेको हुँ भनेर भनेन । यसपछि गुरूले एउटा जुक्ति सोच्नु भयो सबै चेलाहरूलाई आफू सामुन्ने उपस्थित हुन आदेश दिनुभयो सबैलाई एउटा लाइनमा उभ्याएर उहाँले एउटा खुकुरी हातमा लिनु भयो 'तिमीहरू सबै होसियारसाथ बस, म अब चोरको खुट्टा काट् छु' भनेर गुरूले भन्नासाथ कलम चोर्ने चेलोले हत्नपत्त आफ्नो खुट्टा उचाल्यो । यसरी गुरूले जुक्तिबाट चोर पत्ता लगाउनुभयो । केटोले रूँदै आफूले गरेको बदमासी स्वीकाऱ्यो र गुरू समक्ष क्षमता माग्यो । केटोले अवदेखि कहिले पनि यस्तो खालको खराब कार्य नगर्ने प्रतिज्ञा गऱ्यो गुरूले पनि एक पटकलाई सुधिनका लागि माफी दिनुभयो ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.९ दुई दाजु भाइको कथा

एकादेशमा एउटा सानो गाउँ थियो । त्यस गाउँमा दुई दाजु भाइ बस्तथे । दुइ दाजु भाइ मध्ये दाजु राम्रो बोली भएको थियो भने भाइ चाहि लठेप्रो थियो । दाजु चाहिको बिहे गरेको ४-५ वर्ष भएको थियो । तर श्रीमती चाहिँ माइतमा नै थिइन् भाइको पनि बिहे गर्ने बेला भैइसकेको थियो । तर केटी कसैले नदिनाले बिहे भएको थिएन । दाजु चाहिँ श्रीमतीलाई भेट्नका साथै मिठो मसिनो खान पाउने आशाले बेलाबेलामा ससुराली जाने गर्दथ्यो । दाजु घरमा आएर सासूले मिठो मसिनो पकाएर खुवाएको कुरा भाइलाई सुनाउँथ्यो ।

एक दिनको कुरा हो, लठेप्रोले भन्यो "म पनि तपाईंको ससुराली जान्छु, भाउजुलाई भेटेर आउँछु ।" यसरी लठेप्रोले ढिपी गरेको हुनाले दाजुले उसलाई केही सिकाएर ससुराली पठाउने विचार गऱ्यो दाजुले भाइलाई भनेछ "ठिकै छ, ससुराली जा, तर ससुराले जे साधे पनि

सुँक्क सुक्क गरेर मुन्टो हल्लाउनु ।" नभन्दै लठेप्रो भाइ ससुराली गयो, ससुराले पनि आएर खबरखाबर सोध्न थालेछन् । लठेप्रोले पनि सुँक्क सुक्क गर्दै मुन्टो हल्लाएर उत्तर दिंदो रहेछ । ससुराले दाजुको  खबर के छ भनेर सोद्धा मलाई दाजुले नै यसो गर्न सिकाएको त होनि, आखिर उसैको खबर सोध्दा झन् दरो बताइदिन्छु भन्ने सोचेर अधि भन्दा अलि सारो लठेप्रोले सुँक्क सुँक्क गरेछ ।

यसरी जुवाईंको भाइले सुँक्क सुक्क रूँदै मुन्टो हल्लाएको देखेर ससुराले जुवाईं बितिसके छन् भनी ठानेर छोरीलाई बोलाएर सिंदुर पोते फुकाल्न लाएछन् । अब ऊ छोरी यस्तो उमेरमानै राँडी भई भनेर दुःख मनाउ गर्न थालेछन । लठेप्रो पनि त्यसदिन त्यहाँ नै बसेर भोलिपल्ट आफ्नो घर फर्केछ ।

भोलिपल्ट घरमा आएर लठेप्रोले दाजुलाई सबै कुरा सुनाएछ साथै भाउजू राँडी भइन भनेर ससुराले दुःख मनाउ गरेको कुरा पनि सुनायो । अब दाजुलाई पनि स्वास्नी राँडी भएकोमा चिन्ता लाग्न थाल्यो साथै स्वास्नी त राँडी भै. नै उसको बिहेको ऋण तिर्न बाँकी नै थियो । दाजु चाहि साहू कहाँ गएर साहूलाई भनेछ "साहूजी के गर्नु बिहेको ऋण तिर्न नपाई स्वास्नी राँडी भै, अलिअलि मिनाह गरिदिनु पऱ्यो ।" अब साहू छक्क पऱ्यो र भन्न थाल्यो, "ए मोरा ! तँ हुँदाहुँदै कसरी तेरी स्वास्नी राँडी भै ? तर उसले जिद्धी गर्दै भन्न थाल्यो "होइन साहुजी ससुराले नै त्यसो भनेको रे, मेरा ससुरा कहिलै झुटो बोल्दैनन् ।" साहूले पख, म बुझ्छु तँ अहिले घर जा भनेर त्यसलाईं त्यहाँबाट पठाएछन् । ती साहू पनि भोलिपल्ट बुढापाका कहाँ बुझ्न गएछन । साहूले गाउँको एउटा बूढालाई सोधेछन् । लोग्ने हुँदाहुँदै स्वास्नी राँडी हुन्छे कि हुन्न ? त्यस बूढोले पनि साहूलाई आफ्नो बाबु मर्दा फूपू राँडी भएको कुरा सुनाएछ ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

**४.१०. छट्टु स्यालको कथा**

एकादेशमा एउटा छट्टु स्याल बस्ने गर्दथ्यो । स्याल काम गर्न ज्यादै अल्छी थियो । ऊ गाउँको छेउमा रहेको जङगलमा बस्ने गर्दथ्यो । त्यो स्याल  सधैं गाउँमा आएर चिल आयो, चिल भनेर कराउँथ्यो जसले गर्दा सम्पूर्ण गाउँलेहरू आकाशमा चिलतिर आँखा लगाउँथे ।

त्यसैवेला उसको पालो एउटा सबैभन्दा ठूलो कुखुरा चोरेर सुइँकुच्चा ठोक्दथ्यो । एवं रीतले दिनप्रति दिन एउटा कुखुरो घट्ने हुनाले गाउँलेहरू चलाख भएर 'चिल आयो' भन्दा भुईतिर हेर्न थाले । स्यालको चलाखी गाउँलेहरूले पनि थाहा पाए अनि स्यालले कुखुरो पक्रन लागेको वेलामा गाउँलेहरू स्याललाई पक्रन सफल भए ।

स्याललाई लठ्ठीमा बाँधेर ढुङगामा धिसार्ने थाले, स्याल चाहिँ क्या मज्जा भयो भने रमाए जस्तो गर्न थाल्यो उनीहरूले यसलाई सास्ती दिनु पर्‍यो भनेर दुबो चउरमा घिसार्न थाले । स्याल ऐया ! ऐया ‼  भनेर रून कराउन थाल्यो । अलिपरसम्म घिसारेर स्याललाई रूखमा झुण्डाइ गाउँलेहरू फर्किए । स्याललाई दुखेर छटपटी भएको थियो, त्यसैवेला त्यही बाटो गरी एउटा भालु आउँदै थियो । स्यालले भालुलाई देखेपछि 'चचहुई चचहुई' पिङ खेलेको जस्तो गर्न थाल्यो ।

अनि भालुले पनि स्याललाई सोध्न थाल्यो, 'जम्मु मन्त्रीजी पिङ खेल्न ज्यादा रमाइलो छ कि क्या हो ?'  "रमाइलो छ र त खेल्छु फेरि यहाँ पिङ खेल्दा बाबुबाजे सबै देखिंदा रहेछन् । स्यालले भन्यो । स्यालका यस्ता कुरा सुनेर भालुले पिङ खेल्न माग्यो । स्यालले अस्वीकार गरेजस्तो गरी डोरी फुकाइ मागी भालुलाई त्यही डोरीमा झुण्डाई आफू सुइँकुच्चा ठोक्यो ।

पानी परेको वेला थियो, अलिपर बाटामा जाँदा जाँदै स्यालले एउटा मरेको हात्ती भेटायो । धेरै दिनको भोको स्यालले हात्तीको मासु खाँदा खाँदै त्यो स्याल हात्तीको मलद्वार भित्र पसेछ र त्यहाँको कमलो माशु खान थालेछ । चर्को धामका कारण हात्तीको मलद्धार बन्द भएछ । हात्तीको पेटमा बन्द भएको स्याल दु:खी भएर विभिन्न आवाज निकालेर छटपटाउँदो रहेछ ।

त्यसैवेला महादेव पार्वती पनि भ्रमणका सिलसिलामा त्यहाँ आइपुगेछन र के को आवाज हो सोधे छन् स्यालले पनि 'तँ को होस?' भनेर सोधेछ र महादेवले "म महादेव हुँ भन्दा" तँ फुस्रो के को महादेव होस् म पो महादेव, म त हात्तीको छाला ओढेर बसेको छु । तँ साच्चै महादेव होस् भने ल पानी पार त ।" भनेर स्याल भनेछ । महादेवले पनि तुरून्तै पानी

पारेछन् । चिसो हुने वित्तिकै हात्तीको मलद्वार फुकेछ र स्याल हत्त न पत्त बाहिर निस्केर सुइँकुच्चा ठोकेछ ।

महादेव रिसले चुर हुँदै स्याललाई लखेट्दै गएछन् । स्याल एउटा दुलोमा पसेछ । त्यसवेला महादेवले स्यालको खुट्टा समाउन भेटेछन् । चङ्खे स्यालले त्यतिखेर नै भनेछ, ओहो ! महादेव हुँ भन्छ रूखको जरो समातेर स्यालको खुट्टा समाते भन्ठान्छ । स्यालको यस्तो कुरा सुनेपछि महादेवले स्यालको खुट्टा त होइन पो रहेछ भन्दै छोडिदिएछन् र त्यही मौका पारेर स्याल भागेछ ।

महादेवले कसै गर्दा पनि स्याललाई पक्रन सकेनछन् । अव महादेव स्याललाई पक्रने जुक्ति खियाउन थाले र एउटा लिसोको बालक उत्पत्ति गराए । बालकको दुवै हातमा लड्डु राखेर आफू लुकेर हेर्न थाले । स्याल आएर बालकसँग लड्डु माग्यो, बालकले लड्डु नदिंदा स्यालले एक हातले गालामा हिर्कायो । स्यालको हात टाँसियो । त्यसपछि ए ! मेरो अर्को हात छैन र भन्दै अर्को गालामा अर्को हातले हान्यो । स्यालका दुवै हात लिसोमा टाँसिए । त्यसै वेला महादेव फुत्त निस्किएर स्याललाई सास्ती दिनथाले तर पार्वतीलाई दयालाग्यो । उनले भनिन, “यस्तो चङखे स्याललाई सास्ती दिनु भन्दा बरू हाम्रै समूहमा लगेर भर्ती गरौं भनेर आफ्नो लोकतिर लिएर गएछन । यसरी त्यो छट्टु स्याल बिभिन्न कठिनाइबाट बच्दै बच्दै महादेवसँग कैलास जान पाएछ ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.११ ठगको कथा

एका देशमा एउटा गाउँ थियो । त्यस गाउँमा एउटा सोझा बाहुन बस्दथे, गाउँघरमा उनलाई सोझा बाहुन भनेर चिन्दथे, उनी छट्याइँ पट्याइँ गर्न जान्दैनथे । एक दिनको कुरा हो, दशैं आउन लागेको थियो अब दसैलाई एउटा बोको चाहिकोले, उनी बोको किन्न छिमेकी गाउँमा गएका थिए । उनले बोको किनेर ल्याउँदै थिए । उनी आउँदै गरेको देखेर तीन जना

ठगहरूले ठग्ने योजना गरे । उनीहरूले सल्लाह गरे, ठगहरू बाटोमा तीनवटा अखडा जमाएर बस्ने र प्रत्येकले बाहुनलाई यो कुकुर किन ल्याएको भनेर सोध्दै जाने र सबैले कुकुर ल्याएको भनेपछि बाहुनले बोको छाडिदिन्छन अनि मज्जासँग खाने । ठगहरूको पूर्व योजना अनुसार ठगहरू बाटोमा अखडा जमाएर बसे, बाहुन आफ्नो बाटो बोको डोऱ्याएर हिंडिरहेका थिए । यही क्रममा पहिलो ठगले बाहुनलाई भेट्यो र "ए बाहुन ! यो कुकुर किन डोऱ्याएको" भनेर सोध्यो । बाहुनले 'यो कुकुर होइन बोको हो' भने र बोको डोऱ्याएर बाटो लागे । एवं रीतले दोस्रो ठगले उनलाई फेला पाऱ्यो र फेरि भन्न थाल्यो " ए ! बाहुन ! यो कुकुर  किन डोऱ्याउको ?" सोझा बाहुनले सोझै जवाफ दिए, "यो कुकुर होइन दसैंको लागि बोको ल्याएको" बोको डोऱ्याउँदै उनी बाटो लागे । यसै गरी बाहुन बोको लिएर बाटो के लागेका थिए तेस्रो ठगले उनलाई भेट्यो र सोध्यो "ए बाजे ! बाहुनको छोरो भएर पनि यो कुकुर किन डोऱ्याएको ?" बाहुनलाई पटक-पटक सबैले त्यसो भनेपछि आफूले कुकुर नै ल्याएको पो होकि भन्ने दोमन भयो ।

बोको डोऱ्याएर बाहुन केही पर पुगेर दोधारिए सबैले कुकुर भनेकोमा उनी छक्क परे र साँच्चै पो कुकुर रहेछ क्यार भनेर बोको बाटोमा नै छाडिदिए । यसरी बाहुनले बोको छाडेपछि ठगहरूले मौका छोपेर बोको लगेर दसै टारे । बिचरा बाहुन बोको किन्न गएका रित्तो हात घर फर्कंदा बाहुनी छक्क परिन् । उनले बोको नपाएको हो कि भनेर बाहुनलाई सोधिन् । बाहुनले बोको किनेर ल्याएको तर बाटोमा किन कुकुर ल्याएको भनेर भनेकोमा कुकुर रहेछ भनेर छाडेको कुरा बताए । यसरी आफूलाई परेको घटना बाहुनले बताएपछि बाहुनीले आफ्नो लोग्ने ठगिएको कुरा पत्तालगाइन र उनीहरूको दसैं खल्लो भएको अनुभव गरिन् ।

भन्नेलाई फूलको माला,  
सुन्नेलाई सुनको माला,  
यो कथा बैकुण्ठ जाला,  
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.१२. कुविचारको परिणाम

एकादेशमा दुईजना लोग्नेस्वानी बस्तथे । स्वास्नी लोग्ने भन्दा तरूनी थिई । उसलाई लोग्ने त्यति मन परेको थिएन । लोग्ने ऊ भन्दा अलि बुढो पनि थियो । स्वास्नी सधैं लोग्ने मरिदिए पोइला जान्थे भनेर सोचिरहन्थी, ऊ दिनहुँ जसो नुहाइधुवाइ पूजापाठ गरेर लोग्ने मरिजाओस् भन्दथी तर लोग्ने चाहिँ बिरामी पनि हुँदैनथ्यो । गाउँमा पनि यो जोईपोइ त्यति मिलेर बसेका छैनन् भन्ने कुरा गाउँलेहरूलाई थाह थियो । एक दिनको कुरा हो , स्वास्नी चाहिं लोग्ने कहिले मर्छ भनेर ज्योतिष हेराउन गइछ । उसले मेरा श्रीमान्को आयु कति होल बाहुन बाजे भन्ने बित्तिकै ज्योतिषले कुरा बुझिहाले र बताइदिए "माघमासे घृतम् पुवा तस्य बुढो नजीवति" (माघको जाडो महिनामा घिउ र पुवा दिनुभयो भने लोग्ने अवश्य मर्नेछ) ।

ज्योतिषको यस्तो कुरा सुनेर हर्षले गदगद् हुँदै स्वास्नी चाहिँ घर आई । भोलिपल्टदेखि लोग्नेलाई रूचुन्जेल घिउ र पुवा खुवाउन थाली, लोग्ने पनि छक्क पऱ्यो । सधैं बाजिरहने बूढी खान दिँदा पनि झर्किन्थी, आज के हो प्यारो पनि गर्छे भन्ने मनमन सोचो । दिनैपिच्छे लोग्नेलाई खाएसम्म घिउ र पुवा खुवाउन थाली । लोग्ने भने मर्नु त परै जाओस् झन् मोटाएर ढाडी भएछ । स्वास्नी चाहिँ लोग्ने मरेन भनेर चिन्ताले दुब्लाउदै गइछ । अब स्वास्नी पनि बलियो हुने उपाय सोध्न जान्छु भनेर ज्योतिष कहाँ गइछ र ज्योतिषलाई म के खाएर चाँडै मोटाउँछु भनेर सोधिछ ।

ज्योतिषले स्वास्नी चाहिँका कुरा बुझेर "चैत्र मासे खुदोसातु तस्य बूढी चिरन्जीवी" भनिदिएछन् स्वास्नी चाहिं खुसी हुँदै घरतिर आई र चैत्रको महिना थियो, सातु पिंधी अनि खुँदो र सातु सक्दो खान थाली । एक दुईदिन त असर देखिएन तर दैनिक रूपमा खुँदो र सातु खान थालेपछि स्वास्नीलाई छेरोटी चलेछ र ठहरै मरिछ । यसरी लोग्नेको कुभलो चिताउने स्वास्नी आफैं यमराजको दैलोमा पुगिछ ।

भन्नेलाई फूलको माला,  
सुन्नेलाई सुनको माला,  
यो कथा बैकुण्ठ जाला,  
भन्ने बेलामा खुरूखुरू आइजाला ।

### ४.१३. जे गर्छन् भगवान असलै गर्छन्

एकादेशमा एउटा राजा थिए । उनका एउटा विश्वस पात्र मन्त्री थिए । उनका मन्त्रीको जे गर्दा पनि “जे गर्छन् भगवान असलै गर्छन्” भन्ने थेगो थियो । राजा र मन्त्रीको मिलोमतोबाट त्यो राज्यमा सुशासन सञ्चालन भएको थियो । त्यो राज्यको परिस्थिति अन्य राज्यको तुलनामा अति बेस थियो ।

एक दिनको कुरो हो, राजा जङ्गलमा सिकार खेल्न गएका थिए । उनले मृग सिकार गर्दै जाँदा, बन्दुक हान्न लाग्दा बन्दुकको घोडाले दाहिने हातको कान्छी औंला चुँडालेर लग्यो । एका तर्फ आफू अपाङ्ग हुनु र अर्कातर्फ चोटका कारण असह्य वेदना भएकोले दुखित हुँदै राजा दरबारतिर फर्के । दुखाईको कम्पित स्वरमा राजाले आफ्नो सिकार कहानी मन्त्रीलाई सुनाउन थाले । मन्त्रीले सुरूमा नै “जे गर्छन् भगवान असलै गर्छन्” भन्ने जवाफ दिए । राजालाई वेदना र छटपटीले दुखित पार्‍यो । आफू त्यसरी मर्माहत भएको वेला मन्त्रीबाट आएको अभिव्यक्तिले आक्रोशित भएका राजाले मन्त्रीलाई त्यस दिनबाट कार्यमुक्त गरिदिए ।

एक दिन दुई दिन हुँदै विस्तारै राजाको हातको घाउ निको भयो । हातको घाउ सँगसँगै राजाले पहिले चोटलाई दिनानुदिन बिर्सदै गए । उनका मनमा पुनः सिकार गर्ने लहडहरू पलाउन थाले सिकारको तलतलले तलतलाएका राजा अर्को दिन पनि सिकार खेल्न जङगलतिर लागे । सिकारको खोजीमा रन्थनिएका राजा वनझाँक्रीको फेला परे ।

त्यो दिन वनझाँक्रीहरूका देवतालाई मान्छे भोग चढाउनु पर्ने दिन रहेछ, राजालाई फेला पार्दा उनीहरू बहुत खुशी भए । राजालाई हात र खुट्टा टेकेर पशु झै उभिन लगाए र सम्पूर्ण अङ्गको एकाएक जाँच गरे । जाँच गर्दा राजाको दाहिने हातको कान्छी औंला नभएको पाए । बलि चढाउने वस्तु निखुनी हुनुपर्ने भएकोले राजालाई खुनी देखेर उनीहरूले छाडिदिए । कालको मुखबाट छुटकारा भएको सम्झी राजा दरबारतिर लागे ।

दरबारमा आएपछि राजाले पहिले घटना सम्झे, मन्त्रीले "जे गर्छन् भगवान असलै गर्छन्" भनेका साँचो रहेछ भन्ने विश्वास गर्दै फेरि पहिलेकै मन्त्रीलाई दरबारमा बोलाएर कामकाज गर्न लगाए ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.१४ लोभीको भाँडो उभिण्डो

कुनै गाउँमा रने नाम गरेको धर्ती बूढो बस्दथ्यो । गाउँमा उसलाई लोभी भनेर चिन्दथे । रने धर्ती भनेपछि नचिन्ने मानिस गाउँमा कमै थिए । खानेकुरामा होस वा लिने कुरामा ऊ अरूको भन्दा धेरै भए हुन्थ्यो भन्ने उसको बानी नै परेको थियो ।

एक दिनको कुरो हो, उसकी स्वास्नीले साल (तेल पेल्ने ठाउँ) मा गएर तेल पेलेर ल्याउन भनी रने तोरीको धोक्रो र तेल राखेर ल्याउने एउटा कचौरा बोकी तेल पेल्न हिँड्यो । साल्मीले तेल पेलिदियो र तेल भाँडोमा राखिदियो । उसको कचौरामा थोरै तेल अटाएन । रनेलाई बाँकी तेल केमा राख्ने कुराले छट्पटी चलायो ।

उसले दाँयाबायाँ हेर्‍यो, केही पनि पाएन । तेल राखेको कचौराको पिंध (बैसाखी) खाली भएको पायो अब यो तेल बैसाखीमा राख्छु भनेर करौरा घोप्ट्यायो । घोप्ट्याउना साथ कचौराको सम्पूर्ण तेल पोखियो । ऊ अक्कन बक्क भएर तीन छक पर्‍यो ।

यसरी थोरै तेल पसलेलाई नासो छोड्न नसकेर लोभ गर्दा रनेको सम्पूर्ण तेल पोखिएर नास भयो । एकोहोरो लोभ लालचाले मानिसलाई दुःख र कष्ट निम्त्याउँछ । जुक्ति र बुद्धिले मानिसले सुख पाउन सक्दछ । पौराणिक कालमा यक्ष र युधिष्ठिरको संवादमा पनि लोभलाई सबभन्दा ठूलो रोग भनेका छन् ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.१५ फटाह ज्योतिष

कुनै गाउँमा एउटी बुढी बस्दथिन् । विष्णु नाम गरेको बुढीको एक्लो छोरो थियो । ज्याला मजुरी गरी बुढीले छोरोको लालन पालन गरेकी थिइन् । छोरोले जवानी भइसक्दा पनि केही काम नगरेकोमा बुढी दिक्कदार भएकी थिइन् । उनी छोरालाई काम गर्नु पर्दछ, काम विना माम प्राप्त हुँदैन भनेर बारम्बार अर्ती उपदेश दिन्थिन् ।

यसरी सधैं आमाको अर्ती उपदेशले गर्दा, एक दिन छोराले पनि परदेश गएर धन कमाउने सोच गऱ्यो । आमाबाट विदावारी भएर ऊ परदेशतिर लाग्यो । घरमा आमाले ज्यालावनी गरी जोरजम्मा गरेको थियो र यो केही कुराको समस्या परेको थिएन । परदेशमा उसले हुनसम्म दुःख पायो । उसको काम गर्ने बानी नभएकाले, उसले केही काम पाउन सकेन । भोकभोकै धेरै दिन बितायो केही काम गर्ने आँट मरिसकेकोले उसले घर फर्कने विचार गऱ्यो ।

कत्ति दिनसम्म खान नपाएकोले ऊ भोकले लखतरान परेको थियो । ऊ घरमा आइपुग्दा झमक्क साँझ परिसकेको थियो, घरको दैलो ठोकेर आमा भित्र सेल पकाउन लागेकी थिइन् । लाजले उसले आमालाई बोलाउन पनि सकेन त्यतिकैमा ऊ पिँढीमा सुत्यो । भित्र सेल पकाएको आवाज एक दुई तीन गन्दै गऱ्यो ।

बिहान अबेर आमाले ढोका खोलिन् त्यतिखेर ऊ उठिसकेको थियो । विहान आमा छोराको भलाकुसारी भयो । विष्णुले आफू परदेश गएर ज्योतिष बनेर आएको धाक लगायो । बेलुकी तपाईले कत्ति वटा सेल पकाउनु भयो, सो कुरा भन्न सक्छु भनेर धाक लगायो । छोरो ज्योतिष भएर आएकोमा बूढी हर्षित भइन् । बुढीले गाउँभरि हल्ली खल्ली मच्चाइन  । गाउँभरि विष्णु ज्योतिष भएर आएको झ्याली पिटिएको थियो ।

एकदिन राजाको दरबारमा घोडा हराएको खबर सर्वत्र फैलियो । घोडा फेला पारी दिनेलाई  धेरै बक्सिस् दिने कुरा चल्यो । उक्त खबर प्राप्त भएपछि गाउँलेहरूले बुढीलाई उनको छोरो पठाइदिन सल्लाह दिए । बक्सिसको लोभले छोरालाई दरबार पठाइन् । आफू ज्यातिष नै नभई धाक लगाएकोमा विष्णुलाई मनमा त्रास पैदा भयो । दरबारको विशेष कोठामा ज्योतिषलाई घोडा पत्ता लागउन ज्योतिष हेर्न लगाइयो । फट्याँइका कारण गतिलो फन्दामा परियो भनेर के गर्नु, के नगर्नु भयो । अब भाग्नु सिवाय उसले अरू उपाय देखेन । दरबारको झ्यालबाट ऊ ऊखुबारीमा हामभफाल्यो, त्यहाँ घोडा चरिरहेको थियो । घोडा फेला परेपछि फेरि ऊ कोठातर्फ फर्क्यो र आठपरियाहरूलाई बोलाएर घोडा दरबारको पश्चिमपट्टि बगैचामा हुनपर्दछ भनेर  भन्यो । उनीहरूले भनेकै ठाउँमा घोडा फेला पारे र उसले भारी बक्सिस पायो ।

अर्को दिनको कुरा हो, राजाको दरबारमा रानीको हीराको हार हरायो । हार पत्ता लगाउनको लागि विष्णु ज्योतिषलाई दरबारमा झिकाइयो । हार पत्ता लगाउनेलाई राजकुमारीसँग विवाह गरिदिने प्रचार भयो । पहिले जस्तै कोठामा हार पत्ता लगाउन ज्योतिष हेर्ने जिम्मा विष्णुलाई लगाइयो । उसले ज्योतिष हेर्न जान्ने थिएन् , आखिर कुनै उपाय भएन, उसलाई निद्राले झपक्क छोप्यो । निद्राले छोपेको आतुरमा उसले "आयो निदुरी तेरो काल" भनेर भन्यो । जब विष्णुले यसो भनेको थियो 'एउटी केटी उसको सामून्ने आएर भनी "मलाई केही नगर्नुस, म हार दिन्छु" नभन्दै त्यही दरबारमा काम गर्ने निदरी नामकी केटीले हार चोरेको रहेछ । विष्णुले आपत्मा निद्रालाई गाली गर्दा हार फेला पऱ्यो उसले त्यो हार कही राखिदिन अह्रायो । हार पाएपछि राजकुमारीसँग बिहे गरी विष्णुले आनन्दसाथ जीवन वितायो ।

भन्नेलाई फूलको माला,<br>
सुन्नेलाई सुनको माला,<br>
यो कथा बैकुण्ठ जाला,<br>
भन्ने बेलामा खुरूखुरू आइजाला ।

**४.१६. किन रोइस मंगले आफ्नै ढङगले**

भीरकोट गाउँ नजिकै एउटा सरकारी वन थियो । त्यस जङ्गलमा सरकारी संरक्षणमा बाघ, भालु, मृग, जरायो जस्ता जनावरहरू पालिएका थिए । जनावरका अतिरिक्त कालिज, मयूर, डाँफे जस्ता चराहरू पनि पालिएका थिए । त्यस जङ्गलमा पालिएका पशुपक्षी मार्न पाइँदैनथ्यो । नजिक गाउँमा बासिन्दाहरू त्यस जङ्गलका पशुपक्षी देखेर लोभिएका थिए ।

उनीहरू मौका परेमा चोरी सिकार गरी चरा तथा जनावरहरू मार्ने गर्दथे । एकदिनको कुरा हो, त्यस गाउँको काले घर्तीले जङ्गलमा पसेर मयूर मारेर घरमा ल्याएछ र काटकुट गरेर स्वास्नीलाई पकाउन लगाएछ जब मासु पाक्यो खाने तरखर, भएपछि कालेकी स्वास्नीले सोधी "यो के मारेर ल्याएका ?" कालेले कानेखुसी गर्दै भन्यो "यो सरकारी वनको मयूर मारेर ल्याएको कसैले थाहा पाए र उजुरी गर्‍यो भने जेल जानुपर्दछ कसैलाई नभन्नू" यसरी कालेका बुढाबुढीको बीच गोप्य वार्ता भयो । मानिसको स्वभावनै यस्तो हुन्छ, नभन्नु भनेको कुराले झन् मनमा खसखस गराउँदछ ।

त्यो दिन बाँडी चुँडी मासु खाएर कालेका लोग्ने स्वास्नी सुते । बिहान उठेर कालेकी स्वास्नी काखीमा गाग्रो च्याप्दै दाँत कोट्याउँदै पँधेरा तिर लागी पधेर्नीहरूले कालेकी स्वास्नीलाई सोधे, "के खाएर दाँत कोट्याएको ?" उसले विस्तारै नभन्नु भनेको छ भनेर साउती गर्दै जवाफ दिई । नभन्नु भनेपछि झन खोस्री-खोस्री सोध्न थाले, "सरकारी वनको मयूर मारेर खाएको" भन्ने कुरा पधेर्नीहरूबाट एक कान दुई कान मैदान भयो ।

यो खबर पुलिस चौकीमा पुग्यो । पुलिसले आएर कालेलाई पक्डेर लान लाग्यो । पुलिसले कालेलाई तान्न थालपछि, कालेकी स्वास्नी रूँदै कालेलाई आफूतिर तान्न थाली दुवैको तानातान पर्‍यो । यो घटना देखेपछि गाउँलेहरू भन्न थाले "किन रोइस् मंगले आफ्नौ ढङ्गले ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.१७ एकता नै बल हो

एउटा चउरमा चार साँढेहरू मिलेर चर्दथे । उनीहरू जहिले पनि एक आपसमा वस्दथे । उनीहरूको आपसी मेलमिलाप देखेर अरू जनावरहरू डाडले मर्दथे । त्यस चउरको नजिकै एउटा घना जङगल थियो । त्यस जङगलमा बाघ, भालु, मृग जस्ता जनावरहरू बस्दथे । उनीहरूको एकताका कारण बाघले पनि खानलाई आँट गर्न सकेको थिएन । तिनीहरू मध्ये एउटालाई कसैले चलायो भने सबै एक भएर जाइ लाग्थे अरू जनावरहरूले उनीहरूबाट एकताको पाठ सिकेका थिए ।

त्यस्ता खाइलाग्दा साँढेहरू वननजिकै चउरमा चरे तापनि खाने आँट गर्न नसकेकोमा त्यस जङगलको बाघले आफूलाई कायर सम्झेको थियो । ईर्ष्यालु भावनाले ओतप्रोत बाघले एकदिन आफ्नो साथी स्यालसँग गुनासो गऱ्यो "स्याल भाइ हामी कति कातर भएका छौं, हाम्रो आहारा ती साँढेलाई आँट्ने आँट हामीमा भएन हामी झम्टन गयौं भने सबै एकैपल्ट आइलाग्दछन" कसरी तिनीहरूलाई खाने भनेर दुखेसो पोख्यो बाघको गुनासो सुन्ने बित्तिकै स्यालले भन्यो, "जुक्ति बुद्धिले मात्र काम सफल हुन्छ विना जुक्ति केही काम सफल हुँदैन, पख ! बाघ दाइ म जुक्ति लगाउँछु ।" "के जुक्ति हो ? स्याल भाइ?" बाघले भन्यो ।

एकदिन सधैं झैं चार साँढे चउरमा चरिरहेका थिए छट्टु स्यालले एउटा साँढेलाई चउरको एक छेउमा बोलायो र कानमा मुख जोडेर फुफु मात्र गऱ्यो । त्यो साँढे फेरि साथीहरू भएको ठाउँमा गयो, साथीहरूले त्यस स्यालले के भन्यो भनेर सोधे र उसले जवाफ दियो "कानमा फुफु मात्र गरेको हो, केही अरू कुरा भनेको छैन" तर साथीहरूले उसको कुरा विश्वास गरेनन् । एवं रीतले स्यालले साँढेहरूलाई बोलाएर सोही कार्य गऱ्यो । वास्तवमा स्यालले साँढेहरूलाई केही भनेको थिएन तर सबै साँढेहरूमा एक आपसमा शङका बढेकोले उनीहरूको एकता भङग भयो ।

त्यस दिन देखि साँढेहरू छुट्टाछुट्टै चर्न र बस्न थाले उनीहरूले एक अर्कामा विश्वास गर्न छाडे । एक्लाएक्लै भएको मौका पारी बाघले साँढेहरूलाई भकाभक मारेर खान थाल्यो । जुक्तिवाला स्याल र ईर्ष्यालु बाघले धेरै अधि देखि सोचेका कार्य पूरा गर्न सफल भए ।

भन्नेलाई फूलको माला,

सुन्नेलाई सुनको माला,

यो कथा बैकुण्ठ जाला,

भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.१८ इष्टदेव वनझाँक्री

हाल गोटिखेल गाउँ विकास अन्तर्गत वडा नं. २ मा पर्ने सुभारा गाउँमा भएको घटना हो । यो गाउँ वैतर्णीधाम (घाट) र महाँकाल देवस्थल भन्दा सामुन्ने माथि पर्दछ । धेरै पहिलेदेखि नै यस गाउँमा तिमल्सिना थरीका मानिसहरू बस्तथे भने अहिले पनि तिमल्सिना बाहेक अरू थरीका मानिस यस गाउँमा छैनन् ।

आजभन्दा धेरै वर्ष अघिको कुरा हो, तिमल्सिनाहरूले त्यस ठाउँमा गाईगोठ राखेका थिए उनीहरूले पचास-साठीवटा गाईगोरूहरू पालेका थिए । ती गाईगोरू सुमारादेखि महाभारत जङगलसम्म चराउने गर्दथे, धेरैजसो दुहुना गाई हुन्थे र दही र दुधको भेलनै हुन्थ्यो । दिनमा तीन-चार बान मही तुल्याउन पर्दथ्यो । मही तुल्याएपिछे कुलदेवता लगायत अन्य थानीमानी देवतालाई घिउ (नौनी) को धूप हाल्नु पर्दथ्यो । अन्य थानीमानीका रूपमा वनझाँक्रीको पनि पूजाआजा गरिन्थ्यो । प्रत्येक साँझ वनझाँक्रीले गोठको झ्यालबाट हात पसार्दथ्यो, उसले हात पसारेपछि दुधको कुराउनी दिनु पर्दथ्यो ।

यसरी सधैं साँझमा वनझाँक्रीलाई दिनुपर्ने चलन नै चलिसकेको थियो । एकदिन एउटा गोठालालाई साह्रै रिस उठ्यो र भात चलाउने पन्यूँ आगोको भुँग्रोमा रातो हुने गरी ततायो र जब वनझाँक्रीले हात पसाऱ्यो तब उसले तातो पनिउले उसको हात डामी दियो अनि ऐया र आथा भन्दै वनझाँक्री गयो । त्यस साँझदेखि वनझाँक्रीले हात पर्सान छाड्यो ।

जब वनझाँक्री साँझमा आउन छाड्यो तब एकाएक गाईगोरूहरू बिरामी पर्दै मर्न थाले । यसरी केही महिना पछि गोठै बाँझो भयो । वनझाँक्रीलाई पनिउले डाम्ने र मानमनितो नगर्ने गरेको कारण यो अवस्था भएको थियो । यस घटनाले तिमल्सिनाहरू चिन्तित भए । चिन्ता निवारणका लागि फेरि वनझाँक्रीको मानमनितो गरी गाई गोठको स्थापना गरे । उनीहरूको

फलिफाप हुँदै गयो र पहिले जस्तै गाईका बथानहरू बढदैगए । यही घटनाका कारण यहाँका बासिन्दाले वनझाँक्रीको मानमनितो गर्न छाडेका छैनन् ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

### ४.१९ लामाको मानमनितो

टुगुन खोलो बग्ने क्षेत्रबाट उत्तरपटि रमाइलो मानिखेल गाउँ पर्दछ । यो पारिलो भागमा धान, मकै, कोदो, लगायत तरकारी उत्पादन हुन्छ । हाल सडक यातायात सुविधा भएकोले उत्पादित सामान बजारसम्म पुऱ्याउन र बन्धव्यापार गर्न सजिलो भएको छ ।

धेरै वर्ष अघिको कुरा हो । यस गाउँमा एउटा लामा बस्दथे । यी लामालाई प्रत्येक धुरीले बार्षिक पाथीनालो अन्नदिनु पर्दथ्यो । अन्न दिनुको तात्पर्य चाहिँ के थियो भने हुरी, बतास, असिना जस्ता दैवीप्रकोपलाई लामाले थान्को लगाउँछन् भन्ने विश्वास थियो । हुरी, बतास, असिना सुरू भएपछि लामा मन्त्र पढेर बस्दथे । तब हुरी, बतासलाई एकीकृत गरी असिना जति एउटा भकारीभित्र पार्ने गर्दथे । बाली संरक्षण गर्नका लागि अन्न दिनु पर्ने व्यवस्था गरिएको थियो ।

हरेक वर्ष लामालाई अन्न दिनुपरेकामा त्यहाँका बासिन्दा दिक्क भएका थिए । आफूले वर्षदिन पसिना चुहाएर कमाएको अन्न सिँतैमा बाँडनु पर्दा किसानहरूका चित्त काटिन्थ्यो । यो चलन हटाउन त्यहाँका किसानहरू एक ठाउँमा भेला भए । सबैले यसपालिबाट लामापाथी नबुझाउने सामूहिक निर्णय गरे । जुन वर्ष उनीहरूले लामापाथी बुझाउन छोडे, त्यस वर्ष नै असिनाले बाली स्वाहा पारिदियो । उनीहरूले मनमनै पश्चात्ताप गर्न थाले । लामा भने उनीहरूको बिजोग देखेर मनमनै हाँस्न थाल्यो ।

यस घटनाले गर्दा गाउँलेहरू दोधारिए । उनीहरूले लामापाथी दिने पुरानो चलन गर्ने कि नगर्ने भन्ने विषयमा छलफल गर्नथाले । उनीहरूले बालीनाली सुरक्षा गर्नका लागि लामालाई पाथी नालो दिएर मानमानितो गर्ने निधोमा पुगे ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

### ४.२० गुनले खान्छ तँलाई म खान्छु

एकादेशमा एउटा गरिब मान्छे बस्थो । उसको घरमा भरखरै सुत्केरी भएकी स्वास्नी थिई । उसको घरमा सुत्केरीलाई खुवाउने केही कुरा थिएन । सुत्केरीलाई खुवाउने कुराको खोजीमा ऊ घरबाट हिड्यो । ऊ जाँदा जाँदा एउटा डंडेलो लागेको जङ्गलमा पुग्यो, त्यहाँ उसले एउटा अजिङगरलाई भेट्यो । उसले भन्यो, “मलाई यो डंडेलोबाट बचाऊ, म तिमीलाई गुन गर्छु” । यो कुरा सुनेर त्यो गरिबले भन्यो “मेरो घरमा स्वास्नी सुत्केरी छ, म खानेकुराको खोजीमा हिंडेको, त्यसकारण म गुन गर्न सक्दिन ।” त्यसो भनेपछि फेरि अजिङगरले बिन्ती गऱ्यो “मलाई जोगाऊ म जसरी पनि गुन लगाउँछु” । अजिङगरले ढिपी गरेपछि गरिबले एउटा घोक्रोभित्र गुटुमुटु भएर अजिङगरलाई बस्न लगायो र डंडेलो पार गरिदियो । जब डंडेलो पार भयो गरिवले अजिङगरलाई धोक्रोबाट निकाल्यो । अनि ऊ भन्छ “गुनले गुन खान्छ तँलाई म खान्छु” यसो भनेर अजिङगरले लखेट्दै हिडँयो, अघि अघि गरिब र पछि पछि अजिङगर जाँदा जाँदा बीच बाटोमा एउटा बाघ खोरमा थुनिएको भेटियो बाघले त्यस व्यक्तिलाई भन्यो “मलाई यो खोरबाट निकालिदेऊ, म तिमीलाई गुन लगाउँछु । ” यो कुरा सुनेर गरिबले जवाफ दियो , “यो अजिङगरले पनि त्यसै भन्थ्यो, अहिले मलाई खान्छु भनेर लखेटेको छ त्यसकारण म सक्दिन” फेरि बाघले विन्ती गऱ्यो र “म त्यसो गर्दिन” भनेर बाचाबन्धन गऱ्यो ।

बाघको ढिप्पीलाई स्वीकारेर गरिबले बाघलाई खोरबाट निकाल्यो । जब खोरबाट बाघ निस्क्यो उसले “म सात दिनको भोको छु, गुनले गुन खान्छ तँलाई म खान्छु, ” भनेर लखेटन थाल्यो । अनि गरिबले सर्त राख्यो अब बाटोमा भेटिएका दुई जनालाई सोधौं, उनीहरूले खाए हुन्छ भने भने खाऊ । जादाँ जाँदा बाटोमा एउटा बूढी गाई भेटिइन् । उनीहरूले सोधे “यो मान्छेलाई खानु हुन्छ ।” गाईले जवाफ दियो “हुन्छ, मानिस पापी हुन्छन् मलाई दुध दिउन्जेल

लक्ष्मी भनेर पूजा गरे अहिले म बूढी भएँ , दुध दिनसकिन यो डाम्नु भनेर यो जङगलमा छाडी दिए, त्यसकारण मान्छेलाई खान हुन्छ " । गाईको कुरा सुनेपछि अजिङगर र बाघ झन खुसी भए । फेरि उनीहरू आफ्नो बाटो लागे बाटोमा एउटा स्याल भेटियो । त्यस्तै उनीहरूले सोधे "यो मान्छेलाई खान हुन्छ ? " स्यालले जवाफ दियो, " विचार गर्नु पर्दछ" के के भएको सबै बताओ । "स्यालले त्यसो भने पछि त्यो गरिवले सबै कुरा भन्यो । त्यसो भए तिमीले पहिलेको ठाउँहरू देखाउन सक्छौ भनेर सोध्यो, "सबैले सक्छौ भने " । उनीहरू फर्केर पहिले बाघको खोरमा आइपुगे र स्यालले बाघलाई सोध्यो "त्यत्ति सानो ठाउँमा तिमी कसरी बसेको थियौ" बाघले जवाफ दियो, "सानो भएर खुम्चिएर बसेको थिएँ ।" ल बस त भनेर स्यालले भन्यो र बाघले खोर भित्र यसरी बसेको थिएँ भनेर के देखाएको थियो । स्यालले हत्तनपत्त खोरको चुक्कुल बन्द गर्न लगायो र बाघ फेरि खोरमा थुनियो । लौ खा त भन्दै स्याल हिंडयो ।

अनि अजिङगरलाई स्यालले सोध्यो, "तिमी कसरी बसेका थियौ" अजिङगरले जवाफ दियो "म धोक्रो भित्र गुटुमुट भएर बसेको थिए ।" होइन यो कुरा यत्रो अजिङगर घोक्रामा अटाउँछ ल बसेर देखाऊ भनेर स्यालले अह्रायो अजिङगरले घोक्राभित्र पसेर पहिले बसे जस्तो गरि देखायो । त्यही मौकाम स्यालले मान्छेलाई घोक्राको मुख कस्न लगायो र लाठोले ठटाउन लगायो । यसरी लाठो ठटाईले गर्दा अजिङगर धुलोपिठो भयो ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

### ४.२१. काल आएपछि बस्न पाइँदैन

एकादेशमा एकजना मानिस बस्तथे । उनले धेरै केटाकेटी जन्माएरका थिए । धेरै केटाकेटी भएकोले उनले केटाकेटीहरूलाई खानपिन र शिक्षा स्वास्थ्यको राम्रो व्यवस्था गर्न सकेका थिएनन् । त्यसकारण उनी दिक्दार भएका थिए ।

साथै केटाकेटीको भ्याउँ-भ्याउँ घरघरायसी बेहाल भएकाले उनले आत्महत्या गरेर मर्ने विचार गरे । वनमा गएर रूखको हाँगोमा डोरीको पासो के लगाएको थिए, त्यतिखेरै अकस्मात् आकाशवाणी भयो “तँ मर्न पाउँदैनस, तैंले मर्नु हुँदैन। ” यो आवाज सुने पछि ऊ त्यो दिन मर्ने बिचार छाडेर घरतिर लाग्यो ।

यसरी समय बित्दै गयो, उसका दुःखका दिनहरू पनि टर्दै गए, सुखका दिनहरू पनि आएका थिए । एकदिन ऊ घरमा नै भएको वेला एउटा धमरधुस व्यक्ति घरमा आयो र “ ल हिंड भन्यो ।” “म जान्न” भनेर उसले जवाफ दियो । त्यति बेला धमरधुसले भन्यो, “त्यति खेर पहिले तँ मर्न पाउँदैनस् भन्ने पनि मैं हुँ त्यतिखेर तेरो समय आएको थिएन अब तेरो समय आइसक्यो, अब तँ बस्न पाउँदैनस्”

त्यति भनेपछि त्यो मानिसलाई लिएर ऊ गयो । त्यो यमराजको दूत रहेछ । समय आएपछि बस्छु भनेर पनि बस्न पाउँदैन, काल नआई जान्छु भनेर जान पनि पाउँदैन ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

## ४.२२ पैसाले पैसा तान्छ

एकादेशमा एकजान सुब्बा बाजे बस्थे, उनका छिमेकमा एउटा दाउरे बस्थ्यो । त्यो दाउरे बिहान एक भारी दाउरा बजारमा लान्थ्यो र बिहानको छाकलाई चाहिने चामल मरमसला मासु किनेर ल्याउँथ्यो । फेरि ऊ दिउँसो पनि एक भारी दाउरा लिएर बजार जान्थ्यो र बेलुकीको छाकलाई चाहिने मरमसला मासु चामल किनेर ल्याउँथ्यो । यसरी दाउरे दुबै छाक मासु भात खान्थ्यो । यो देखेर छिमेकमा बस्ने सुब्बा बाजेकी बूढिया डाडिएकी थिइन ।

एक दिन सुब्बा बाजेकी स्वास्नीले सुब्बालाई भनिन, “तपाईं सुब्बा भएर के भो, हामीले त्यो छिमेकी दाउरेका जस्तो मिठो मसिनो खान पाएका छैनौं ऊ दिनहुँ मासु भात खान्छ ।”

उनले स्वास्नीको कुरा सुनेर एउटा बिचार गरे, यसलाई पनि पैसा जम्मा गर्ने बानी लगाउनु पऱ्यो । त्यसपछि ऊ दिनहुँ मासु भात खाँदैन अनि मेरी बूढी पनि डाड गर्दिन ।

त्यो दाउरेको घरमा भात पकाउने र खाने भाँडा भन्दा बाहेक एउटा मकै भुट्ने हाँडी मात्र थियो । एक दिन सुब्बाले दाउरे नभएको मौका पारी बीस वटा चाँदीका डबल हाँडी मुनि राखेर छोपिदिए । जब दाउरेले हाँडी झिक्न लाग्यो झर्लम्म बीसवटा डबल भुईंमा झरे । अब उसलाई अचम्म लाग्यो, उसले बीस-रूपैया पैसा एकैपटक देखेकै थिएन ।

त्यो पैसा देखेपछि दाउरेको मन फर्कियो, अब एक-दुई रूपैया भएपनि जम्मा गर्दै जानु पऱ्यो भन्ने सोच गऱ्यो । त्यसपछि ऊ पैसा जम्मा गर्न तिर लाग्यो । यसरी पैसाले पैसा तान्दो रहेछ भन्ने कुरा थाहा भयो उसले दिनहुँ मासुभात खान छाड्यो । दिनहरू बित्दै गए । दाउरे पनि बूढो भयो । एक दिन दाउरे मऱ्यो, त्यहाँ उसले थुप्रै पैसा जम्मा गरेको पाइयो ।

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

### ४.२३. मेरो नाम त ठिकाठिक

एकादेशमा एक जना मानिस थियो । उसलाई सबैले ठिक ठिक भनेर बोलाउँथे । सबैले ठिकाठिक भनेर बोलाएको उसकी स्वास्नीलाई मनपर्दैन्थ्यो । एक दिन उसकी स्वास्नी चाहिले उसलाई भनी, "ठिकाठिक पनि मानिसको नाम हुन्छ, यो नाम फेरर आऊ" स्वास्नीको कुरा सुनेर उसले विचार गऱ्यो नाम फेर्न त कि खाली नाम चाहियो कि त नाम जुराउन ज्योतिष चाहियो ।

त्यही कामको लागि ऊ घर छोडेर हिंडयो । खाली नाम भएको मानिसको खोजीमा जाँदा जाँदा एउटा नयाँ ठाउँमा पुग्यो, त्यहाँ एउटी केटी बिस्कुन सुकाउने खलोमा छरिएको अन्न बढारेर बसेकी देख्यो । उसले सोच्यो यिनको नाम खाली होला । सोध्नु पऱ्यो भनेर सोध्यो, "तिम्रो नाम के हो नि नानी ?" केटीले जवाफ दिई "मेरो नाम लक्ष्मी" । यो कुरा सुनेर ऊ

दङग पऱ्यो, अर्काको खालो बढार्नेको नाम लक्ष्मी हुन सक्छ, यो पनि नाम मिलेन भनेर ऊ त्यहाँबाट हिंडयो । फेरि जाँदा जाँदा ऊ अर्को ठाउँमा पुग्यो र त्यहाँ उसले एउटा बूढो लठ्ठी टेकेर माग्दै हिंडेको देख्यो । उसले त्यो माग्नेको नाम खाली होला भनेर तपाईको नाम के हो भनेर सोध्यो, "बूढोले मेरो नाम धनपति" जवाफ दियो । माग्नेको नाम धनपति, यो नाम पनि मिलेन भनेर ऊ त्यहाँबाट हिंड्यो । अर्को ठाउँमा पुग्दा उसले एकजना मरेको मानिसलाई घाट लान लागेको देख्यो, यो मेरको मानिसको नाम त खाली भयो, सोध्नु पऱ्यो भन्ने बिचार गरेर मलामीलाई को मरेको भनेर सोध्यो, "अमर मरेको" उसको जवाफ सुनेपछि झन् चकित भयो । अमर पनि मर्छन् , यो पनि नाम मिलेन ।

त्यसपछि ऊ दिक्कमान्दै घर फर्क्यो घरमा श्रीमतीले नाम फेर्नु भो भनेर सोधी, उसले जवाफ दियो "लक्ष्मी बढार्छिन् खलो फूलो, धनपति माग्छन भिक, अमर पनि मर्दा रहेछन, मेरा नाम त ठिक ठिक"

भन्नेलाई फूलको माला,
सुन्नेलाई सुनको माला,
यो कथा बैकुण्ठ जाला,
भन्ने बेलामा खुरूखुरू आइजाला ।

# अध्याय : पाँच

# सङ्कलित लोककथाको वर्गीकरण र विश्लेषण :

## ५.१ वर्गीकरण

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरूलाई प्रचलित मान्यताका आधारमा वर्गीकरण गरिएको छ । लोककथा लोक साहित्यको एउटा प्रमुख विधा हो । लोककथा भन्ने र सुन्ने परम्परा प्राचीन समयदेखि नै चल्दै आएको पाइन्छ । स्थान र समय अनुसार लोककथाका स्वरूपमा अन्तर पाइन्छ । यस्ता लोककथाहरूलाई विभिन्न विद्वानहरूले आ-आफ्नै तरिकाले वर्गीकरण गर्ने प्रयास गरेको पाइन्छ ।

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेक पनि लोकसाहित्यको क्षेत्रमा धनी नै देखिन्छ । यस क्षेत्रमा लोकसाहित्यका सबै विधाहरू केही न केही रूपमा प्रचलित छन् । यहाँ प्रचलित लोकसाहित्यका विभिन्न विधामध्ये लोकगीत पहिलो स्थानमा रहेको छ भने लोककथा दोस्रो स्थानमा रहेको प्रमुख विधा हो । लोककथा एउटा मनोरञ्जनात्माक तथा उपदेशात्मक साधनका रूपमा रहेको छ । यस्ता लोककथाहरू विभिन्न प्रकारका भूतप्रेत सम्बन्धी, देवता सम्बन्धी राक्षस सम्बन्धी, बोक्सी सम्बन्धी, पशुपक्षी सम्बन्धी रूख विरूवा सम्बन्धी, परी तथा मानव सम्बन्धी पाइन्छ । यस्ता खालका कथाहरू प्रचलित भए पनि आजसम्म कसैले यस क्षेत्रका कथाहरू सङकलन र वर्गीकरण गरेको पाइएको छैन् । त्यसैले लोककथा वर्गीकरणका आधारमा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथालाई मोटामोटी रूपमा निम्न वर्गभित्र राखेर विभाजन गर्नु सान्दभिंक देखिन्छ :

१. सामाजिक लोककथा

२. ऐतिहासिक तथा सांस्कृतिक लोककथा

३. सहास तथा बहादुरीका लोककथा

४. उपदेशात्मक लोककथा

५. पशुपक्षी सम्बन्धी लोककथा

६. अति मानवीय लोककथा

७. विविध लोककथा

### ५.१.१ सामाजिक लोककथा

मानिस सामाजिक प्राणी हो । प्राचीन समयमा मानव जाति समाजमा रहँदा बस्दा उसलाई मनोरञ्जनको आवश्यकता पऱ्यो । यही क्रममा सुरु भएको लोकसाहित्य लोकजीवनको अभिन्न अङग हुन पुग्यो । यही लोकसाहित्यको एउटा प्रमुख विधा लोककथा मनोरञ्जनका साथै उपदेश प्रदान गर्ने माध्यम पनि बन्यो । लोककथा समाजको दर्पणको रूपमा रहेको छ । लोककथामा समाजका रीतिरिवाज, चालचलन, प्रेम, मिलन, विछोड, पीडा, आँसु-हाँसो जस्ता कुराहरू सामाजिक लोककथा भित्र पर्दछन । यस्ता लोककथाहरूमा टुहुरा टुहुरीका कथा, सौतेनी आमाको अत्याचार, पारिवारिक जीवनको विसङगति आदि कुराहरू प्रस्ट झल्किएका हुन्छन् । यस्ता कथाहरूमा शिशिर वसन्तको कथा, तोरी फुल्यो गाउँ ज्याई मेरो नाउँ, लाटोबुङ्गोको कथा अनैतिक सम्बन्धको उदाङ्गो, दुई दाजु भाइको कथा, हराएको सारी , गुनले गुन खान्छ, तँलाई म खान्छु आदि पर्दछन् ।

### ५.१.२ ऐतिहासिक एवम् सांस्कृतिक लोककथा

ऐतिहासिक एवम् सास्कृतिक व्यक्ति स्थान तथा घटनाको विवरण, चाडपर्व, उत्सव उत्पत्ति र प्रचलित हुनाका कारणका साथै विभिन्न देवी देवताका मठमन्दिर, निर्माणको प्रसङ्गसँग सम्बन्धित नेपाली लोक जीवनमा प्रचलित किंवदन्ती, जनश्रुति तथा आख्यायिक सांस्कृतिक एवम् ऐतिहासिक कथाभित्र समाविष्ट हुन्छन् । त्यसै गरी वीर पुरूषका पुरूषार्थका घटनाहरू, स्थान विशेषको किंवदन्ती, नामकरण यसै प्रकारका कथा अन्तर्गत पर्दछन् । यस्ता कथाहरू कथ्य परम्परामा प्रचलित हुने हुनाले कल्पना तथा परम्परा अनुसार मौखिक सामग्री थपघट पनि हुने गर्दछन् । यस्ता ऐहिसिक एवम् सांस्कृतिक कथाहरूमा वनझाँक्रीको करामत , बोका काटी स्वर्ग पुग्ने पुजारी , लामाको मानमनितो, तामाङ्ग जातिको उत्पत्ति सम्बन्धी कथा आदि पर्दछन् ।

### ५.१.३. साहस तथा बहादुरीका लोककथा

साहस तथा बहादुरीका लोककथाहरू नेपाली जनजीवनमा प्रशस्त मात्रामा प्रचलित हुँदै आएका छन् । यस्ता लोककथाका नायकहरूले आफ्नो लक्ष्यमा पुग्ने विभिन्न कठिनाइ पार गर्दै

आफ्नो ज्यानलाई समेत बाजी राखी चतुरताका साथ साहस तथा बहादुरीको प्रदर्शन गर्दछन् । यस्ता लोककथाहरूमा विशेष गरी राजकुमार - राजकुमारीहरू प्रमुख पात्र रहेका हुन्छन् । साथै मानव र पशुपक्षी पनि पात्र भएर आएका पाइन्छन् । आफ्नो बीरता प्रदर्शन गर्नका लागि यस्ता कथामा पात्रहरूले एक क्षणमा मै सात समुद्र पार गरेको, राक्षसहरूसँग युद्ध गरेको, स्वर्ग, मर्त्य, पाताल भ्रमण गरेका घटनाहरू वर्णित हुन्छन् । यस्ता कथाहरूले नैतिक शिक्षा प्रदान गर्दछन् । मानिसमा साहसिक उत्साहको सम्बर्द्धन हुन्छ । यस्ता कथाहरूमा छट्टु स्यालको कथा, गुनले गुन खान्छ, तँलाई म खान्छु कथा, फट्याइँको सफलता, एकता नै बल हो आदि पर्दछन् ।

### ५.१.४ उपदेशात्मक लोककथा

लोककथाको मूल उद्देश्य मनोरञ्जन प्रदान गर्नु हो तापनि गौण उद्देश्यका रूपमा लोकजीवनलाई अर्ती उपदेश प्रदान गर्नु पनि हो । यस्ता कथाहरूमा कर्तव्यपालन, परोपकार दया, माया, धर्म, न्याय, सहनशीलता जस्ता असल गुणको विकास गर्नतर्फ कथाले प्रेरणा प्रदान गरेको पाइन्छ । यस्ता कथाहरूमा असल कार्यलाई प्रोत्साहित र खराब कार्यलाई निरूत्साहित गरेको पाइन्छ । साथै असल कार्य गर्नेलाई पुरस्कार स्याबासी तथा खराब कार्य गर्नेलाई दण्डको माध्यमबाट उपदेश, नैतिक शिक्षा दिने उद्देश्यले यस्ता लोककथाहरूको रचना गरिएको हुन्छ । यस्ता उपदेशात्मक लोककथाहरूमा किन रोइस् मङ्गले आफ्नै ढङ्गले, चोरीको परिणाम, लोभीको भाँडो उभिण्डो, न्याउरी मारी पछुतो, अनैतिक सम्बन्धको उदाङ्गो, हराएको सारी, जे गर्छन् भगवान असलै गर्छन् आदी पर्दछन् ।

### ५.१.५ अति मानवीय लोककथा

अमानवीय पात्र, अप्राकृतिक वस्तु तथा चमत्कारपूर्ण घटनाहरूको आश्चर्यजनक विवरण तथा घटना यस वर्गका कथाहरूमा पाइन्छन् । विशेष गरी रूख विरूवा, भूतप्रेत, बोक्सी, राक्षस, परी आदि पात्रहरू सक्रिय भएर कथावस्तुको निर्माण हुने कथालाई अति मानवीय लोककथा भनिन्छ । अलौकिकता यस्ता कथाको मूल विशेषता हो । यस्ता कथाहरूमा राक्षस, भूतप्रेत आदि डरलाग्दा र शक्तिवान् पात्रहरू पनि कुनैकुनै कथामा मानिसका सहयोगीका रूपमा आएका हुन्छन् । साथै यस्ता कथाहरूमा परी तथा अप्सराका दिव्य शक्ति

प्रदर्शित भएका हुन्छन् । उनीहरू प्रायः लोककथामा राक्षसद्वारा पालिएका वा भगाइएका अवस्थामा रहेका कुरा चित्रण गरिएको हुन्छ । लोककथामा यिनीहरू अत्यन्त मानवीय सहयोगीका रूपमा आएका हुन्छन् । यस्ता कथाहरूमा वनझाँक्रीको करामत, लामाको मानमनितो, गुनले गुन खान्छ, तँलाईं म खान्छु, उत्तिस र गुराँसको कथा आदि पर्दछन् ।

### ५.१.६ पशुपक्षी सम्बन्धी लोककथा

पशुपक्षी सम्बन्धी लोककथाहरूमा पशुपक्षी नै प्रमुख पात्रका रूपमा आएका हुन्छन् । यस्ता कथाहरूमा मानव र पशुपक्षी, पशुपक्षीका साथ पशुपक्षी दुवै खाले पात्रहरू समाविष्ट भएका हुन्छन् तर कथामा मुख्य पात्रका रूपमा भने पशुपक्षी नै आएका हुन्छन् । यस्ता लोककथामा पशुपक्षीले मान्छेको भाषा बोल्ने र मान्छेकै जस्तो व्यवहार गर्ने गर्दछन् । यस्ता लोककथाहरूमा प्रायजसो रानीचरी, सुगा, भँगेरो, काग, हात्ती, बाघ, स्याल, खरायो, बिरालो न्याउरी आदि पात्रहरू आएका हुन्छन् । यस्ता कथाहरूमा पशुपक्षीका चारित्रिक विशेषताहरू झल्किएको हुन्छन् । प्रायः स्यालको धूर्तता, न्याउरीको गुनिलो अवस्था, सर्पको उपकारीता जस्ता घटनाहरू यस्ता कथामा पाइन्छन् । यस्ता लोककथाहरूमा छट्टु स्यालको कथा, न्याउरी मारी पछुतो, तिर्खाएको कागको कथा, खरायो र सिंहको कथा, जम्मु मन्त्री स्यालको कथा आदि पर्दछन् ।

### ५.१.७ विविध लोककथा

उपर्युक्त वर्गीकरण भित्र नपरेका विभिन्न जाति, धर्म, सस्कृति, चालचलन अनुसारका कथाहरूलाई यस वर्ग भित्र राख्न सकिन्छ । किनभने कतिपय लोककथाहरू मनोरञ्जन प्रदान गर्ने उद्देश्यमा मात्र केन्द्रित हुन्छन् भने कतिपय कौतूहल उत्पन्न गराउने लक्ष्यमा मात्र केन्द्रित हुन्छन् । यतिमात्र नभएर केही लोककथाहरू बालबालिकाहरूलाई मनोरञ्जित गराउने खालका मात्र हुन्छन् । यस्ता कथाहरू लोक जीवनमा प्रशस्त मात्रामा प्रचलनमा रहेका पाइन्छन् ।

### ५.१.८ निष्कर्ष

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित विभिन्न लोककथाहरूलाई सात भागमा वर्गीकरण गरी छुट्याइएको छ । यहाँ बढी मात्रामा सामाजिक लोककथाहरू नै प्रचलनमा रहेका छन् । यस क्षेत्रमा बहुजातिहरूको मिश्रित बस्ती भएकोले लोककथाहरूमा पनि आ-आफ्ना जातिगत, धर्मगत र सामाजिक परम्परामा आधारित कथाहरू नै बढी प्रचलित देखिन्छन् । यहाँका विभिन्न लोककथामध्ये केहीले स्थानीयताको झल्को पनि दिएको पाइन्छ । यहाँ प्रचलित लोककथाहरूले रीतिरिवाज, चालचलन सुख-दुःख हर्ष-बिस्मात आदि कुरा व्यक्त गरेर यस भेकका बासिन्दाहरूलाई मनोरञ्जन एवम् नैतिक शिक्षा प्रदान गर्दै आइरहेका छन् ।

## ५.२. विश्लेषण

लोककथाहरू कुनै पनि शास्त्रीय आधार नलिई लोकपरम्पराका आधारमा कथिएका कथाहरू हुन् । यस्ता कथाहरूको सिर्जना गर्दा कुनै निश्चित सिद्धान्तलाई आधार नबनाइकन बक्ताको स्वतः स्फूर्त भावनाबाट निसृत रोमाञ्चक आख्यानहरूलाई संयोजन गरिएको हुन्छ । अझ स्पष्ट शब्दमा भन्नु पर्दा साहित्य सिद्धान्तको ज्ञान नभएका जनसाधारणले आफ्नै वैचारिक अवधारणामा रचना गरेका आख्यानहरू नै लोककथाहरू हुन् । यसो भन्नुको अर्थ लोककथाहरू साहित्य होइनन् र यिनमा कुनै तत्त्वहरूको संयोजन गरिएको हुँदैन भन्नु सान्दर्भिक ठहर्दैन । लोककथाहरू साहित्यिक असचेत व्यक्तिद्वारा रचिएका लोककथाहरूमा आवश्यक तत्त्वहरूको समायोजन गरिएको हुन्छ । अन्य कथाहरूमा समावेश भएका तत्त्वहरू नै लोककथाका तत्त्वहरू हुन् । लोककथाका तत्त्वहरू कथावस्तु चरित्र चित्रण, परिवेश, उद्देश्य, संवाद र भाषाशैली नै हुन । यी तत्त्वहरू लोककथामा उपयुक्त शैलीबाट समायोजन गरिएको पाइन्छ यिनका अतिरिक्त लोककथामा लोकतत्त्व आन्तनिर्हित रहेको हुन्छ । ती तत्त्वहरूले लोककथामा रोमाञ्चकता, आकर्षकता र पूर्णता प्रदान गर्दछन् । यी तत्त्वहरूको उचित समायोजनको अभावमा कथाले पूर्णता प्राप्त गर्न सक्दैन । त्यसैले साहित्य सिद्धान्तलाई पूर्ण रूपमा परिपालन नगरी रचना गरिएको भए पनि लोककथामा विभिन्न तत्त्वहरूको उपयोग गरिएको हुन्छ र लोककथा सरल सहज भए नभएको कुराको मूल्याङ्कन उपर्युक्त तत्त्वहरूको आधारमा गर्न सकिन्छ ।

प्रस्तुत अध्ययनमा सङ्कलित लोककथाहरू पनि आधारभूत तत्त्वहरूले सङगठित भएका छन् । यिनीहरूलाई पनि तत्त्वको आधारमा विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ । प्रस्तुत सन्दर्भमा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरूलाई तत्त्वगत रूपमा विश्लेषण गर्ने प्रयास गरिएको छ । यहाँ समावेश कथाहरूलाई यिनै आधारमा यहाँ क्रमशः विश्लेषण गरिएको छ ।

### ५.२.१ न्याउरी मारी पछुतो कथा

#### ५.२.१.१ कथानक

प्रस्तुत लोककथा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरू मध्ये एक हो । प्रस्तुत कथा निकै प्रसिद्ध कथा हो  र अन्यत्र पनि यस कथाका पाठहरू पाइन्छ । यस कथामा विचार नपुऱ्याई हडबडमा काम गर्ने व्यक्तिले समय बितेपछि पछुताएको कुरालाई उल्लेख गरिएको छ । यस कथाको प्रारम्भ बाहुन बाजेले छोराको हेरचाहको लागि न्याउरी पालेको अवस्थाबाट  हुन्छ  । बाहुन बाजे बाहिर घुम्न जानु र घुमेर आउँदा घरमा छोरालाई रगताम्मे देखेर शङकाका भरमा न्याउरीलाई कुटेर मार्नु कथाको मध्य भाग हो । उनले सोचविचार नै नगरी न्याउरीलाई मारेकोमा पछि पछुताउनु कथाको अन्त्य भाग हो । यस कथाले विचार नपुऱ्याई कार्य गर्दा पछि आईपर्ने अप्ठायारो अवस्थालाई प्रकाश पार्न खोजेको छ ।

नित्यकर्म अनुसार बिहान पुजाआजा गर्नु दिउँसो घर बाहिर गएर काम गर्नु, घरको रेखदेखका लागि जनावरहरू पाल्नु उचित समयमा बिचार नपुऱ्याउनु, हतास मनस्थितिमा कार्य गरेर पछि पछुताउनु जस्ता लोक जीवनमा आधारित घटनाहरू यस कथामा विद्यमान छ ।

#### ५.२.१.२ चरित्रचित्रण

यस कथाका प्रमुख पात्र बाहुन बाजे हुन् । यस कथाको आदिदेखि अन्त्यसम्म उनको नै भूमिका रहेको छ  । उनकै हडबडाहटले गर्दा घट्न नहुने घटना यसमा घटेको छ । पहिले सोच्दै नसोची न्याउरीलाई मार्नु र पछि पश्चाताप गर्नु बाहुन बाजेको कमजोर पाटो हो ।

यस कथाका गौण पात्रहरूमा बालक छोरा, न्याउरी र सर्प पर्दछन् । बाहुन बाजे र उनको बालक छोरो मानवीय पात्र हुन् भने न्याउरी र सर्प यस कथाका मानवेतर पात्रहरू हुन् । मानवेत्तर पात्रमा न्याउरीको भूमिका सक्रिय रहेको छ ।

### ५.२.१.३ परिवेश

यस कथामा बाहुन बाजेको घरदेखि लिएर, घर बाहिरको पनि स्थानगत परिवेशको चर्चा गरिएको छ । सयमगत परिवेशका रूपमा एक दिनको बिहानको पूजाआजादेखि बेलुकीसम्मको उल्लेख गरिएको पाइन्छ । देवी देवताको पूजा आजा गर्नु घरमा जनावरहरू पाल्नु, कामकाजका लागि घरभन्दा बाहिर जानु जस्ता परिस्थितिको चर्चा पनि यस कथामा पाइन्छ ।

### ५.२.१.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य काम गर्दा धैर्यसाथ गर्नु पर्दछ भन्ने हो । अधैर्य तथा हडबडाहाटमा गरेको कार्यले बाहुन बाजेले जस्तो पछुताउनु पर्दछ भन्ने शिक्षा प्रदान गर्नु यस कथाको अर्को उद्देश्य हो । लोकजीवनमा मनोरञ्जन प्रदान गर्नु यस कथाको गौण उद्देश्य हो ।

### ५.२.१.५ भाषाशैली एवम् संवाद

गाउँघरमा प्रचलित उखानलाई शीर्षकको रूपमा चैन गरिएको प्रस्तुत कथामा लोकजीवनमा प्रचलित भाषाको प्रयोग गरिएको छ । भकाभक, सरासर जस्ता अनुकरणात्मक शब्दहरूको प्रयोग पनि यस कथामा गरिएको छ । अधिकांश तत्भव शब्दहरू चयन गरी तृतीय पुरूष दृष्टि विन्दुमा लेखिएको छ ।

यस कथामा संवादको प्रवलता पाइदैनन् वर्णनात्मक शैलीलाई यसले जोड दिएको पाइन्छ ।

### ५.२.१.६ लोकतत्त्व

प्रस्तुत कथामा बाहुनले बिहान उठेर नित्यकर्मका रूपमा पूजाआजा गर्नु, गृहस्थी जीवनमा घरमा न्याउरी आदि जनावरहरू पाल्नु, घरबाहिरबाट आउनासाथ दायाँबाया केही

नबुझी बाहुनले न्याउरीलाई मार्नु र पछि सोचेर पछुताउनु जस्ता लोकसंस्कारहरू यस कथाका लोकतत्त्वहरू हुन् ।

### ५.२.२ उत्तिस र गुराँसको कथा

#### ५.२.२.१ कथानक :

प्रस्तुत कथाको प्रारम्भ गुराँसले बिहे गर्ने इच्छा गरेकोले केटी खोज्ने सन्दर्भमा उत्तिस कहाँ केटी माग्न गएको अवस्था हो । गुराँस उत्तिसकहाँ गएर केटी माग्छ, र उत्तिसले नौ ठाउँ बाँगिएको गुराँसलाई देखेर तथानाम गाली गरेको अवस्था कथाको मध्य विन्दु हो । उत्तिसको गाली सहन नसकी गुराँसले आफ्नो सुन्दरता हेर्न चैत बैशाखमा आउन भनेर ऊ त्यहाँबाट फर्कन्छ । जब चैत बैशाख सुरू हुन्छ, उत्तिसले, गुराँसले भनेको कुरा स्मरण गर्दछ । ऊ त्यहाँ हेर्न जाँदा बेहुली जस्तै राताम्मे भएको अति सुन्दर गुराँस देखेपछि, आफूले कुरूप भनेर गाली गरेकोमा उत्तिसलाई पश्चात्ताप हुन्छ र पहिरोमा हाम फालेर ऊ मर्दछ, यो नै कथाको अन्तिम विन्दु हो । धमण्डले कुनै व्यक्तिलाई सही मार्ग नदेखाउने स्थिति कसैलाई गाली गर्दा पनि विचार पुऱ्याउनु पर्ने अवस्था, समाजको प्रचलन अनुसार मागी विवाह गर्ने प्रचलन आदि कुराहरू यस कथाका महत्त्वपूर्ण प्रसङग हुन् ।

#### ५.२.२.२ चरित्रचित्रण

यस कथामा मानवेत्तर पात्रहरूको नै चर्चा गरिएको छ । प्रस्तुत कथाका प्रमुख पात्रहरू नै वनस्पतिजगतका उत्तिस र गुराँस रहेका छन् । यस कथाको आरम्भ नै गुराँस उत्तिस कहाँ बिहेको लागि केटी माग्न गएको सन्दर्भबाट हुन्छ । यस कथामा उल्लिखित आवेशमा आएर दुर्व्यवहार गर्ने खालको देखिन्छ भने गुराँस सहनशील र धैर्यवान् खालको छ । मानवेत्तर पात्रहरू उत्तिस र गुराँसले मानव समान व्यवहार गरेको कुरा यस कथामा उल्लेख गरिएको छ ।

#### ५.२.२.३ परिवेश

यस कथामा स्थानगत परिवेशका रूपमा वनजङगलको सेरोफेरोको उल्लेख गरिएको छ । समयगत परिवेशमा पुस-माघ महिनामा गुराँस उत्तिसकहाँ केटी माग्न गएका र चैत

बैशाख महिनामा गुराँसको घुर्क्याइ अनुसार उत्तिस उसलाई हेर्न गएको चर्चा गरिएको छ । वनमा हुर्कने बढने रूखबिरूवाहरूले पनि बिहावारी गर्ने गरेको तिनमा मागी विवाहको प्रचलन रहेको जस्ता लोकधारणागत परिवेशलाई यहाँ समावेश गरिएको छ ।

### ५.२.२.४ उद्देश्य

यस कथाको मूल उद्देश्य कसैले पनि घमण्ड गर्नु हुँदैन, घमण्डले दुष्परिणाम निम्त्याउँदछ भन्ने हो । समय अनुसार सबैको आ-आफ्नो महत्त्व हुन्छ, घमण्डले चुर भएर कसैलाई गाली गर्नु आफ्नै काल निम्त्याउनु हो भन्ने प्रसङ्ग प्रस्तुतगर्नु पनि कथाको उद्देश्य हो । ग्रामीण लोकमानसलाई मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको अर्को उद्देश्य रहेको छ ।

### ५.२.२.५ भाषाशैली एवम संवाद

प्रस्तुत कथामा ग्रामीण परिवेशमा बोलिने लोकभाषाको प्रयोग गरिएको छ । कुरूप, नौ ठाउँमा बाङगिएको, मुख चेप्प्राउँदै, बुढी कन्ने जस्ता लोकजीवनमा प्रचलित शब्द तथा शब्दावलीहरूले यस कथामा स्थान पाएको छ । यस कथाको रचना संवादात्मक शैलीमा गरिएको छ । उचित संवादहरूको संयोजनबाट कथामा मिठास प्राप्त भएको छ । प्रस्तुत कथामा उत्तिस र गुराँस बीच छेडछाडका शब्दहरू प्रयोग गरिएको छ ।

### ५.२.२.६ लोकतत्त्व

लोककथा काल्पनिक संसारबाट सिर्जित भएकोले प्रस्तुत कथामा वनस्पतिले पनि मानवको जस्तो व्यवहार गरेको सन्दर्भ जोडिएको छ । बिहाबारी गर्ने समय भएपछि बिहेको लागि गुराँस केटी माग्न उत्तिस कहाँ जानु, केटी दिनु कता हो कता उत्तिसले गुराँसलाई तथानाम गाली गर्नु, गुराँसले चैत, बैशाख हेर्न आउनु भनेकोले उत्तिस गुराँस कहाँ हेर्न जानु र गुराँसको यौवन अवस्था देखेर पश्चात्ताप गरी उत्तिस पैरोमा हाम फालेर आत्महत्या गर्नु आदि यस कथा लोकव्यवहारमा प्रचलित प्रसङ्गहरू यस कथाका लोकतत्त्वहरू हुन् ।

## ५.२.३ भाइ फुटे गवाँर लुटे

### ५.२.३.१ कथानक :

जातिगत हिसाबले आफूलाई उपल्लो जातिको सोच राख्ने व्यक्तिले भाइ-भाइबीचको फुट बुझ्न नसक्दा परेको धोकाको चर्चा यस कथामा गरिएको छ । यस कथाको प्रारम्भ तीन जना साथीहरूको परदेश गमनबाट हुन्छ ।  ती बाहुन, छेत्री र धर्ती परदेश लाग्दछन् । परदेशका लागि सातुसामलको व्यवस्था गरिएको हुँदैन, उनीहरूलाई भोकले साँच्चै आपद् पर्दछ । बाटो नजिकै बारीमा उनीहरू बदाम देख्दछन् र बदाम खनेर खान थाल्दछन् । त्यतिखेर बदामवाला कृषक पनि आइपुग्दछ, आफ्नो बारीमा तीन जना भुसतिग्रेहरूले बदाम खाएको देखेर अब केही गर्नु पऱ्यो भनेर कृषकले जुक्ति लगाउँदछ, यो नै कथाको मध्य विन्दु हो । यस पछि कृषकले उनीहरूको बेलिविस्तार सोद्धछ र उनीहरू बीच फुट पैदा गराए पालै पालो पिट्न सफल हुन्छ । यसरी कृषकले बदाम खाएको साटो फेर्दछ ।

ग्रामीण जनजीवनमा परदेश घुम्न जाने परम्परा, परदेशमा आइपर्ने समस्या, भोक चोरका रूपमा बदाम चोरेर खानु र कृषकले जुक्तिका भरमा आफू भन्दा शक्तिशालीलाई पिट्न सफल हुनु यस कथाका उल्लेख्य घटनाहरू हुन् ।

### ५.२.३.२ चरित्रचित्रण

प्रस्तुत कथामा बाहुन, छेत्री र धर्ती तीन जना साथीहरूका साथै बदामवाला कृषकको पनि चर्चा गरिएको छ । परदेश लागेका ती केटाहरूले खानेकुरा केही नपाउँदा बदाम चोरेर खान बाध्य हुन्छन । यसरी परदेशीहरूले बदाम खाएको देखेर बदाम मालिक रिसले चुर हुन्छ तर आफूभन्दा बलिया तीन तीन जनालाई केही गर्न नसक्ने देखेर धैर्यका साथ जुत्ति लगाउँछ । उसले साथी साथी बीच फुट पैदा गरी भकुर्न सफल हुन्छ ।

### ५.२.३.३ परिवेश

यस कथामा बदामको खेतीको चर्चा गरिएकाले ग्रामीण किसान जनजीवनसँग सम्बन्धित परिवेश भएको कुरा प्रष्ट हुन्छ । स्थानगत परिवेशमा गाउँघरदेखि परदेश, परदेशको बदाम बारी र बाटोघाटो चर्चा गरिएको छ । समयगत परिवेशका रूपमा गाउँबाट परदेश गएको अवस्था

दर्साइएको छ । परदेश घुम्न जाने प्रचलन, भोक मेटाउनका लागि चोरेर खाएको परिस्थितिबारे यहाँ उल्लेख गरिएको छ ।

### ५.२.३.४ उद्देश्य

प्रस्तुत कथाले भाइ-भाइबीच आपसी फाटो भएर एकता टुट्यो भने पराईले मौका छोपी फाइदा उठाउन सक्दछ भन्ने मुख्य सन्देश फिँजाउने उद्देश्य राखेको छ । यस कथामा तीन जना परदेशीबीच म ठूलो र तँ सानो भन्ने धारणा विकास भएकोले आफूभन्दा कमजोरले मौकाको फाइदा उठाएको छ । त्यसकारण एकता नै बल हो भन्ने धारणा पनि यस कथाले राखेको छ ।

### ५.२.३.५ भाषाशैली एवम संवाद

प्रस्तुत कथा ग्रामीण जनजीवनमा प्रचलित कथा भएकोले ग्रामीण जनवोलीको प्रयोग यसमा गरिएको छ । भुसतिग्रे, भक्कुमार , कड्केर, दोलो काढ्यो जस्ता शब्द र शब्दावलीको चयन यस कथामा गरिएको छ । ग्रामीण परिवेशमा प्रचलित तद्भव शब्दहरूको बाहुल्य यस कथामा रहेको छ ।

उक्त कथामा रैखिक शैलीको आदि, मध्य र अन्त्यको ढाँचा प्रयोग गरिएको छ । पात्र हरू सुहाउँदो संवादको प्रयोग यस कथामा गरिएको छ । संवादमा नम्र भाषाशैलीलाई अँगालिएको छ ।

### ५.२.३.६ लोकतत्त्व

प्रस्तुत कथा लोकजीवनमा आधारित लोककथा हो । यस कथाका पात्र बाहुन, छेत्री र धर्ती तीनजना अल्लारेलाई परदेश घुम्न जाने रहरले घुम्न जानु, परदेश लागि सातु समाल केही नलगेकोले र अति भोक लागेकोले किसान बारीमा बदाम चोरेर खानु किसानको बलले

नभ्याएकोले बुद्धि प्रयोग गरी उनीहरूको एकतालाई अनेकतामा परिणत गरी एकाएक कुट्न सफल हुनु जस्तो लोकजीवनका घटनाहरू यस कथाका लोकतत्त्वमा आधारित प्रसङ्गहरू हुन् ।

### ५.२.४ हराएको सारी

#### ५.२.४.१ कथानक

जनजीवनमा प्रचलित लोकप्रिय कथा हो । यस कथाको आरम्भ बिन्दु पण्डित बाजेको देहान्तपछि टुहुरा छोराछोरीको लालनपालनको जिम्मा उनका भाइको काँधमा आएपछि हुन्छ । भतिजा र भतिजी काका बाको रेखदेखमा हुर्कनु, समर्थ भएपछि छोराछोरीको बिहाबारी सम्पन्न हुनु, बुहारी दुष्ट स्वभावकी फेला पर्नु जस्ता घटनाबाट कथाले अग्रगति लिनपुग्दछ । बाबुको श्राद्धमा पण्डितकी छोरीलाई पनि बोलाइन्छ, त्यही समयमा भाउजूको सारी हराउँछ र सारी चोरेको दोष भाउजूले नन्दलाई लगाउछिन् । यो नै कथाको उत्कर्ष विन्दु हो ।

चोरीको आरोप लागेपछि नन्द फेरि कहिल्यै माइत नआउने गरेर घर फर्किन्छिन्, एक दिन भाउजूचाँहि घरको सफा सुग्घरको काममा लाग्दा सन्दुसको अन्तरमा प्वाल-प्वाल परेको अवस्थामा त्यही सारी फेला पार्दछिन् । उनलाई पश्चात्ताप हुन पुग्छ र नन्दलाई माइत बोलाइन्छ तर उनी कहिल्यै पनि आउँदिनन्  । यसरी कथाको समाप्ति हुन्छ । संरक्षकको देहान्तपछि बालवच्चा टुहुरा हुनु, उनीहरूको लालनपालन काका बाबुबाट हुनु, उनीबाट नै बिहाबारी गरिदिनु, गृहस्थीको धर्म अनुसार तिथि श्राद्ध गर्नु, चेलीबेटीलाई बोलाउनु, स्वभाव अनुसारको व्यवहार गर्नु जस्ता घटनाहरू यस कथामा आधारित घटनाहरू हुन् ।

#### ५.२.४.२ चरित्रचित्रण

प्रस्तुत कथामा पण्डित बाजेका दम्पती, उनका भाइ बुहारी, पण्डितका छोरा, बुहारी र छोरी मानवीय पात्रहरू रहेका छन् भने मानवेत्तर पात्रका रूपमा मूसोको पनि उल्लेख गरिएको छ ।

यस कथामा पण्डितका भाइ, छोरा, बुहारी र छोरी नै सक्रिय भूमिका देखिन्छ । यस कथाको प्रमुख पात्रका रूपमा बुहारी चाँहि देखिन्छिन् किन भने उनकै  दुष्ट्याइँका कारण नन्दलाई चोरीको दोष लगाइन्छ, निर्दोषलाई खोट-लगाउँदा साह्रै मन दुख्न पुगेको नन्द कहिल्यै

पनि माइत नआउने निधो गरेर घर फर्किन्छिन । यहाँ दाजुको भूमिका शिथिल अवस्थाको देखिन्छ । उनीबाट खास निर्णायक भूमिका निर्वाह गरिएको छैन ।

### ५.२.४.३ परिवेश

यस कथाको स्थानगत परिवेशमा पण्डित र उनका भाइको घर र पण्डितकी छोरीको घर रहेको छ । साथै यहाँ ग्रामीण परिवेशको चर्चा पनि गरिएको छ । समयगत परिवेशका रूपमा १५-२० बर्षको अन्तराललाई लिइएको छ । सानैमा बाबु आमाको देहान्तपछि काकाले पालनपोषण गरी समर्थ भएपछि छोराछोरीको बिहेदान गरिदिएको अवस्था, बिहाबारीपछि छोराले आफ्नो छुट्टै व्यवस्था गरी खाएको छोरीको पनि बिहेदान भई घर गइसकेको समयलाई यहाँ चर्चा गरिएकोबाट लामो समयको अवस्थालाई दर्साइएको छ ।

आफ्नो दाजुको मृत्युपछि भाइले टुहुरा बालबच्चाको पालनपोषणको जिम्मा लिनु, यो सामाजिक कर्तव्य हो, त्यसपछि उनीबाटै बिहाबारी सम्पन्न गराउनु, अलग बस्न चाहेपछि अलग्याइ दिनु, गृहस्थी धर्म अनुसार तिथि श्राद्ध चलाउनु, चेलिबेटी डाकनु बोलाउ गर्नु, नन्द र भाउजू बीच आन्तरिक तथा बाह्य द्वन्द्व सिर्जना हुनु आदि परिस्थितिगत परिवेशको चर्चा यस कथामा गरिएको छ ।

### ५.२.४.४ उद्देश्य

प्रस्तुत कथाले भावनात्मक रूपमा अर्ती उपदेश प्रदान गर्ने उद्देश्य राखेको छ । साथै दुष्ट चरित्र भएका मानिसहरू पहिले धैर्य र सोच राख्न सक्दैनन् र पछि पश्चात्ताप गर्दछन् भन्ने भाव पनि यस कथाले समेटेको पाइन्छ । हामीले घरायसी वा सामाजिक व्यवहारमा पण्डितकी बुहारीको जस्तो दुष्टता देखायौं भने जीवनमा अनन्त धोका पाउन सक्छौं भन्ने जानकारी दिनु जस्तो उद्देश्य यस कथाले बोकेको पाइन्छ । आवेगमा होइन धैंयमा काम गर्नु पर्दछ भन्ने सन्देश प्रदान गर्नु पनि यस कथाको सन्दर्भसँग गासिएको छ । साथै वक्ता र श्रोतालाई ग्रामीण जनजीवनमा मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको उद्देश्य हो ।

### ५.२.४.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा ग्रामीण जनबोलीमा प्रयोग भएका शब्दहरूको चयन गरिएको छ । देउपितृ, डाकबोलाउ, चाँजोपाँजो, सारादे, तथानाम, चोर्नी, बोक्सी, राँडी जस्ता ठेट नेपाली शब्दहरूको प्रयोगले भाषामा मिठास थपेको छ । यो कथा वर्णनात्मक शैलीमा लेखिएको छ । यस कथामा संवादका प्रयोग खासै मात्रामा गरिएको छैन ।

### ५.२.४.६ लोकतत्त्व

प्रस्तुत कथामा टुहुरा भतिजा, भतिजीको लालनपालन पण्डितका भाइले गर्नु, समर्थ भएपछि बिहेदान गरिदिनु, बिहेदान पछि पण्डितका छोराले आफ्नो घरगृहस्थी सञ्चालन गर्नु, देवपितृ कार्यमा चेलीबेटी डाकबोलाउ गर्नु जस्ता लोक जीवनमा आधारित घटनाहरू नै यस कथाका लोकतत्त्वमा आधारित सन्दर्भहरू हुन् ।

## ५.२.५ तामाङ जातिको कथा

### ५.२.५.१ कथानक

जातिगत किंवदन्तीका आधारमा रचना गरिएको प्रस्तुत कथाको कथावस्तु जातीय उत्पत्तिसँग सम्बन्धित छ । यस कथामा मामा चेलो, फूफू चेला चेलीबीच माया प्रेम भएको प्रसङ्गबाट कथाको आरम्भ भएको छ । त्यस ठाउँमा मामाचेला र फुपूचेला बीच बिहाबारी नचल्ने भएकोले उनीहरूलाई धनसम्पत्ति र घोडा दिएर अन्यत्र पठाइयो । मामाचेला र फुपुचेलाका बीच बिहाबारी हुने स्थान खोज्दै आउँदा उनीहरू नेपालको गुरूङहरूको राज्यमा आइपुगेछन् त्यहाँ मामाचेला र फुपुचेलाको बीच बिहाबारी गर्ने चलन भएकोले बिहाबारी गरेर यहँ बसेछन् र गुरूङ राजाले उनीहरूलाई ठूलो बिर्ता दिएछन् त्यो स्थान नेपालको तिमाल रहेछ । यो कथाको उत्कर्ष विन्दु हो ।

तिमालबाट पनि उनीहरू सुख-सुविधाको खोजी गर्दै बसाईं सर्दै नेपालको विभिन्न भागमा लोक्ताबाट नेपाली कागज बनाउने काम गर्दै हिंडेछन् । अर्को किंवदन्ती अनुसार पहिले तामाङहरू भोट परिवारका नै थिए रे । तिब्बतमा खाम्पा जाति र तामाङ जाति बीच घोडयुद्ध भएको थियो । तामाङ जातिले युद्धमा हार भएपछि घोडा लिएर तिब्बतबाट भागेकोले यो जातिको नाम तामाङ रहयो रे । तामाङ भाषामा 'ता' को अर्थ घोडा र 'मख' को अर्थ लडाइँ

हो । यसरी ता+मख को सन्धि भएर “तामख” शब्द निर्माण भएको हो भनिन्छ । तामख शब्द नै अपभ्रम्स भई “तामाङ” हुन गएको हो भन्ने भनाइ छ ।

मामाचेला फुपूचेलाबीच माया प्रेम भएको र सो कार्य परम्परा विपरीत भएकोले उनीहरूलाई त्यहाँबाट लखेटिएको, आफूलाई मिल्दो स्थानको खोजीमा हिंडेको, बिर्ता प्राप्त गरेको, बसाइँ सरेको जस्ता लोकजीवनका घटनाहरू यहाँ छन् ।

### ५.२.५.२ चरित्रचित्रण

प्रस्तुत कथामा मामाचेला र फुपूचेला गुरूङ राजा, तिब्बतका खाम्पा जाति र तामाङ जातिको चरित्र चित्रण गरिएको छ । तामाङहरू पहिले तिब्बतकै बासिन्दा भए पनि उनीहरूको मामाचेला फुपूचेलाबीच बिहाबारी नहुने गरेको अवस्थाको चित्रण गरिएको छ । परम्परा तोडेका केटाकेटी त्यहाँबाट लखेटिएकाले नेपाल आएर बसेको कुरा यहाँ उल्लेख गरिएको छ । अर्को किंवदन्तीमा चाहिँ तिब्बती खाम्पा र तामाङ बीच युद्ध भएर खाम्पासँग हारेकोले घोडा लिएर भाग्दै तामाङ जाति नेपाल आएका हुन् भनिएको छ ।

### ५.२.५.३ परिवेश

प्रस्तुत कथामा स्थानगत परिवेशका रूपमा तिब्बतको कुनै प्रान्त, नेपालको गुरूङ राजको राज्य र तिमाललगायत मधुमृगीसम्मको चर्चा पाइन्छ । समयगत परिवेशका रूपमा प्राचीन तिब्बत राज्य सञ्चालित अवस्थाको चर्चा पाइन्छ । परिस्थितिगत परिवेशका रूपमा तिब्बतमा तत्कालीन समयमा मामाचेला र फुपूचेलाबीच बिहाबारी नचल्ने र नेपालमा बसोबास गर्ने गुरूङहरूमा  मामाचेला र फुपूचेला बीच बिहेबारी चल्ने परम्पराको उल्लेख गरिएको छ । उक्त समयमा जातीय युद्ध हुने गरेको, युद्ध पराजितले आफ्नो स्थान छाडेर भाग्नु पर्ने परिस्थितिको पनि चर्चा पाइन्छ ।

### ५.२.५.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य जातीय उत्पत्ति, परम्परा, संस्कृतिमाथि प्रकाश पार्नु हो । किंवदन्तीका आधारमा जातीय पहिचान, ऐतिहासिक परिचय, परम्परागत मान्यताहरूको

आगमन जस्ता कुराहरूलाई जनसमक्ष ल्याउनु पनि यसको उद्देश्य हो लोकजीवनमा मनोरञ्जन प्रदान गर्नु यस कथाको गौण उद्देश्य हो ।

### ५.२.५.५ भाषाशैली एवम् संवाद

लोकजीवनमा प्रचलित कथा भएकोले यस कथाको भाषाशैली जनबोली अनुरूप पाइन्छ । यस कथामा तिब्बती भाषा र तामाङ भाषाका केही शब्दहरू छन् । जस्तै : खाम्पा, ता , मख आदि । तत्भव शब्दहरूको नै यस कथामा बाहुल्य रहेको छ । प्रस्तुत कथा वर्णनात्मक शैलीमा लेखिएको छ यसमा संवाद प्रयोग न्यून छ ।

### ५.२.५.६ लोकतत्त्व

प्रस्तुत कथामा तामाङ जातिको उत्पत्ति सम्बन्धी किंवदन्तीमा आधारित छ । तामाङ जातिका केटा र केटी बीच तिब्बतमा बस्दा मामाचेला र फूपुचेलासँग मायाप्रेम भएछ । तत्कालीन अवस्थामा त्यहाँ मामाचेला र फुपूचेला बिहाबारी चल्दन्थ्यो त्यसैले उनीहरूलाई त्यहाँ बस्न दिइएन । उनीहरू त्यहाँबाट बिहाबारी गर्ने सुरमा नेपालको गुरूङ राज्यमा आए र त्यहाँ मामाचेला फुपूचेला बिहा गर्ने चलन भएकोले त्यही घरबार गरेर बसेका आदि परम्परागत कुराहरू नै यस कथाका लोकतत्त्व आधारित सन्दर्भहरू हुन् ।

## ५.२.६ बोकाकाटी स्वर्ग पुग्ने पुजारी

### ५.२.६.१ कथावस्तु

प्रस्तुत कथा एउटा बोका काट्ने जागिर खाएको पुजारीको सन्दर्भलाई लिएर रचना गरिएको कथा हो । त्यस पुजारीले प्रत्येक दिन भोको बसी ५१ वटा बोका काट्नु पर्थ्यो र ५१ बोका काटिसकेपछि मात्र खाना खान पाउने नियम थियो । यसरी उसका बाह्र वर्ष बिते यो कथाकोआरम्भ विन्दु हो ।

एकदिन त्यस पुजारीलाई बोका काट्दा काट्दै असाध्यै भोक लागेछ । भोक सहननसकी ऊ नियमलाई तोडेर खाना खान गएछ । खाना खाइसकेपछि अब बोका काट्छु भनेर खुकुरी खोज्दा उसले कहीँ पाउन सकेन । त्यतिखेर काट्न बाँकी बोकाहरू बसिरहेका थिए । खुकुरी यिनीहरूले लुकाए कि भनेर बोकाहरू उठाउँदा एउटा उठ्यो कि अर्को बस्ने गरेर खुकुरी लुकाइराखे यसरी पशुहरूमा पनि ज्यान जोगाउने गजबको इच्छा हुँदो रहेछ त्यसकारण आफूले पनि जागिर छाड्ने र त्यस्तो पाप कर्म गरेकोले नदीमा गएर हाम फालेर आत्महत्या गर्ने विचार गऱ्यो । जब ऊ नदीमा हाम फाल्न गयो, तब भगवान्ले समाएर स्वर्गतिर लगे, उसले आफ्नै विचारबाट पापकर्म नगरेको र जागिरका सन्दर्भमा अरूले लगाएर गरेका कारण उसलाई भगवानले मुक्त गरेका हुन । यसरी पुजारीलाई भगवानले स्वर्ग लगेको देखेर, त्यही नदी किनारमा तपस्या गर्ने लामा पनि स्वर्ग जान नदीमा हाम फाल्यो तर भगवानले उसलाई साथ नदिएकोले उसले देहत्याग मात्र गऱ्यो । अरूले प्राप्त गरेको कुरा, आफूले प्राप्त गर्ने अभिलाषा बोकेकाले लामा स्वर्ग जान पाएन ।

देवी थानहरूमा बोकाको भोग दिने प्रचलन, पाप कर्म गरेपछि पश्चाताप हुनु, अरूले प्राप्त गरेको कुराप्रति ईर्ष्या गर्नु जस्ता कुराहरू लोकतत्त्वमा आधारित सन्दर्भहरू हुन् ।

### ५.२.६.२ चरित्रचित्रण

प्रस्तुत कथामा बोका काट्ने पुजारी र तपस्या गर्ने लामा जस्ता मानवीय पात्रहरू छन् । बोकाहरू जस्ता मानवेत्तर पात्रहरूको चर्चा पनि यस कथामा गरिएको छ । मानवीय र मानवेत्तर पात्रका साथै भगवान्को पनि उल्लेख यस कथामा पाइन्छ ।

बोका काट्ने पुजारीले जागिरका सन्दर्भमा बोका काटी जीवन निर्वाह गर्नु पर्दथ्यो, यो पापकर्म उसले बाध्यताले गरेको हुनाले उसलाई भगवानले छुट दिएका हुन साथै ऊ स्वर्ग गएको देखेर देखासिकीमा स्वर्ग जाने चाहना गरेकोले लामा स्वर्ग जान पाएन, देह मात्र त्याग गर्न पुग्यो भन्ने कुराको चित्रण यस कथामा गरिएको छ ।

### ५.२.६.३ परिवेश

प्रस्तुत कथामा स्थानगत परिवेशका रूपमा बोका बलि दिने देउताको स्थान लामाले तपस्या गरेर बसेको स्थान, कोसी नदीका साथै स्वर्गसम्मको चर्चा गरिएको छ समयगत परिवेशका रूपमा पुजारीले जागिरका सन्दर्भमा बाह्र बर्ष बिताएको उल्लेख गरिएको छ । बोका काटी बलि दिने प्रचलन, लामाहरूले ध्यान गर्ने परम्परा, बलि दिँदा नियम पालन गर्नु पर्ने कुरा परिस्थितिगत परिवेशहरू हुन् ।

### ५.२.६.४ उद्देश्य

प्रस्तुत कथाको मूल उद्देश्य अनजान अथाव बाध्यतामा गरिएको पापकर्मलाई भगवानले पनि क्षमा गर्दछन साथै अरूले प्राप्त गरेको कुरा आफूले पनि देखासिकीमा प्राप्त गर्छु भनेर ईर्श्यालु हुँदा दुष्परिणाम भोग्न बाध्य हुनु पर्दछ  भन्ने शिक्षा दिनु नै हो । लोकजीवनमा प्रचलित भएकोले जनमानसलाई मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको अर्को उद्देश्य हो ।

### ५.२.६.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा ग्रामीण लोकजीवनमा प्रचलित भएकोले यस कथाको भाषाशैली सामान्य व्यक्तिहरूको बोलीचालीसँग मिल्दो छ । बलि दिनु, पापकाम, साग र सिस्नु जस्ता ग्रामीण जीवनमा प्रचलित शब्दहरूको चयन यस कथामा गरिएको छ । यस कथामा संवादको संलग्नता शून्यप्राय छ ।

### ५.२.६.६ लोकतत्त्व

प्रस्तुत कथामा उल्लिखित देवीदेवताका मन्दिरमा बलि चढाउने परम्परा, बलि चढाउँदा पनि भोको बसी नियम पालना गर्नुपर्ने चलन, पापकर्मदेखि वितृष्णा पैदा भइ पुजारीले आत्महत्या गर्नु, पुजारीलाई अरूद्वारा लगाइएको र स्वयं उसको मन ज्ञानले नगरेकोले भगवानले उसलाई स्वर्ग लैजानु जस्ता यस कथाका लोकतत्त्वमा आधारित सन्दर्भहरू हुन् ।

## ५.२.७ अनैतिक सम्बन्ध उदाङ्गो

### ५.२.७.१ कथानक

अनैतिक सम्बन्ध भएका केटाकेटीको व्यवहारलाई यस कथाको कथावस्तु बनाइएको छ । गाउँमा एक दम्पती बस्तथे त्यसका श्रीमान् श्रीमती बीच मेलमिलापको वातावरण थिएन । श्रीमती श्रीमान्को कुनै मतलब राख्दैनथी । एक दिन सामान्य बिरामी हुनाको कारण श्रीमानको मृत्यु हुन्छ, सरसहयोगका लागि गाउँलेहरू जम्मा हुन्छन् । श्रीमानको मृत्यु पछि श्रीमती गाउँलहरूलाई विभिन्न सवालहरू गर्दछे । ती सवालहरूको जवाफ अनैतिक सम्बन्ध राख्ने केटोले दिन्छ । उनीहरूको सवाल जवाफको शैलीबाट गाउँलेहरूलाई उनीहरूको अनैतिक सम्बन्धमाथि शङका उठ्छ र सबै समाजले त्यस दिनबाटै श्रीमान मरेकी केटीलाई त्यो लुठो केटाका जिम्मा लगाइदिन्छन् ।

अनैतिक सम्बन्ध राख्ने केटीको चर्चा, गाउँमा समस्या पर्दा छरछिमेकीको सहयोग, खराब मानिसको कुराकानीबाट नै अनैतिक कुरा थाहा पाइनु जस्ता कुराहरू यस कथामा उल्लेख गरिएका छन् ।

**५.२.७.२ चरित्रचित्रण**

प्रस्तुत कथामा अनैतिक सम्बन्धमा संलग्न केटी, उसको श्रीमान लुठो केटो र गाउँलेहरूको चर्चा गरिएको छ । यस कथाको प्रमुख पात्र लुठो केटाले खराब केटीसँग अनैतिक सम्बन्ध राख्ने गरेकाले केटीको श्रीमान्को मृत्युपछि गाउँलेहरूले त्यस केटीलाई केटाको जिम्मा लगाइदिएको चित्रण गरिएको छ ।

**५.२.७.३ परिवेश**

यस कथामा स्थानगत परिवेशका रूपमा एउटा गाउँ र त्यहीको एउटा घरको चर्चा गरिएको छ । समयगत परिवेशमा कुनै निश्चित समय नतोकिए पनि १५-२० वर्षको अन्तराल रहेको बुझिन्छ । खराब लतमा लागेका केटाहरू गाउँमा भएको, त्यस्ता कार्यमा केटीहरू पनि संलग्न रहेको, आपद पर्दा गाउँलेले सहयोग गरेको परिस्थितिको चर्चा यस कथामा गरिएको छ ।

**५.२.७.४ उद्देश्य**

प्रस्तुत कथाको प्रमुख उद्देश्य लुकी चोरी बदमासीमा लाग्ने व्यक्तिहरूले कुनै न कुनै समय सजायको भागी हुनु पर्दछ भन्ने सन्देश नै हो । यस कथाको प्रमुख पात्र त्यो लुठो केटालाई लुकी चोरी राखेको अनैतिक सम्बन्धको सजाय गाउँलेहरू दिलाएका छन् । साथै मनोरञ्जन दिनु पनि यस कथाको थप उद्देश्य हो ।

### ५.२.७.५ भाषाशैली एवम् संवाद

ग्रामीण परिवेशको कथा भएकाले यस कथाको भाषाशैली लोकजीवनसँग मिल्दो खालको छ । यस कथामा तत्भव शब्दहरूको अधिकता रहेको छ । पात्र अनुकूल संवादको व्यवस्था पनि यस कथामा गरिएको छ । यस कथाका संवादहरू हास्यव्यङ्गात्मक छन् ।

### ५.२.७.६ लोकतत्त्व

प्रस्तुत कथामा उल्लिखित लोग्ने स्वास्नी बीच बेमेलको स्थिति, यस्तै अवस्थामा सामान्य विरामी हुनाका कारण लोग्नेको मृत्य हुनु, मृत्युपछि सहयोगका लागि गाउँलेहरू घरमा जम्मा हुनु, सहयोगका क्रममा अवैध सम्बन्ध रहनु र केटा र केटीबीचको सो अवैध वार्तालापबाट सम्बन्धको रहस्य उदाङ्गो हुन जस्ता घटनाहरू यस कथामा लोकतत्त्वसँग सम्बन्धित प्रशङ्गहरू हुन् ।

## ५.२.८ चोरीको परिणाम

### ५.२.८.१ कथानक

प्रस्तुत कथामा गुरूकुल शिक्षाको समयको घटनालाई लिएर कथावस्तु बनाइएको छ । त्यस समयमा शिक्षा दिने क्रममा गुरूबाट नैतिक शिक्षामा विशेष जोड दिइन्थ्यो तापनि एकदिन गुरू न्यासध्यानमा लागेको समयमा एक जना चेलाद्वारा गुरूको कलम चोरिएको घटनाबाट कथाको आरम्भ हुन्छ । गुरूले कलम हराएको कुरा चेलाहरू समक्ष राख्दा पनि कुनै पनि चेलाले भेटाएको कुरा नगरेपछि गुरूले एउट जुक्ति लगाए । सबै चेलाहरूलाई एउटा लाइनमा उभ्याएर गुरूले हातमा खुकुरी लिई, अब म चोरको खुट्टा काट्छु भन्दा कलम चोर्ने शिष्यले हत्तनपत्त खुट्टा उचाल्यो । यसरी जुक्तिबाट नै चोर पत्ता लगाइएको कथाको उत्कर्ष बिन्दु हो । गुरूले जुक्ति र

बुद्धिद्वारा यसरी काम लिनु पर्दछ भनेर चेलाहरूलाई सम्झाउँदै कलम चोर्ने शिष्यलाई पनि एक पल्ट सुर्धनका लागि मौका प्रदान गरे । यसरी कथाका अन्त्य भयो । प्राचीन समयमा गुरूकुलमा गई शिक्षा लिने प्रचलन, गुरूद्वारा नैतिक शिक्षा प्रदान गर्ने चलन, समाजमा भएका खराबीलाई जुक्तिद्वारा अनुसन्धान गर्ने व्यवस्था जस्ता घटनाहरू हाम्रो लोकमान्यता अनुरूपका प्रसङ्गहरू हुन् ।

### ५.२.८.२ चरित्रचित्रण

प्रस्तुत कथामा गुरू र चेला दुई थरी पात्रहरूको चरित्र चित्रण गरिएको छ । यस कथामा गुरूको नै प्रमुख भूमिका रहेको छ । गुरूको कलम हराएपछि जुक्तिद्वारा पत्ता लगाई शिष्यलाई सुध्रने मौका दिइएको घटनाले गुरूलाई सत्पात्र र गतिशील पात्रका रूपमा लिन सकिन्छ । चेलाहरू मध्ये कलम चोर्ने शिष्यलाई असत् पात्रका रूपमा चरित्र चित्रण गर्न सकिन्छ ।

### ५.२.८.३ परिवेश

यस कथामा गुरूद्वारा शिक्षा प्रदान गर्ने गुरू आश्रमको स्थानगत परिवेशको चर्चा गरिएको छ भने समयगत परिवेशका दृष्टिले गुरूकुल शिक्षा प्राप्त गर्ने प्राचीन कालको चर्चा यहाँ गरिएको छ । गुरूकुलमा गई शिक्षा लिने चलन, गुरूद्वारा बेद, पुराण लगायत नैतिक शिक्षा दिने प्रचलन आदि परिस्थितिगत परिवेशको चर्चा यस कथामा गरिएको छ ।

### ५.२.८.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य नैतिक शिक्षा प्रदान गर्नु हो । यदि हामीले कसैले देखेको छैन भनेर चोरी गऱ्यौं भने पनि हाम्रो अवचेतन मनले हामीलाई पश्चात्ताप गराइरहेको हुन्छ । त्यसकारण हामी आपराधिक घटना, त्यसरी नै छिपाउन सक्दैनौँ जसरी कलम चोर्ने शिष्यले खुकुरी देखाउँदै आफ्नो कर्तुत व्यक्त गरिहाल्यो । साथै लोकजीवनमा मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको थप उद्देश्य हो ।

### ५.२.८.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा लोकजीवनमा आधारित कथा भएता पनि गुरूकुल शिक्षाका प्रसङ्गमा लेखिएकोले केही तत्सम शब्दहरूको पनि प्रयोग गरिएको छ । शिक्षा दीक्षा, गुरू दक्षिणा, गुरू नित्यकर्म, ध्यान आदि तत्सम शब्दले यस कथामा स्थान पाएको छ । यस कथामा संवादको प्रयोग भएको छैन, वर्णनात्मक शैलीमा कथाको रचना गरिएको छ

### ५.२.८.६ लोकतत्त्व

प्राचीन गुरूकुल शिक्षा परम्परा गुरूद्वारा दिएको नैतिक शिक्षा, नैतिक शिक्षा दिंदादिदै पनि भएको अनैतिक कार्य, गुरूको कलम चेलाद्वारा चोरी, भौतिक सजायँविना गुरुद्वारा कलम चोरको पत्तो जस्ता घटनाहरू यस कथाका लोकतत्त्वमा आधारित सन्दर्भहरू हुन् ।

### ५.२.९ दूई दाजुभाइको कथा

### ५.२.९.१ कथानक

प्रस्तुत लोककथा सामाजिक लोककथा हो । ज्ञान र विवेकको अभावमा मानिस सही मार्गमा अघि बढ्न सक्दैन भन्ने कुरा यस कथाले दर्साएको छ । यस कथामा उल्लिखित दाजुभाइमध्ये दाजु ससुराली जान पल्कनु यस कथाको प्रारम्भ हो दाजु पटकपटक ससुराली गएर मिठो मिठो खाएको थाहा पाएर लेठेप्रो भाइले पनि दाजुको ससुरालीमा जान चाहनुका साथै दाजुले सिकाए अनुसार दाजुको ससुराले जे भने पनि सुँकसुँक गर्न थाल्यो । ससुरो चाँहिले जुवाइँ बितेछन् , छोरी राँडी भई भनेर चुरापोते फुकाल्न लगाएछ यो कथाको उत्कर्ष विन्दु हो । लठेप्रो भाइ भाउजू राँडी भई भनेर घर फर्क्यो, स्वास्नी राँडी भई भनेर दाजु चाँहि साहूकहाँ ऋण मिनाह गराउन पुग्दछ । यसरी कथाको समाप्ति हुन्छ । यिनै विभिन्न घटनाहरूको संयोजनबाट यो कथा आकर्षक एवं लोकप्रीय बनेको छ । यस कथामा श्रीमान नमरी श्रीमती राँडी हुनु जस्तो अभिप्रायको प्रयोग भएको छ ।

### ५.२.९.२ चरित्रचित्रण

प्रस्तुत कथाको प्रमुख पात्र दाजु हो । ऊ अवास्तविक कुरालाई अरूको लहैलहैमा वास्तविक ठान्छ । ऊ एक प्रकारको विवेकहीन अल्लारे पात्र हो । यस कथाका अन्य पात्रहरूमा भाइ, ससुरो, साहू र छेत्री बूढो रहेका छन् । यिनीहरूमध्ये भाइ लठेप्रो, ससुरो अनुमानका भरमा निर्णय लिने, साहू दामकमाउनका लागि मरिमेट्ने र छेत्री बुढो सही निर्णय दिन नसक्ने चरित्रका रूपमा देखिन्छन् । गौण पात्रका रूपमा दुलही रहेकी छन् ।

### ५.२.९.३ परिवेश

यस कथामा स्थानगत परिवेशका रूपमा ग्रामीण परिवेश र दाजुभाइको घर, ससुराली , साहूको घर र छेत्री बुढाको घरको चर्चाको पाइन्छ । समयगत परिवेशका रूपमा कुनै निश्चित समयको उल्लेख नपाइए तापनि २ -४ बर्षको अन्तराललाई देखाइएको छ । बिहेपछि जुवाइँ ससुराली जाने र बिहेपछि पनि चेलीलाई माइतमै राख्ने चलनको चर्चा पनि यसक कथामा गरिएको छ ।

### ५.२.९.४ उद्देश्य

प्रस्तुत कथाको मूल उद्देश्य अव्यवहारिक, अविवेकी र अरूले सिकाएको भरमा काम गर्ने मानिसले घर व्यवहार सञ्चालन गर्न सक्दैनन् भन्ने शिक्षा दिनु नै हो । यस कथाका पात्रहरू दाजु, भाइ र ससुराका अबुझ अवस्थाबाट हुन नसक्ने कुरालाई पनि सम्भव तुलाइएको देखिन्छ । यसबाट लोकजीवनमा मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको अर्को उद्देश्य हो । भन्ने कुरा स्पष्ट हुन्छ ।

### ५.२.९.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा ग्रामीण जनजीवनको कथा भएकोले यस कथाको भाषाशैली लोकजीवनमा आधारित छ । मिठो मसिनो, सुँक्क सुँक्क, मिनाह जस्ता जनजीवनमा प्रचलित शब्दहरू यहाँ प्रयोग गरिएका छन् । यस कथाको रचना संवादात्मक शैलीमा भएको छ । पात्र अनुकुल संवादको व्यवस्था गरिएकोले कथामा मिठास थपिएको छ ।

### ५.२.९.६ लोकतत्त्व

प्रस्तुत कथाका दुई पात्रमध्ये दाजुको बिहे हुँदा लठेप्रो भाइको बिहे नभएको अवस्था, लठेप्रोलाई पनि दाजुको ससुराली जान रहर लाग्नु, भाइले ससुरालीमा जथाभावी भन्ला भनेर दाजुले जे कुरा सोधेपनि सुँक्कसुँक्क गरेर मुन्टो हल्लाउनु भनेर अह्राउनु र लठेप्रोले पनि दाजुले अह्राए जस्तै गरी दाजुको खबर सोधिदा झन् मुन्टो हल्लाएर सुँक्कसुक्क गरेकोले जुवाइँ मरेछन् भन्ठानी ससुराले छोरीका चुरापोते फुटाउनु  जस्ता लोकव्यवहारसँग मिल्दोजुल्दा घटनाहरू नै यस कथाका लोकतत्त्वमा आधारित प्रसङ्गहरू हुन् ।

## ५.२.१० छट्टु स्यालको कथा

### ५.२.१०.१ कथानक

प्रस्तुत कथा पशुपन्छी सम्बन्धी लोककथा हो । एउटा पशुको आफ्नो चुर्‍याइँले गर्दा ऊ अनेक बाधा, व्यवधान र दुःखकष्टहरू समाधान गर्दै माथिल्लो श्रेणीमा पुग्न सक्छ भन्ने आशय यहाँ देर्साइएको छ । स्यालले गाउँलेहरूलाई झुक्याएर कुखुरा चोर्नु कथाको प्रारम्भ हो । त्यस्तै आफ्नो चतुर्‍याँइका कारण स्याल जस्तो पशु पनि सजायँ मुक्त भएका चर्चा कथाको विकास अवस्था हो । एउटा सामान्य पशुको चतुरताले महादेव समक्ष पुग्न सक्नु उपसंहार हो । यो कथा विभिन्न घटनाहरूको उपयुक्त संयोजनबाट लोक प्रीय एवम् पूर्ण बनेको छ । यस कथामा स्याल हात्तीको भुँडीभित्र पस्नु, स्याल र महादेव बीच संवाद हुनु लोकतत्त्वमा आधारित घटनाहरू हुनु । महादेव प्रकट हुनु , हात्तीका भुँडीमा स्याल पस्नु , लिसोको मान्छे आदि यस कथामा पाइने अभिप्राय हुन् ।

### ५.२.१०.२ चरित्रचित्रण

प्रस्तुत कथाको प्रमुख मानवेत्तर पात्र स्याल हो । स्यालले आफ्नो चतुऱ्याइँद्वारा गाउँलेहरूलाई छक्याउनु महादेवसँग संवाद गर्नु र भालुलाई छक्याउनु जस्ता कार्य कुशलता पूर्वक गरेको छ । अन्य पात्रहरूमा अर्को मानवेत्तर पात्र भालु, मानवीय पात्रहरूमा गाउँले देव पात्रहरूमा महादेव र पार्वतीको पनि यस कथामा उपस्थिति छ । मानवीय पात्रका साथै पशु र देवदेवी जस्ता मानवेता पात्रहरूको प्रयोग यस कथाको वैशिष्टय बनेको छ ।

### ५.२.१०.३ परिवेश

यस कथामा स्थानगत परिवेशका रूपमा स्यालले कुखुरा चोरेको ग्रामीण परिवेश र महादेव पार्वतीका सन्दर्भमा अलौकिक स्थानको पनि चर्चा पाइन्छ । समयगत परिवेशमा भने कुनै निश्चित समयको उल्लेख भएको पाइँदैन स्यालले कुखुरा चोरेको, स्याललाई गाउँलेहरूले समाएर सजाय दिएको र उसले चतुऱ्याइँबाट छुटकारा पाएको स्थितिको यस कथामा उल्लेख गरिएको छ ।

### ५.२.१०.४ उद्देश्य

प्रस्तुत कथाको प्रमुख उद्देश्य प्रत्येक व्यक्तिले बुद्धिले काम गर्नु पर्दछ भन्ने हो । शिक्षा लिउ स्यालले आफ्नो बुद्धिको चतुऱ्याइँका कारण सजायबाट मुक्त हुनु, महादेवसँग देवलोकमा जान पाउनु यसका उदाहरण हुन् । यस कथामा वर्णित विभिन्न रोचक घटनाको प्रस्तुतिबाट लोकजीवनमा मनोरञ्जन प्रदान गर्नु यस कथाको अर्को उद्देश्य हो ।

### ५.२.१०.५ भाषाशैली एवम् संवाद

लोकजीवनमा प्रचलित कथा भएकोले यस कथाको भाषाशैली ग्रामीण जनभाषासँग मिल्दो छ । यस कथा भित्र उपकथाहरू संलग्न गरिएकोले गर्भकथात्मक शैलीमा रचना गरिएको छ । यस काथमा पात्र अनुकूल संवादहरूको व्यवस्था यस कथामा गरिएको छ ।

### ५.२.१०.६ लोकतत्त्व

प्रस्तुत कथामा एउटा मानवेतर पात्र चलाख स्यालले मानिसलाई छक्याएर कुखुरा चोर्न सफल हुनु, मानिसले सजाय दिने प्रयास गर्दा पनि आफ्नो चलाखीबाट उम्कनु, अलौकिक पात्र महादेवलाई सम्म छक्याउन स्यालले बहाना गर्नु र महादेवसँग स्वर्ग जान स्याल सक्षम हुनु जस्ता घटनाहरू यस कथाका लोकतत्त्वमा आधारित सन्दर्भहरू हुन् ।

### ५.२.११ ठगको कथा

### ५.२.११.१ कथानक

यस कथामा ठगहरूको ठगीमा एकजना सोझा बाहुन ठगिएको चर्चा गरिएको छ । दशैंको महान चाडका निम्ति बाहुन बोको किन्न जानु कथाको प्रारम्भ हो । ठगहरूको योजना अनुसार बीच बाटोमा बसेर किन कुकुर ल्याएको भनेर प्रश्न गर्नु र सोझा बाहुन बाजेलाई मानसिक द्विविधा पैदा गराउनु यस कथाको विकासको चरण हो । बाटोमा भेटिएका तिनै जनाले बोकोलाई कुकुर भनेपछि आफू झुक्किएको सम्झी बाहुन बाजेले बोको बाटोमा नै छाडी हिँडनु र ठगले लैजानु जस्ता घटना यस कथामा घटेका छन् । ठगहरूको ठगाइले गर्दा बाहुन बाजेको दशैं खल्लो हुनु यस कथाको उपसंहार हो । हिन्दु धार्मिक सामाजिक तथा साँस्कृतिक परम्परा अनुसार दशैं मनाउने र दशैंमा मिठो मसिनु खानेका लागि जोहो गर्ने कुरा, समाजमा बसेका सोझा व्यक्तिहरूलाई झुक्याएर ठग्ने कुरा लोकजीवनमा पाइने प्रसङ्गहरू हुन् । यस कथामा ठगहरूले बोकोलाई कुकुरका रूपमा आरोपित गर्नु यस कथाको एक महत्त्वपूर्ण अभिप्राय हो ।

### ५.२.११.२ चरित्रचित्रण

यस कथामा तीन जना ठग, सोझा बाहुन बाजे र उनका परिवारका सदस्य मानवीय पात्रका रूपमा रहेका छन् भने मानवेत्तर पात्रका रूपमा बोको रहेको छ । बाहुन बाजे यस कथाका सत्पात्र हुन्, उनीबाट कुनै असत् कार्य भएको छैन, बरू उल्टै ठगहरूले चतुर्‍याइँबाट उनी ठगिएका छन् । ठगहरू यस कथाका असत् पात्रहरू हुन् उनीहरूले सोझा बाहुनलाई ठगेर दुष्कर्म गरेका छन् । यस कथामा अन्य पात्रहरूको त्यति सक्रिय भूमिका पाइँदैन ।

### ५.२.११.३ परिवेश

प्रस्तुत लोककथामा स्थानगत परिवेशका रूपमा गाउँघर, बाटोघाटो र बाहुन बाजेको घर लगायत पूर्णतः ग्रामीण परिवेशको चर्चा गरिएको छ । समयगत परिवेशका रूपमा दशैको निकट अवस्था १०-१५ दिनको समयलाई लिएको पाइन्छ । हिन्दू धार्मिक, साँस्कृतिक तथा सामाजिक परम्परा अनुसार दसैं मनाउनु, चाडबाड आएपछि खानेकुराको जोहो गर्नु, यस्तै मौकापारी ठगी गर्नु र चाडबाडलाई महत्त्वहिन बनाउनु आदि परिस्थितिगत परिवेश हुन् ।

### ५.२.११.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य हामी सबैमा दृढ विश्वास आवश्यक पर्दछ भन्ने सन्देश दिनु नै हो । हामी समाजमा ज्यादै सोझो भयौं भने पनि ठगिने स्थितिको सिर्जना हुन सक्दछ । आफैंले ल्याएको बोको अरूले कुकुर हो भन्दैमा कहिल्यै पनि कुकुर हुँदैन, त्यो बोको नै हुन्छ तर दृढताको कमी भयो भने कथामा उल्लेख भए झैं हामी हरपल ठगिन सक्दछौं भन्ने शिक्षा यस कथाले प्रदान गरेको छ । साथै वक्ता र श्रोतालाई मनोरञ्जन दिलाउनु यस कथाको अर्को उद्देश्य हो ।

### ५.२.११.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा ग्रामीण परिवेशलाई लिएर सिर्जना भएकाले यस कथाको भाषाशैली ग्रामीण जनबोलीमा आधारित छ । अखडा जमाउनु, खल्लो हुनु, क्यार, टार्नु जस्ता अत्यन्त प्रचलित नेपाली शब्द र टुक्काहरूको चयन यहाँ गरिएको छ । पात्र अनुकूल संवादहरूको व्यवस्थाबाट यस कथामा मिठास थपिएको छ ।

### ५.२.११.६ लोकतत्त्व

प्रस्तुत कथा ठगहरूको जासुसी प्रपञ्चसँग सम्बन्धित छ । यस कथामा बाहुनले दसैंका लागि बोका किन्न जानु, उनलाई ठग्नका लागि ठगहरूले योजना निर्माण गर्नु, उनीहरूको योजना अनुसार तीन ठाउँमा बसेर बाहुनलाई ठग्नु लोकमा नै पाइने घटना हुन किन कुकुर डोऱ्याएको भनेर भनेपछि बाहुन दोधारिएर बोको बाटोमा छाडी दिन्छन् र ठगहरूले दसैं मान्छन् जसले गर्दा बाहुनको दसैं विनामासुको हुन्छ । उपर्युक्त सन्दर्भहरू लोकजीवनसँग मेलखाने लोकतत्त्वमा आधारित छन् ।

## ५.२.१२ कुविचारको परिणाम

### ५.२.१२.१ कथानक

प्रस्तुत लोककथामा एउटी दुष्ट आइमाईको व्यवहारको चित्रण गरिएको छ । यस कथामा स्वास्नीले लोग्नेप्रति कुविचार राखेको हुनाले आफ्नै ज्यान गुमाएकी छे । यो कथा

पूर्णत : कल्पनामा आधारित छ । अर्काको कुभलो चिताउने मानिसलाई कहिल्यै भलो हुँदैन भन्ने आशय यस कथाको रहेको छ ।

यिनै कुराहरूलाई पुष्टि गर्न विभिन्न घटना श्रृखलाहरूको समायोजन भएको छ । स्वास्नीले आफ्नो लोग्नेप्रति कुविचार सोच्नु यस कथाको आरम्भ हो । कुविचारको परिणाम अनुसार लोग्ने मर्नुको सट्टा मोटाउँदै जानु विकास अवस्था हो भने लोग्नेप्रतिको ईर्ष्याका कारण स्वास्नीको नै मृत्यु हुनु उपसंहार हो । यसरी अर्काको कुभलो चिताउने मानिसको कहिल्यै भलो हुँदैन भन्ने मूल आशय यस कथाको रहेको छ । यस कथामा लोग्ने मरोस् भनेर धूप हाल्नु अभिप्रायका रूपमा आएको छ । हाम्रो समाजमा आफ्नै श्रीमान् प्रति कुविचार राख्ने ईर्ष्यालु भावनाले उत्प्रेरित भएर काम गर्ने आइमाइहरू हुन्छन र उनीहरू दुष्परिणाम भोग्न पनि बाध्य हुन्छन् भने कुरा यहाँ पाइन्छन् ।

### ५.२.१२.२ चरित्रचित्रण

प्रस्तुत लोककथाकी प्रमुख पात्र स्वास्नी हो । ऊ अर्काको कुभलो चिताउने असत् पात्र हो, लोग्नेलाई छिटै मार्ने प्रयत्न गर्दा गर्दै त्यसको विपरीत उसले आफ्नै ज्यान गुमाउनु पर्‍यो । उसकै सक्रियताका कारण कथामा रोचकता थपिएको छ । यस कथाका अन्य सहयोगी पात्रहरूमा लोग्ने र ज्योतिष रहेका छन् ।

### ५.२.१२.३ परिवेश

प्रस्तुत कथाको स्थानगत परिवेशका रूपमा ग्रामीण जनजीवनको चर्चा गरिएको छ । यसरी ज्योतिष र कुविचार राख्ने व्यक्तिको घरको चर्चा गरिएको छ । समयगत परिवेशका रूपमा माघ मास र चैत्र मासको चर्चाबाट एक वर्षभन्दा लामो समयलाई लिन सकिन्छ । समाजमा सबै एकै खाले व्यक्तिहरू नहुनु , श्रीमान् र श्रीमतीबीच पनि यस्ताखाले भावनाहरू रहनु आदि परिस्थितिगत चर्चा पनि यस कथामा पाइन्छ ।

### ५.२.१२.४ उद्देश्य

यस कथाको मूल उद्देश्य  नैतिक शिक्षा प्रदान गर्नु हो । "आफूले खनेको खाडलमा आफैं पर्दछ" भन्ने उक्ति अनुरूप यहाँ कुविचार राख्ने नारी आफूले रचेको षडयन्त्रमा आफैं परेकी छे । विभिन्न काल्पनिक घटना श्रृङखलाहरूको उचित संयोजन गरेर मानिसलाई मनोरञ्जन प्रदान गर्नु यस कथाको थप उद्देश्य हो ।

### ५.२.१२.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा लोकजीवनमा आधारित भएकोले सामान्य व्यक्तिका लागि सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको छ । यदाकदा संस्कृत शब्दहरूको चयन पनि यस कथामा गरिएको छ । जस्तै माघ मासे, तस्य बूढो, नजिवति आदि पात्र अनुकूल संवादको व्यवस्थाले कथामा झन् रोचकता बढेको छ ।

### ५.२.१२.६ लोकतत्त्व

प्रस्तुत कथाका मानिसका व्यवहारसँग मिल्दोजुल्दो खालको छ । यस कथामा स्वास्नीले लोग्नेप्रति कुभावना लिनु, लोग्नेको मृत्यु चाँडै होस् भन्ने सोच राखी ज्योतिष हेराउनु जानु, ज्योतिषले उसको मनसाय बुझेर लोग्नेको भलो हुने कार्य सिकाउनु, लोग्नेप्रति ईर्ष्यालु स्वास्नीले लोग्नेलाई मार्ने विचार गर्दा उसकै मृत्युहुनु जस्ता लोकजीवनमा घट्न सक्ने घटना यस कथाका लोकतत्त्वका प्रसङ्गहरू हुन् ।

### ५.२.१३ जे गर्छन भगवान् असलै गर्छन्

### ५.२.१३.१ कथानक :

प्रस्तुत कथा एकजना मन्त्रीको थेगोलाई शीर्षकका रूपमा चयन गरी रचना गरिएको हो । जुन व्यक्तिमा ढृदता हुन्छ त्यस्ता व्यक्तिहरू सधैं सफल हुन्छन् भन्ने यस कथाको आशय हो  । क्षणिक आइ पर्ने समस्याका भरमा निर्णय गर्ने व्यक्तिको निर्णय ठीक हुँदैन भन्ने विचार यस कथाले व्यक्त गरेको छ ।

यस कथामा राजा सिकार जानु र सिकारका क्रममा बन्दुक हान्दा बन्दुकको घोडाले दाहिने हातको कान्छी औंला चुंडेर लैजानु कथाको आरम्भ विन्दु हो । राजा दरबारमा आएर

मन्त्रीसँग गुनासो गर्नु र मन्त्रीले "जे गर्छन् भगवान् असलै गर्छन्" भनेकोमा राजा रिसाएर मन्त्रीलाई पदमुक्त गर्नु कथाको विकास अवस्था हो । राजा पुनः सिकार जानु, वनझाँक्रीले भोग दिन लैजानु, खुनी देखेर भोग नदिएकोले दरबारमा फर्कन पाउनुका साथै मन्त्रीले भनेको कुरा सत्य सावित भएकोले फेरि मन्त्रीलाई पुनर्बहाली गर्नु कथाको अन्त्य भाग हो ।

राजामहाराजाहरूले सोखका लागि सिकार गर्ने चलन, गफगाफका सन्दर्भमा थेगो प्रयोग गर्ने प्रचलन, मानिसदेखि लिएर जङगलवासीहरूमा पनि देवतालाई भोग चढाउने परम्परा, खुनी जनावरलाई बलि नचढाउने नियम आदिका प्रसङ्ग यस कथामा समावेश गरिएका छन् ।

### ५.२.१३.२ चरित्रचित्रण

प्रस्तुत कथाको मानवीय पात्रहरू राजा र मन्त्री रहेका छन् भने मानवेत्तर पात्रहरू वनझाँक्री र उनीहरूका नाइके रहेका छन् । यस कथाको प्रमुख पात्र मन्त्री सदाका लागि सत्य बोल्ने व्यक्तिका रूपमा परिणत भएको छ, उसले थेगोको रूपमा जुन उक्ति प्रयोग गरेको थियो आखिर सोही कुरा सत्य साबित भयो । ऊ यो कथाको सत् पात्रका रूपमा पाइन्छ । राजा भने आक्रोसमा निर्णय गर्ने र पछि सोही निर्णयलाई उल्टाउने दोधारे स्वभावको व्यक्तिका रूपमा देखिन्छ ।

### ५.२.१३.३ परिवेश

यस कथामा स्थानगत परिवेशका रूपमा राजाको दरबार, सिकार खेल्न गएको जङगल र वनझाँक्रीहरूको वासस्थानको चर्चा गरिएको छ । समयका दृष्टिले अति प्राचीन अवस्थाको उल्लेख गरिएको छ । राजा र मन्त्री मिलेर देशको शासन सञ्चालन गरेको सोखका लागि राजाहरू जङगलमा सिकार खेल्न जाने गरेको जङगलवासी वनझाँक्रीहरूले पनि देवतालाई बलि चढाउने गरेको जस्ता परिस्थितिगत परिवेशको पनि यस कथामा चर्चा गरिएको छ ।

### ५.२.१३.४ उद्देश्य

प्रस्तुत कथाको प्रमुख उद्देश्य मानिसमा दृढ विश्वास हुनुपर्दछ भन्ने शिक्षा दिनु नै हो । यस कथाको पात्र मन्त्रीमा जुन दृढता थियो सोही कारण उसको विजय भएको हो । पहिले राजालाई मन्त्रीका वचन विषवाण भएका थिए भने पछि तिनै वचन अमृत समान भएकोले मन्त्रीलाई पुनर्बहाली गरेका छन् । त्यसकारण हामीले सही कुरालाई सधैं अनुसरण गर्नु पर्दछ भन्ने उदेश्य यस कथाको रहेको छ । लोकजीवनमा मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको उद्देश्य हो ।

### ५.२.१३.५ भाषाशैली एवम् संवाद

ग्रामीण परिवेशमा भन्ने र सुन्ने खालको कथा भएकोले प्रस्तुत कथाको भाषाशैली ग्रामीण जनजीवन सुहाउँदो खालको छ । वर्णनात्मक शैलीमा लेखिएको यस कथामा संवादको प्रयोग त्यति भएको पाइँदैन ।

### ५.२.१३.६ लोकतत्त्व

प्रस्तुत कथाले सत्यतालाई प्रमाणित गर्न खोजेको पाइन्छ । यस कथाको प्रमुख पात्र मन्त्रीको 'जे गर्छन भगवान असलै गर्छन, भन्ने थेगो छ । राजा सिकार खेल्न जाँदा बन्दुकले उसको दाहिने हातको कान्छी औला चुडेर लैजान्छ, राजा मन्त्रीसँग गुनासो गर्दछन् मन्त्री आफ्नो थेगो दोहोऱ्याउँछ । चोट परेको समय असल भयोभन्दा मन्त्रीसँग झोक चलेर राजाले मन्त्रीलाई पदमुक्त गर्दछन्, तर पछि वनमा राजालाई वनझाँक्रीले समाएर भोग दिन खोज्दा राजाको पहिलेको खुन देखेर छाडिन्छिन् र उनी बाँचेकोमा गौरव ठान्दछन् । मन्त्रीलाई पुनर्बहाली गर्दछन् । उपर्युक्त लोकजीवनमा आधारित घटनाहरू नै यस कथाका लोकतत्त्वमा आधारित सन्दर्भहरू हुन् ।

## ५.२.१४ लोभीको भाँडो उभिण्डो

### ५.२.१४.१ कथानक :

यस कथाले हामीलाई चाहिने भन्दा अति लोभ गर्नु हुदैन यदि लोभ गऱ्यौं भने त्यसले दुष्परिणाम निम्त्याउँछ भन्ने कुरा व्यक्त गरेको छ । अनावश्यक चाहना र शङ्कुचित विचार हाम्रा शत्रु हुन् । यस कथाको प्रमुख पात्र रने स्वास्नीको सल्लाह अनुसार तोरी लिएर तेल पेल्न

साल तिर जानु कथाको प्रारम्भ हो । सालमा गएर तेल पेल्नु, भाँडोमा नअटाएको तेल राख्ने ठाउँ खोज्नु कथाको उत्कर्ष अवस्था हो । उसले तेल राख्ने भाँडो खोज्दा कचौराको पिंध ( नैसाखी) खाली पायो र सोही ठाउँमा राख्छु भन्दा कचौराको सम्पूर्ण तेल पोखियो । यो अवस्था कथाको उपसंहार हो । हामीले अनावश्यक लोभ गऱ्यौं भने आवश्यक वस्तु पनि गुमाउनु पर्दछ भन्ने यस कथाको अभिप्राय हो । अनावश्यक लोभलालच गर्नु, विचार नपुऱ्याई वैसाखीमा तेल राख्नु जस्ता घटना यस कथाका चर्चा योग्य घटनाहरू हुन् ।

### ५.२.१४.२ चरित्रचित्रण

प्रस्तुत कथाको प्रमुख पात्र रने धर्ती हो र सहायक पात्रहरू उसकी स्वास्नी र साल्मी पर्दछन् । रने अतिलोभी, समयमा विचार पुऱ्याउन नसक्ने, पश्चातापी चरित्रको व्यक्ति हो । उसकै अनावश्यक लोभले गर्दा सम्पूर्ण तेल पोखिएर रित्तै घर फर्कनु परेको अवस्था यस कथामा उल्लेख गरिएको छ ।

### ५.२.१४.३ परिवेश

यस कथामा स्थानगत परिवेशका रूपमा रनेको घरपरिवार तेल पेल्ने साल र त्यही गाउँको सेरोफेरोको उल्लेख गरिएको छ । समयका हिसाबले एक दिनको चर्चा यस कथामा गरिएको छ । श्रीमान् श्रीमतीको परामर्शद्वारा घर परिवार सञ्चालन गर्ने परम्परा, आफ्नै बारीमा उत्पादित तोरी पेलेर तेलको खाँचो टार्ने परिस्थितिको चर्चा यस कथामा गरिएको छ ।

### ५.२.१४.४ उद्देश्य

प्रस्तुत कथाको प्रमुख उद्देश्य अनावश्यक लोभ गर्नाले दुष्परिणाम भोग्न बाध्य हुनुपर्दछ भन्ने हो । यस कथाको प्रमुख पात्र रनेले जस्तै अति लोभानी गऱ्यौं भने हामीले पनि प्राप्त भएको चीज पनि गुमाउनु पर्ने हुन्छ । त्यस कारण आवश्यक मात्रामा मात्र लोभ गर्नु पर्दछ भन्ने कुरा यसले देखाएको छ । यसको साथै वक्ता र श्रोतालाई मनोरञ्जन प्रदान गर्नु यस कथाको दोस्रो उद्देश्य हो ।

### ५.२.१४.५ भाषाशैली एवम् संवाद

ग्रामीण जनजीवन भन्दै र सुन्दै आएको कथा भएकोले  प्रस्तुत कथा सामान्य व्यक्तिको लागि सुहाउँदो भाषाशैलीमा रचना गरिएको छ । तेल पेल्ने साल, साल्मी, बैसाखी, लोभलालचा जस्ता लोकजीवनका स्थानीय शब्दहरूको प्रयोग यस कथामा गरिएको छ । वर्णनात्मक शैलीमा लेखिएकोले यस कथामा संवादको प्रयोग भएको छैन् ।

### ५.२.१४.६ लोकतत्त्व

हाम्रो समाजमा घट्न सक्ने घटनालाई कथावस्तुका रूपमा चयन गरी यस कथाको रचना गरिएको छ । प्रस्तुत कथाको प्रमुख पात्र रने तेल पेल्न सालमा जानु, तेल उस्को कचौरामा नअटाउनु । अति लोभका कारण पसलेलाई तेल नासो छाड्न नसक्नु, बाँकी तेल कचौराको बैसाखीमा राख्न खोज्दा सम्पूर्ण तेल पोखिनु जस्ता लोकव्यवहारसँग मिल्दाजुल्दा घटनाहरू नै यस कथाका लोकतत्त्वमा आधारित सन्दर्भहरू हुन् ।

## ५.२.१५ फटाह ज्योतिष

### ५.२.१५.१ कथानक

यस कथामा एउटी बुढी आइमाई र उसको एक्लो छोराको सन्दर्भलाई लिएर कथावस्तुको सिर्जना गरिएको छ । फट्याइँबाट पनि कहिले काहीँ मानिस सफलतामा पुग्दछ भन्ने कुरा यस कथामा उल्लेख गरिएको छ । बुढीको एक्लो छोरो विष्णु समर्थ भएर पनि कुनै काम नगरेकोमा बुढी दिक्क हुनु कथाको प्रारम्भिक चरण हो । विष्णु परदेश जानु, ज्योतिष पढेर आएँ भनेर आमालाई ढाँट्नु, बुढीले छोरो ज्योतिष भयो भनेर हल्ला फिंजाउनु, दरबारमा घोडा हराएको पत्ता लगाउन विष्णुलाई दरबारमा झिकाउनु कथाको विकास अवस्था हो भने फट्याइँका भरमा दरबारको घोडा र हराएको हीराको हार पत्ता लगाएबापत राजकुमारीसँग विवाह गरी विष्णु बस्नु कथाको उपसंहार हो । फट्याइँबाट पनि कुनै कार्यमा सफलता प्राप्त हुँदोरहेछ भन्ने यस कथाको अभिप्राय हो ।

बुढीको एक्लो छोरो भएर पनि कुनै काम नगर्नु बुढीको छोरो ज्योतिष भएको धाक लगाउनु, फट्याइँबाट उसको कार्य सफल हुनु जस्ता यस कथाका लोकजीवनमा आधारित घटनाहरू हुन्

### ५.२.१५.२ चरित्रचित्रण

यस कथामा धेरै पात्रहरूको चयन गरिएको छ । यस कथाको मूल पात्र बुढीको छोरो हो जसले परदेश गएर ज्योतिष पढें भनेर ढाँटेको थियो । अनुमानकै भरमा तथा भाग्यजोग्यले उसले राजकुमारीसँग विहे गरेर बस्न सफल भयो । अन्य मानवीय पात्रहरूमा राजकुमारी, बुढी आमा, दरबारमा काम गर्ने निदरी नामकी केटीको उल्लेख गरिएको छ । मानवेत्तर पात्रका रूपमा दरबारमा पालिएको घोडा पनि चर्चा गरिएको छ ।

### ५.२.१५.३ परिवेश

प्रस्तुत कथामा स्थानगत परिवेशका सन्दर्भमा बुढीको घर, परदेश, राजदरबार, राजदरबारको ऊखुबारी, बाटोघाटो आदि बारे चर्चा गरिएको छ । समयगत परिवेशका रूपमा बुढीले बालक छोरालाई पालनपोषण गरी समर्थ बनाएको र ऊ जवान भएपछि फट्याइँबाट ज्योतिष कार्यमा सफल भई राजकुमारीसँग बिहेगरेको सन्दर्भलाई हेर्दा २०-३० बर्षको अन्तरालको अनुमान लगाउन सकिन्छ । टुहुरो छोराको आमाद्वारा लालनपालन, ज्योतिष शास्त्रमा विश्वास राख्ने चलन, हराएको वस्तु भेटाउँदा बकस दिने परम्परा जस्ता परिस्थितिगत चर्चा यस कथामा गरिएको छ ।

### ५.२.१५.४ उद्देश्य

यस कथाको मुख्य उद्देश्य मानिसले कहिलेकाँहि संयोगवस झुटो धाक रवाफबाट पनि सफलता प्राप्त गर्न सक्दछ भन्ने नै हो । कथा काल्पनिक संसारबाट सिर्जित विधा भएकोले यसले  कुनै अवस्थामा असम्भव कुरा सम्भव बनाउने उद्देश्य राख्न सक्दछ । यसको साथै परिश्रमबाट थकाइ मार्दा जनमानसलाई मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको उद्देश्य हो ।

### ५.२.१५.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा ग्रामीणवासी समक्ष भन्दै र सुन्दै आएको कथा भएकोले उनीहरूका लागि सुहाउँदो भाषाशैली सिर्जना गरिएको छ । ज्यालाबनी, पिँढी, जोरजाम, झ्याली पट्नि जस्ता ग्राम्य भाषाका साथै अठपरिया, बक्सिस जस्ता दरबारिया शब्दहरूको प्रयोगले कथालाई रोचक बनाएको छ । आवश्यकता अनुसार संवादको व्यवस्थाले कथामा झन मिठास थपेको छ ।

### ५.२.१५.६ लोकतत्त्व

प्रस्तुत कथाले फट्याइँबाट पनि कुनै कार्य सफल भएको लोकव्यवहारको घटनालाई दर्साएको छ । बुढीको एक्लो छोरोले परदेश गएर ज्योतिष विद्या सिकेको कुरा फट्याइँ गर्नु, फट्याइँकै भरमा राजदरबारको घोडा र हीराको हार पत्ता लगाउन सफल भएर राजकुमारीसँग बिहे गर्नु जस्ता लोकजीवनमा आधारित यस कथाका लोकतत्त्वमा प्रसङ्गहरू हुन् ।

## ५.२.१६ किन रोइस् मङगले आफ्नै ढङ्गले

### ५.२.१६.१ कथानक

प्रस्तुत कथामा दुई जना लोग्ने र स्वास्नीका क्रियाकलापलाई लिएर कथावस्तु सिर्जना गरिएको छ । लुकीछिपी अवैध काम गर्ने मानिस एक दिन जसरी पनि कानुनी कठघरामा उभिन बाध्य हुन्छ भन्ने प्रसङ्ग यस कथामा व्यक्त गरिएको छ । चोरी सिकारका सन्दर्भलाई लिएर कथाको संरचना गरिएको छ । यस कथाको प्रमुख पात्र लोग्ने चाहिँले सरकारी वनबाट चोरी सिकार गरेर मयूर मारेर ल्याएकोबाट कथाको आरम्भ हुन्छ । लोग्नेले यो कुरा कसैलाई नभन्नू भनेर स्वास्नीलाई भन्नु, उसले भोलिपल्ट पधेर्नीहरूलाई खुसुक्क भन्नु, एक कान दुई कान मैदान हुँदै प्रहरी प्रशासनमा रिर्पोट पुग्नु कथाको उत्कर्ष अवस्था हो । जब प्रहरी आएर लोग्नेलाई पक्रेर लगे तब स्वास्नी चाहिँ रून कराउन थाली, यो कथाको अन्त्य भाग हो । अवैध कार्य गर्ने व्यक्ति कानुनी फन्दाबाट कहिल्यै उम्कन सक्दैन भन्ने यस कथाको आशय हो ।

हाम्रो समाजमा लुकीछिपी कानुन विपरित काम गर्ने परम्परा गोप्य राख्छु भनेको कुरा सधैं गोप्य नहुनु, त्यसले हामीमा मानसिक द्वन्द्व पैदा गराउनु जस्ता घटना यस कथाको महत्त्वपूर्ण घटनाहरू हुन ।

### ५.२.१६.२ चरित्रचित्रण

यस कथामा प्रमुख पात्रका रूपमा लोग्ने रहेको छ भने अन्य मानवीय पात्रहरूमा स्वास्नी, पधेर्नी र प्रहरी रहेका छन् । मानवेत्तर पात्रका रूपमा मयूरको पनि यस कथामा चर्चा गरिएको छ । यस कथाको पात्र लोग्ने अवैध धन्दामा लाग्ने असत् पात्र हो, ऊ आफूले खनेका खाडलमा आफैं जाकिन पुगको छ । स्वास्नी चाहिँ गोप्य कुरालाई पटक्कै साँचेर राख्न  नसक्ने चञ्चल मन भएकी नारी पात्र हो ।

### ५.२.१६.३ परिवेश

यस कथामा स्थानगत परिवेशका रूपमा चोरी सिकार गर्ने केटाको घर, सरकारी अधीनमा रहेको रानीवन र प्रहरी प्रशासनको उल्लेख गरिएको छ । समयगत परिवेशमा चाहिँ चोरी सिकार गरेकोदेखि लिएर पक्राउ परेको अवस्थालाई हेर्दा लगभग एक महिनाको अवधि बुभिन्छ । सरकारद्वारा वनको संरक्षण गरिएको अवस्था, यदाकदा चोरी सिकार गर्ने प्रचलन, प्रहरी प्रशासनले त्यसको नियन्त्रण गरेको परिस्थितिगत चर्चा यस कथामा पाइन्छ ।

### ५.२.१६.४ उद्देश्य

प्रस्तुत कथाको मुख्य उद्देश्य लुकीचोरी धन्दा गर्ने व्यक्ति एकदिन न एकदिन कानुनी फन्दामा पर्दछ भन्ने देखाउनु नै हो । यस कथाको प्रमुख पात्र काले धर्ती जस्तै जो सुकै पनि यस्ता व्यवहारबाट अलग हुन सक्दैन । यस कथाको दोस्रो उद्देश्य वक्ता र श्रोतालाई रोकता प्रदान गर्नु नै रहेको छ ।

### ५.२.१६.५ भाषाशैली एवम् संवाद

यस कथाको क्षेत्र ग्रामीण परिवेश भएकोले ग्रामीण लाकेजीवनसँग मिल्दोजुल्दो भाषा शैलीको प्रयोग गरिएको छ । यस कथामा लोग्ने, स्वास्नी र पँधेर्नीहरूका बीच रोचक संवादको व्यवस्था गरिएको छ । संवादको संयोजनले पनि यस कथामा मिठास थपिदिएको छ ।

### ५.२.१६.६ लोकतत्त्व

प्रस्तुत कथाको प्रमुख पात्र काले धर्तीले चोरी सिकार गरेर मयुर मारेर खानु, चोरेर ल्याएको कुरा कसैलाई नभन्ने सर्तमा स्वास्नीसँग भन्नु, स्वास्नी चाहिँले खुसुक्क पँधेर्नीहरूलाई भन्नु, एक कान दुई कान मैदान हुँदै कालेलाई प्रहरीले पक्रेर लाँदा स्वास्नी चाहिँले रोइकराइ गर्नु जस्ता जनजीवनसँग मिल्दा घटनाहरू नै यस कथाका लोकतत्त्वका सन्दर्भहरू हुन् ।

## ५.२.१७ एकता नै वल हो

### ५.२.१७.१ कथानक

प्रस्तुत कथाले एकतालाई सङगठित शक्तिका रूपमा उल्लेख गरेको छ । ललितपुर जिल्लाको दक्षिण पूर्वी भेकमा प्रचलित यो कथा रोचक एवम् वुद्धिवर्द्धक खालको छ । समाजलाई सही मार्ग प्रदान गर्न यस कथाले ठूलो भूमिका प्रदान गरेको छ । यस कथाको प्रारम्भ एउटा चउरमा एकैसाथ मिलेर बसेका साँढेलाई देखेर नजिकैको जङगलमा ईर्ष्याले भुतुक्क भएको बाघको चर्चाबाट गरिएको छ । बाघले स्यालको सहयोगबाट उनीहरूको एकता टुटाउन गरेको प्रयास तथा स्यालले जुक्ति लगाएर एकता टुटाउने गरेको कार्य कथाको विकास अवस्था हो । स्यालको जुक्तिले गर्दा उनीहरूमा अनेकता भएको मौका छोपी बाघले साँढेहरूलाई खान सफल हुनु यस कथाको उपसंहार हो । ती चार साँढेहरूको जस्तै हाम्रो पनि समाजमा एकता भङग भयो भने शत्रुले हामीलाई समाप्त गर्न सफल हुन्छ भन्ने नै यस कथाको आशय हो ।

पशुहरूमा पनि एकताको भावना हुनु, उनीहरू पनि शत्रु र मित्र दुई कित्तामा विभाजित हुनु कमजोर अवस्थाको फाइदा शत्रुले उठाउनु यस कथामा रहेका घटनाहरू हुन् ।

### ५.२.१७.२ चरित्रचित्रण

प्रस्तुत कथामा सम्पूर्ण मानवेत्तर पात्रहरू रहेका छन् । चार साँढे, बाघ, स्यालको चर्चा यस कथामा गरिएको छ । यस कथामा प्रमुख भूमिका स्यालले खेलेको छ । चार साँढेमा जुन एकता थियो, उसकै जुक्ति र बुद्धिले अनेकतामा परिवर्तन गरिदियो । सोही मौका पारी बाघ र स्याल मिलेर ती साँढेहरूलाई खान सफल भए । यस कथामा हानी नोक्सानी नपुर्‍याउने चार साँढेहरू सत्पात्र हुन् भने जालझेल गरी अरूलाई खान खोज्ने बाघ र स्याल असत् पात्रका रूपमा देखिन्छन् ।

### ५.२.१७.३ परिवेश

यस कथामा स्थानगत परिवेशका रूपमा साँढे बस्ने चउर र बाघ र स्याल बस्ने जङगलको चर्चा गरिएको छ । समयको कुनै निश्चित अवस्था नभए तापनि बाघ र स्याल डाडिएको सन्दर्भलाई हेर्दा २-४ वर्षको अवधि भएको बुझिन्छ । बलियाले निर्धोलाई, जालीफटाहले सोझोलाई दबाउने सिध्याउने परिस्थितिको उल्लेख यस कथामा गरिएको छ ।

### ५.२.१७.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य हामीले समाजलाई दिगोपन दिन एकताको आवश्यकता पर्दछ भन्ने ज्ञान दिनु नै हो । चार साँढेलाई स्यालले विनाकारण जुक्ति र बुद्धिले एकता भङ्ग गराए जस्तै हामीलाई पनि कसैले समाजबाट एकल्याएर मौकाको फाइदा उठाउन सक्छ, यस्तो परिस्थितिबाट जोगिनु पर्दछ भन्ने आशय यस कथाको रहेको छ । समाजका मानिसहरूलाई बुद्धि विकास गराउनु र मनोरञ्जन प्रदान गर्नु यस कथाको अर्को उद्देश्य रहेको छ ।

### ५.२.१७.५ भाषाशैली एवम् सँवाद

प्रस्तुत कथा ग्रामीण जनजीवनका लागि शिक्षा प्रदायक भएकोले यसमा लोकजीवनका लागि सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको छ । वर्णनात्मक शैलीमा रचना गरिएकोले यस कथामा संवादको प्रयोग गरिएको छैन ।

### ५.२.१७.६ लोकतत्त्व

प्रस्तुत कथाले एकता भङ्ग भई अनेकता भएमा हाम्रो समूल नास हुन्छ भन्ने जनजीवनसँग मिल्दो प्रसङ्गलाई प्रमाणित गरेको छ । यस कथामा चार साँढेको एकता देखेर नजिकैको जङगलमा बस्ने बाघ डाढिनु, स्यालले जुक्ति लगाएर साँढेहरूलाई एकल्याउनु, एक्लिएको मौका पारी बाघ र स्यालले साँढेहरूलाई खान सफल हुनु जस्ता लोकजीवनमा आधारित घटनाहरू यस कथाका लोकतत्त्वहरू हुन् ।

### ५.२.१८ इष्टदेव वनझाँक्री

#### ५.२.१८.१ कथानक

प्रस्तुत कथा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा रहेको गोटिखेल गा.वि.स. वडा नं. २ अन्तर्गत सुमारा गाउँका बारेमा प्रचलित किंवदन्तीका आधारमा रचना गरिएको हो । यस कथाले यस क्षेत्रको ऐतिहासिक परिचय दिने कार्य पनि गरेको छ । देवी देवताको मानमनितोलाई कथावस्तुका रूपमा अंगालिएको यस कथाले यस क्षेत्रको साँस्कृतिक महत्त्व पनि प्रदान गरेको छ ।

यस स्थानका तिमल्सिना थरीका बासिन्दाहरूले गाई पालेको र उनीहरूले गाईको दहीबाट मही तुल्याउँदा कुलदेवता लगायत अन्य थानीमानीलाई घिउ (नौनी) को धुप हाल्ने चलनबाट कथाको आरम्भ हुन्छ । उनीहरूकहाँ दिनहुँ साँझपख झ्यालबाट वनझाँक्रीले हात पसार्ने गरेको, यसरी हात थापेपछि दुधको कुराउनी कोरेर दिनुपर्ने चलन, एकदिन एउटा गोठालाले पनिउँ तताएर डामिदिएपछि वनक्राँक्री आउन छोडेको प्रसङ्ग कथाको विकास अवस्था हो । वनझाँक्री साँझमा आउन छाडेपछि उनीहरूका गाई दिनप्रति दिन बिरामी पर्दै मर्नु र गोठ नै रित्तो हुनु र फेरि वनझाँक्रीको मानमनितो गर्न थालेपछि गोठमा गाईहरू पहिलेकै स्थितिमा पुग्नुबाट कथाको अन्त्य हुन्छ । हामीले मानमनितो गर्दै आएका देवीदेवतालाई मान्न छाड्नु हुँदैन भन्ने यस कथाको अभिप्राय हो ।

कुलदेवता लगायत अन्य देवीदेवतालाई मानभाव गर्नु, नास्तिक व्यक्तिले वनझाँक्रीलाई पनिउँले पोलिदिनु, अनिष्ट भएर पुनः मानुभाव गरेपछि गाईगोठ पुनस्थापना आदि यस कथामा आधारित घटनाहरू हुन् ।

#### ५.२.१८.२ चरित्रचित्रण

यस कथामा मानवीय पात्रका रूपमा सुमारा गाउँका तिमल्सिनाहरू रहेका हुन् । उनीहरू यस स्थानमा गाई पाल्ने गर्दथे र गाई गोठको संरक्षणका लागि इष्टदेव कुलदेवता लगायत वनझाँक्रीको पनि मानमनितो गर्दथे । वनझाँक्रीलाई पन्युले पोलिदिने एउटा व्यक्ति

बाहेक अरू आस्तिक, सत्पात्रका रूपमा देखिन्छन् । यस कथामा वनझाँक्रीको पनि चर्चा गरिएको छ ।

### ५.२.१८.३ परिवेश

यस कथामा स्थानगत परिवेशका रूपमा ललितपुरको दक्षिण–पूर्वी भेकको गोटिखेल गा.वि.स. अन्तर्गत सुमारा गाउँको चर्चा गरिएको छ । साथै गाई चरन क्षेत्र महाभारतको वनको पनि उल्लेख पाइन्छ । समयगत परिवेशका रूपमा सुमारा गाउँमा मानिस बासोबास गरेको आदिकालको उल्लेख गरिएको छ । मानिसहरू गृहस्थी जीवन सुरू गरेपछि देवीदेवताको पूजा आजा गर्ने, खेतीपाती गर्ने, पशुपालन गर्ने, जस्ता परिस्थितिगत चर्चा यस कथामा गरिएको छ ।

### ५.२.१८.४ उद्देश्य

प्रस्तुत कथाको मुख्य उद्देश्य लोकपरम्परा अनुसार देवीदेवताहरू मनमानितो गर्नु पर्दछ भन्ने नै हो । हाम्रो समाजले धर्म संस्कृतिको जगेर्ना गर्नुपर्दछ भन्ने आशय पनि यस कथाले प्रकट गरेको छ । नास्तिक हुँदा पतन र आस्तिक हुँदा उत्थान भएको प्रसङ्गले पनि देवताप्रति आस्था राख्नु पर्ने सन्देश पनि यस कथाको रहेको छ । परम्पराको विषयमा लेखिएको प्रस्तुत कथाको अर्को उद्देश्य मनोरञ्जन प्रदान गर्नु पनि हो ।

### ५.२.१८.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा स्थानीयताका आधारमा रचना गरिएकोले स्थानीय लोकजीवनमा मिल्दोजुल्दो भाषाशौलीको प्रयोग गरिएको छ । मही, थानीमानी, भुँग्रो, मानमनितो जस्ता स्थानीय शब्दहरूको प्रयोग यस कथामा रहेको छ । वर्णानात्मक शैलीमा लेखिएकोले प्रस्तुत कथामा संवादको प्रयोग गरिएको छैन् ।

### ५.२.१८.६ लोकतत्त्व

प्रस्तुत कथाले उल्लिखित अवस्थाका रूपमा गोटिखेल सुमारा गाउँका बासिन्दा तिमल्सिना थरीहरूले गाई पाल्नु, गाईको दही महीको चलन गर्दा वनझाँक्री लगायत अन्य

देवीदेवताको मानमनितो गर्नु, वनझाँक्रीलाई मानुभाव नगर्दा गाईहरू नोक्सान भएको र पुनः मानुभाव गर्दा लाभ भएको जस्ता प्रसङ्ग यस कथाका लोकजीवनमा घट्न सक्ने लोकतत्त्वहरू हुन् ।

### ५.२.१९ लामाको मानमनितो

#### ५.२.१९.१ कथानक

प्रस्तुत कथा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेक अन्तर्गत मानिखेल गाउँका विषयमा प्रचलित किंवदन्तीका आधारमा तर्जुमा गरिएको हो । यस कथाले सास्कृतिक परम्परालाई अनुसरण गर्न उत्प्रेरित गरेको छ । यस गाउँका बासिन्दाहरूले लामालाई बर्षेनी पाथीनालो अन्न बुझाउने चलन, सो अन्न बुझाए वापत लामाले हावाहुरी जस्ता प्रकोप रोक्छ भन्ने विश्वसबाट कथाको प्रारम्भ भएको छ । सधैं लामालाई अन्न बुझाउन पर्दा मर्का परेको सम्झी गाउँलेले अन्न बुझाउन छोडनु, त्यही वर्ष असिनाले बाली नास गर्नु कथाको उत्कर्ष अवस्था हो । यसरी असिनाले बाली नष्ट गरेपछि गाउँलेको भेला बस्नु र पुनः लामालाई बर्षेनी अन्न दिने चलन यथावत गर्नु यस कथाको उपसंहार हो । हामीले संस्कार र संस्कृतिलाई तोड्न ठीक होइन भन्ने यस कथाको आशय हो । लामालाई अन्न बुझाउने परम्परा, लामाले प्राकृतिक प्रकोप रोक्दछ भन्ने विश्वास जस्ता घटना यस कथामा आधारित घटनाहरू हुन् ।

#### ५.२.१९.२ चरित्रचित्रण

यस कथाको प्रमुख पात्र दैवीशक्ति प्राप्त लामा रहेको छ । उसले तन्त्रमन्त्रद्वारा प्राकृतिक प्रकोपलाई रोक्दछ भन्ने जनविश्वास रहेको छ । त्यसकारण यस कथामा उसको भूमिका उच्च रहेको छ । अन्य पात्रहरूमा गाउँलेहरू पर्दछन्, उनीहरूले पनि लामालाई मानमनितो गर्दै आएका छन् ।

#### ५.२.१९.३ परिवेश

ललितपुर जिल्लाको दक्षिण–पूर्वी भेकको मानिखेल गाउँको स्थानगत परिवेशको चर्चा यस कथामा गरिएको छ । निश्चित समयको उल्लेख नभए पनि कथाका आधारमा प्राचीन समयको सङकेत गरेको पाइन्छ । लामा, झाँक्री तन्त्रमन्त्रमा विश्वास गर्ने परम्परा भएको परिस्थितिगत चर्चा यस कथामा गरिएको छ ।

### ५.२.१९.४ उद्देश्य

प्रस्तुत कथाको प्रमुख उद्देश्य समाजका कसैले पनि संस्कार तोड्न घमण्ड गर्नु हुँदैन भन्ने नै हो । यस कथामा गाउँलेहरूले आफ्नै घमण्डका कारण एक बर्षको बालीको नोक्सानी खप्नु परेको थियो । स्थानीयताको प्रचार प्रसार गर्नु र जनमानसलाई मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको अर्को उद्देश्य हो ।

### ५.२.१९.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा ललितपुरको एउटा गाउँको सन्दर्भमा लेखिएकोले यस कथाले त्यस क्षेत्र भाषाशैलीलाई समेटेको छ । वर्णनात्मक शैलीमा लेखिएकोले यस कथामा संवादको प्रयोग भएको छैन । लामापाथी, पाथीनालो, थान्को लगाउनु जस्ता स्थानीय प्रचलित शब्दहरूको चयन यस कथामा गरिएको छ ।

### ५.२.१९.६ लोकतत्त्व

प्रस्तुत कथामा मानिखेल गाउँका बासिन्दाहरूको लामाद्वारा प्राकृतिक प्रकोप रोकेको विश्वास गर्नु, लामालाई सो कार्य गरेबापत बर्षेनी पाथीनालो अन्न बुझाउनु, एक बर्ष लामालाई अन्न नबुझाउँदा असिनाले सम्पूर्ण बाली नष्ट पार्नु र पुनः लामालाई अन्न दिन थाल्नु जस्ता लोकजीवनसँग मिल्दाजुल्दा यस कथाका घटनाहरू नै लोकतत्त्वमा आधारित प्रसङ्गहरू हुन् ।

### ५.२.२० गुनले गुन खान्छ तँलाई म खान्छु

### ५.२.२०.१ कथानक

प्रस्तुत कथा एउटा गरिब व्यक्तिको सन्दर्भलाई कथावस्तुका रूपमा चयन गरी रचना गरिएको कथा हो । यस कथामा गुनको बदला बैगुन गर्ने व्यक्तिको भलो हुदैन भन्ने आशय व्यक्त गरिएको छ । जति आपत् विपत् परे पनि मानिसमा धैर्य हुनु पर्दछ, अतालिएर कुनै कुरा समाधान हुँदैन भन्ने प्रसङ्ग पनि यस कथामा जोडिएको छ । यसकथामा एउटा गरिबको घरमा स्वास्नी सुत्केरी हुन्छे, घरमा खानेकुरा केही नहुँदा खानेकुरा खोजी हिंडेको सन्दर्भबाट कथाको प्रारम्भ हुन्छ । त्यसपछि उसले बाटा डंढेलोमा डढन लागेको अजिंगरलाई भेट्छ, उसले बचाइदिन आग्रह गर्छ तर पछि उसलाई अजिंगरले खान खोज्छ, फेरि खोरमा परेको बाघले पनि गुन गर्छु खोरबाट उम्काइ दिउ भन्छ, त्यसले पनि खोरबाट झिकिदिए पछि खानै खोज्छ । यसरी आपत् परेपछि उसले अब बाटोमा भेटिएका दुई जनालाई खोधेपछि खान हन्छ, भने खाऊँ भनेर बाटोमा जाँदा एउटी बुढी गाईले खान हुन्छ भनिन् र अर्को स्याल भेटियो उसले पनि “पख ! यथार्थ बुझ्नु पर्दछ” । यो नै कथाको उत्कर्ष विन्दु हो । एवम् रीतले स्यालले बाघलाई पहिले थुनिएको खोरमा लगेर पुनः थुनिदियो र अजिंङजरलाई पहिलेकै धोक्रोमा हालेर चुट्र त्यो गरिबलाई मार्न लगायो । यसरी कथाको अन्त्य भयो  । यस कथाले गुनको बदला बैगुन गर्न खोज्ने व्यक्तिको स्वतः अस्तित्व समाप्त हुन्छ भन्ने अभिप्राय व्यक्त गरेको छ ।

हाम्रो समाजमा पनि आपत् पर्दा यस कथाका अजिङगर र बाघ जस्तो विनम्र हुने र मौका परेपछि छुरा धस्ने व्यक्तिहरूको अभाव छैन भन्ने कुरा व्यक्त गर्नुका साथै यस कथाको पात्र स्याल जस्तो गुन गर्ने व्यक्ति पनि हाम्रो समाजमा यदाकदा पाइन्छन् भन्ने कुरा यहा व्यक्त भएको छ । यसरी लोकजीवनको यथार्थलाई यस कथाले प्रतिनिधित्व गरेको छ ।

### ५.२.२०.२ चरित्रचित्रण

यस कथाका मानवीय पात्रहरूमा गरिब र उसकी सुत्केरी स्वास्नीको चर्चा गरिएको छ भने मानवेत्तर पात्रहरूमा अजिङगर, बाघ बूढी गाई र स्यालको चर्चा पाइन्छ । यस कथाको प्रमुख पात्र गरिब, ऊ आपत् परेर खानाको खोजीमा गएको समयमा अजिङगर र बाघ जस्ता असत् पात्रहरूले उसलाई दुःख दिन्छन् । उसलाई खान खोज्दछन् तर उसको धैर्यका कारण

उसले गुन गर्ने व्यक्ति स्याललाई भेटेपछि ती बदमासहरूको अस्तित्व समाप्त पार्न सफल हुन्छ । त्यसकारण कथाका अजिङगर र बाघ असत् पात्र हुन् भने स्याल, गरिब र उसकी स्वास्नी सतपात्र हुन् ।

### ५.२.२०.३ परिवेश

प्रस्तुत कथामा गरिब व्यक्ति र खानाको खोजीका लागि टाढा गएको प्रसङ्ग अनुसार ग्रामीण परिवेश भएको अनुमान लगाउन सकिन्छ । यस कथाको स्थानगत परिवेशको रूपमा गरिबको घर, डंढेलोले खाएको जङगल, बाघ, गाई र स्याल भेटिएको बाटोघाटो आदिको उललेख गरिएको छ । समयगत परिवेशका रूपमा २ - ४ दिनको समय भएको अनुमान कथाका आधारमा लगाउन सकिन्छ । परिस्थितिगत चर्चामा गुन गर्ने व्यक्तिलाई तुरून्तै बैगुनको प्रहार गरिएको अवस्था, घरमा स्वास्नी सुत्केरी हुँदा खानेकुरा अभाव भएको, आपत् पर्दा कहिलेकाहिँ सहयोग गर्ने व्यक्ति पाउन सक्ने अवस्थाको चर्चा यस कथामा गरिएको छ ।

### ५.२.२०.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य नैतिक शिक्षा प्रदान गर्नु हो । यस कथाले के शिक्षा दिन्छ भने हामीलाई आपत् पर्दा कसैले गुन लगाएको छ भने त्यो गुनलाई हामीले कहिल्यै भुल्नु हुँदैन, यदि हामीले गुनको बदला बैगुन गर्न थाल्यौं भने हाम्रो हालत पनि अजिङगर र बाघको जस्तो हुनसक्दछ आपत् पर्दा गरिब व्यक्तिको जस्तो धैर्य हुनुपर्दछ भन्ने शिक्षा पनि यस कथाले दिएको छ । यसका साथै लोकजीवनमा प्रचलित कथा भएकोले जनमानसलाई मनोरञ्जन प्रदान गर्नु पनि यस कथाको अर्को उद्देश्य हो ।

### ५.२.२०.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा ग्रामीण जनजीवनमा भन्दै र सुन्दै आएकोले लोकजीवनमा सुहाउँदो भाषाशैलीको प्रयोग गरिएको छ । गुटुमुटु, खोर, पूजाआजा, डाम्नु, स्यानो, कस्न, धुलोपिठो चुककुल जस्ता ग्रामीण परिवेशमा प्रचलित शब्दहरूको चयन यस कथामा गरिएको छ । मानवीय र मानवेत्तर पात्रबीच संवाद सिर्जना गराएर कथामा मिठास थपिएको छ ।

### ५.२.२०.६ लोकतत्त्व

यस कथाको प्रमुख पात्र मानिसले डंढेलोमा डढ्न लागेको अजिङगरलाई आगोबाट जोगाएर गुन गर्दछ र बाघलाई खोरबाट निकालेर गुन गर्दछ तर गुनको बदला अजिङगर र बाघले त्यो मानिसलाई खान खोज्दछन्, यसरी गुन गरेकाले नै उसलाई खाने भएपछि निर्णयका लागि बाटोमा हिंड्दै जाँदा एउटा स्यालले उसलाई गुन गरेर अजिङगरलाई बोरा हालेर मार्न लगाउँछ र बाघलाई पहिलेकै खोरमा थुनिदिन्छ र उसको ज्यान बचाउँछ । यस कथामा उल्लिखित घटनाहरू नै यस कथाका लोकतत्त्वमा हुन् ।

## ५.२.२१ काल आएपछि बस्न पाइँदैन

### ५.२.२१.१ कथानक :

प्रस्तुत कथामा धेरै सन्तान जन्माएका कारण पारिवारिक समस्या परेको व्यक्तिको चर्चा गरिएको छ । आधुनिक जवाना अनुसार धेरै सन्तान जन्मउनु ठिक होइन्, जसका कारण हामीले अकालमा मर्नुपर्ने स्थिति आउँछ भन्ने शिक्षा यस कथाले दिन खोजेको छ । परिवार र बालबच्चाको उचित हेरचाह गर्न नसकेकोले यस कथाको प्रमुख पात्र (घरमुली) ले आत्माहत्या गर्न खोजेको अवस्था नै यस कथाको प्रारम्भिक चरण हो । त्यतिखेर नमर्न आकाशवाणी हुनु, त्यहाँबाट ऊ घर फर्कनु, उसका दुःखका अवस्थाहरू हट्दै जानु कथाको उत्कर्ष चरण हो । तर एकदिन धमरधूस व्यक्ति आएर हिंड भन्दा उसले म जान्न भन्छ, त्यतिवेला उसले "पहिले नमर भन्ने पनि मै हुँ, अब बस्छु भनेर पनि तँ बस्न पाउँदैनस, म यमराज दुत हुँ" भनेर उसले लिएर जान्छ, यो नै कथाको उपसंहार हो । हामीले धेरै सन्तान जन्माउनु हुँदैन भन्ने नै यस कथाको अभिप्राय हो ।

धेरै सन्तान जन्माउने प्रचलन, तिनीहरूको उचित पालन पोषण गर्न नसक्दा आपत् परेको स्थिति यहाँका घटनाहरू हुन् ।

### ५.२.२१.२ चरित्रचित्रण

यस कथामा कथाको प्रमुख पात्र धेरै छोरा छोरी जन्माउने बाबु र अन्य सहायक पात्रहरूमा उसकी स्वास्नी, छोराछोरी आदि मानवीय पात्रहरूको चर्चा गरिएको छ । यसको साथै यस कथामा यमराजको दूत पनि पात्रको रूपमा चयन गरिएको छ । यिनीहरूमध्ये बाबुको भूमिका यसकथा अधिक रहेको छ, उसले पारिवारिक झन्जट खप्न नसकी आत्महत्या गर्ने प्रयास गरेको छ, पारिवारिक अवस्थालाई विस्तारै सुलभ बनाएको छ । मर्नका लागि गएको व्यक्ति घर फर्किएर बन्दोबस्त गरेकाबाट ऊ गतिशील पात्रका रूपमा देखिन्छ ।

### ५.२.२१.३ परिवेश

प्रस्तुत कथामा स्थानगत परिवेशको रूपमा धेरै सन्तान जन्माउनेको घर, उसले आत्महत्या गर्न खोजेको जङ्गल र सम्पूर्ण ग्रामीण परिवेशको चर्चा पाइन्छ । समयगत परिवेशका रूपमा बालबच्चा धेरै भई पाल्न नसकेको अवस्था र पछि आर्थिक सङकट नभएको चर्चा गरिएकोले १५ - २० बर्षको अन्तरालको अनुमान लगाउन सकिन्छ । आर्थिक सङकटले सताएको, आत्महत्या गर्न चाहेको तर संयोगवश बाँचेको परिस्थितिको चर्चा यस कथामा गरिएको छ ।

### ५.२.२१.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य मर्ने काल नआई हामीले चाहेर मर्न पनि पाइँदैन, मर्ने काल आएपछि कसैले मर्दिन भनेर पनि सुख पाइँदैन भन्ने नै हो । यस कथाको प्रमुख पात्र, धेरै केटाकेटीको बाबु उसले पहिलै मर्न खोजेको थियो, त्यति वेला ऊ मर्छु भनेर पनि मर्न पाएन तर पछि यमदूत आउँदा म बाँच्छु भनेको थियो तर ऊ बाँच्न पनि पाएन । मिति नआई मर्न खोजेर मारिँदैन भन्ने शिक्षा यस कथाले प्रदान गरेको छ । साथै लोकजीवनमा वक्ता र श्रोतालाई मनोरञ्जन प्रदान गर्नु यस कथाको अर्को उद्देश्य हो ।

### ५.२.२१.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा लोकजीवनमा प्रचलित भएकोले यसको भाषाशैली ग्रामीण परिवेशलाई सुहाउँदो छ । पासो, धमरधुस जस्ता स्थानीय प्रचलित शब्दको प्रयोग यस कथामा गरिएको छ । अदृश्य तथा अलौकिक व्यक्तिसँग संवाद भएकोले यस कथाको छुट्टै पहिचान रहेको छ ।

### ५.२.२१.६ लोकतत्त्व

यस कथाको प्रमुख पात्रले धेरै केटाकेटीको पालनपोषण गर्न नसक्दा आत्महत्याको प्रयास गर्नु, त्यसै समयमा तँ नमर भन्ने आकाशवाणी हुनु पछि एक दिन यमदूत आएर उसलाई लैजानु आदि यस कथाका लोकतत्त्वमा आधारित प्रसङ्गहरू हुन् ।

## ५.२.२२ पैसाले पैसा तान्छ

### ५.२.२२.१ कथानक

प्रस्तुत कथा पैसा सञ्चित गर्ने सुब्बा र जति कमायो उत्ति खर्च गर्ने दाउरेको दिनचर्यलाई लिएर कथावस्तु सिर्जना गरिएको छ । जत्ति धेरै पैसा भयो त्यसकै आधारमा मानिसले पैसा जम्मा गर्दछ भन्ने आशय यस कथाले प्रदान गरेको छ । दाउरेका घरमा दिनहुँ मासु भात खाएको र आफूले खान नपाएकोमा सुब्बाकी श्रीमतीले सुब्बालाई खनखन गरेको सन्दर्भबाट कथाको प्रारम्भ हुन्छ । त्यसपछि सुब्बाले दाउरेलाई पनि पैसा जम्मा गर्ने बानी लगाउन बीस रूपयाँका सिक्का उसको घरमा कोही नभएको बेला हाँडीले छोपेर राखिदिनु, दाउरेले त्यति धेरै पैसा भेटाएपछि अब धेरै बनाउनु पर्‍यो भनेर पैसा जम्मा गर्दै जानु कथाको विकास चरण हो । एकदिन दाउरेको मृत्यु हुन्छ मृत्यु हुनासाथ पहिले छिमेकी सुब्बानै पुग्दछन् , त्यतिवेला दाउरेका थुप्रै पैसा जम्मा भएको हुन्छ यो कथाको उपसंहार हो । आफूसँग जति पैसा भयो, झन् त्यति बढी गराउने इच्छा मानिसमा जाग्दछ भन्ने यस कथाको अभिप्राय हो ।

सम्पत्तिवालाले झन् सम्पत्ति बढाउने चलन निर्धन श्रमिकहरूले जति कमायो त्यत्ति खर्च परम्परा यस कथाको लोकतत्त्वमा आधारित घटनाहरू हुन् ।

### ५.२.२२.२ चरित्रचित्रण

यस कथामा सम्पूर्ण मानवीय पात्रहरूको चयन गरिएको छ । प्रस्तुत कथामा सुब्बा, दाउरे, सुब्बाकी श्रीमती, दाउरेकी श्रीमतीको उल्लेख गरिएको छ । यस कथामा दाउरे र सुब्बा फरक चरित्र भएका पाइन्छन् । सुब्बा कमाएको पैसा सबै खर्च नगर्ने र पैसा सञ्चित गर्ने खालका छन् र अरूले पनि सञ्चित गरून् भन्ने सोच राख्दछन् । त्यसैकारण दाउरेलाई पनि अप्रत्यक्ष रूपमा उनले सघाएर पैसा जम्म गर्न लगाएका थिए । तर दाउरे चाहिँ बिहान दाउरा बेच्यो, बिहानको छाक टार्ने र  दिउँसो दाउरा बेच्यो बेलुकीको छाक टार्ने गर्दछ  ।

### ५.२.२२.३ परिवेश

प्रस्तुत कथामा स्थानगत परिवेशको रूपमा दाउरेको घर सुब्बाको घर भएको  ग्रामीण परिवेशको चर्चा गरिएको छ समयको उल्लेख यस कथामा नभएता पनि १०-१५ बर्षको समयलाई कथाले प्रतिनिधित्व गरेको अनुमान लगाउन सकिन्छ । लेखपढ भएकाहरूले जागिर खाने अनपढहरूले घाँस काट्ने, दाउरा बेच्ने गरेको परिस्थितिको उल्लेख यस कथामा पाइन्छ ।

### ५.२.२२.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य मानिसले जति धेरै पैसा कमायो, उसमा उत्ति संचीत गर्ने अभिलाषा बढ्दै जान्छ भन्ने नै हो । यस कथाका प्रमुख पात्र सुब्बा पनि त्यही स्वभावका व्यक्ति भएको बुझिन्छ । साथै वक्ता र श्रोताहरूलाई मनोरञ्जन प्रदानगर्नु पनि यस कथाको दोस्रो उद्देश्य हो  ।

### ५.२.२२.५ भाषाशैली एवम् सँवाद

प्रस्तुत कथा ग्रामीण परिवेशमा भन्दै र सुन्दै आएकोल ग्रामीण क्षेत्र सर्वसाधारणका लागि सुहाउँदो भाषाशैलीमा लेखिएको छ । मरमसला, चाँदीका डबल, रूपयाँ जस्ता स्थानीय तहमा प्रयोग गरिने शब्दहरूको चयन यस कथामा गरिएको छ । पात्रअनुकुल संवादको व्यवस्था भएकोले कथामा मिठास र रोचकता थपिएको छ  ।

### ५.२.२२.६ लोकतत्त्व

प्रस्तुत कथाको मुख्य पत्र सुब्बाले पैसा सञ्चित गर्नु, उसको छिमेकी दाउरेले चाहिँ दिनहुँ जति कमायो उति खर्च गर्ने गर्नु, दाउरेको परिवारले दिनहुँ मासुभात खाएको देखेर सुब्बाकी स्वास्नीले सुब्बालाई कचकच गर्नु, अनि सुब्बाले दाउरेको घरमा कसैले थाहा नपाउने गरी २० रूपयाँका डब्बल राखिदिनु, दाउरेले त्यत्ति धेरै पैसा देखेपछि उसलाई पनि पैसा सञ्चित गर्ने इच्छा लाग्नु जस्ता यस कथाका लोकतत्त्वमा आधारित प्रसङ्गहरू हुन् ।

### ५.२.२३ मेरो नाम त ठिकाठिक

#### ५.२.२३.१ कथानक

प्रस्तुत कथामा मानिसको नाम परिवर्तन गर्ने सन्दर्भलाई लिएर रचना गरिएको हो । यस कथाको कथावस्तु रोचक एवम ज्ञानवर्द्धक छ । यस कथाले नाम भनेको साङ्केतिक वस्तु हो । त्यसकारण नाम यो राम्रो र यो नराम्रो हुँदैन भन्ने आशय व्यक्त गरेको छ । यस कथाको ठिकाठिक नाम भएको पात्रको नाम उसकी श्रीमतीलाई पटक्कै मन परेन त्यसकारण उसले श्रीमानलाई नाम फेर्न आग्रह गर्नु नै कथाको आरम्भ विन्दु हो । श्रीमतीको सल्लाह अनुसार नाम फेर्न घरबाट हिड्नु, आफूले भेटेका मानिसको नाम पनि आफ्नो जस्तै नमिलेको पाउनु कथाको उत्कर्ष अवस्था हो । यसरी नाम फेर्न नपाए पछि त्यही नाममा सन्तोष मानी घर फर्कनु यस कथाको उपसंहार हो । समाजमा बसेका कुनै पनि व्यक्तिको नाम अनुसार काम मिलेको हुँदैन भन्ने नै यस कथाको अभिप्राय हो ।

मानिसलाई कुनै न कुनै कुराले असन्तोष गराउनु, त्यस्ता असन्तोषलाई मेटाउन मानिसहरूले प्रयत्न गर्नु जस्ता घटनाहरू यस कथाका घटनाहरू हुन् ।

#### ५.२.२३.२ चरित्रचित्रण

यस कथामा ठिक ठिक नाम गरेको व्यक्ति, उसकी श्रीमती नाम फेर्ने सन्दर्भमा भेटिएका खलो बढार्ने लक्ष्मी नाम गरेकी केटी, मागेर हिँड्ने धनपति नाम गरेको बुढो र मलामी जान लागेका मानिसहरू पात्रहरू रहेका छन् । यस कथाको प्रमुख पात्र ठिकाठिकको भूमिका प्रमुख

देखिन्छ । श्रीमतीको आग्रह अनुसार ऊ नाम फेर्न जाँदा काम र नाम नमिलेका मानिस पाउँछ र आफूपनि त्यही नाममा चित्त बुझाएर घर फर्कन्छ । ऊ एउटा गतिशील पात्रका रूपमा देखिन्छ ।

### ५.२.२३.३ परिवेश

प्रस्तुत कथामा स्थानगत परिवेशको रूपमा ग्रामीण परिवेशका लक्षणहरू देखिन्छन् किनभने सहरिया क्षेत्रमा यस्ता खालका नामहरू राखिदैन । यस कथामा ठिकाठिकको गाउँघर ऊ नाम फेर्न जाँदा भेटिएको खलो भएको स्थान, मागर हिँडने बुढो भेटिएको स्थान, मलामी र घाटको चर्चा यहाँ पाइन्छ । समयका दृष्टिकोणले ८-१० दिनको  उल्लेख पाइन्छ । विभिन्न मानिसका आ-आफ्नै काम भएको जस्तै कोही खलोमा छरिएको अन्न बढार्ने, कोही माग्ने, कोही खेतीपाती गर्ने बिहेमा जन्ती जाने, मृत्युमा मलामी जाने जस्ता परिस्थितिगत चर्चा यस कथामा गरिएको छ  ।

### ५.२.२३.४ उद्देश्य

यस कथाको प्रमुख उद्देश्य मानिसको नाम भनेको साङकेतिक वस्तु हो जसको जे नाम भए पनि फरक पर्दैन, मानिस नामले ठूलो हुदैन कामले मात्र ठूलो हुन्छ भन्ने नै हो  । यस कथाको प्रमुख पात्रले पनि नाम फेर्न जाँदा उसले त्यहाँ भेटिएका मानिसहरूको नाम र कामको सङगति मिलेको पाएन । यसबाट के कुरा पुष्टि हुन्छ भने संसारमा मानिसहरूको नाम र काममा तालमेल मिलेको हुँदो रहेनछ । साथै ग्रामीण लोकजीवनमा बसिबियालोको बेलामा मनोरञ्जन प्रदान गर्नु यस कथाको दोस्रो उद्देश्य हो  ।

### ५.२.२३.५ भाषाशैली एवम् संवाद

प्रस्तुत कथा लोकजीवनमा आधारित भएकोले, यहाँ जनमानसलाई सुहाउँदो भाषाशैली लेखिएको छ । जुराउनु, बिस्कुन, खलो, घाट, मलामी जस्ता स्थानीय शब्दको चयन यस कथामा गरिएकोले कथा रोचक बनेको छ । पात्र अनुकूल संवादको व्यवस्था कथाको अन्तिममा पद्यको पनि प्रयोग गरिएकोले यसमा झन् मिठास थपिएको छ ।

### ५.२.२३.६ लोकतत्त्व

यस कथाको प्रमुख पात्रको नाम ठिक ठिक भएकोमा उसकी स्वास्नीलाई मनपर्दैन र उसकी स्वास्नीको अनुरोधमा ऊ नाम फेर्नका लागि घरबाट हिंडछ, त्यहाँ उसले अर्काको खलो बढार्ने आइमाईको नाम लक्ष्मी भएको पाउँछ । माग्नेको नाम धनपति र मरेको मानिसको नाम अमर भएको पाउँदा सबै मानिसको नाम र कामको ताल मेल मिलेको हुँदो रहेनछ भन्ने कुरा बुझेर त्यहाँबाट आफ्नो नाममा त्यसै चित्त बुझाउँछ । उपयुक्त यस कथाका लोकजीवनमा आधारित घटनाहरू न लोकतत्त्वमा आधारित प्रसङ्गहरू हुन् ।

# अध्याय : छ

# उपसंहार

## ६.१ सारांश

प्रस्तुत शोधपत्रलाई प्रमुख छ अध्यायमा विभाजन गरिएको छ । यसको पहिलो अध्यायलाई आठ खण्डमा दोस्रो अध्यायलाई पाँच खण्डमा, तेस्रो अध्यायलाई सात खण्डमा, चौथो अध्यायलाई तेइस खण्डमा, पाँचौं अध्यायलाई दुई खण्ड र छैटौं अध्यायलाई तीन खण्डमा विभाजन गरिएको छ ।

यस शोधपत्रको पहिलो अध्यायमा विषय परिचय, समस्या कथन, उद्देश्य, शोधको महत्त्व, अध्ययनको सीमा, पूर्वाध्यायनको विवरण, अध्ययन विधि र अध्याय योजना राखिएको छन् । अध्याय दुईमा अध्ययन क्षेत्र रहेको जिल्लाको सङ्क्षिप्त परिचयका साथै अध्ययन क्षेत्रको सामाजिक अवस्था, भाषिक, सांस्कृतिक र धार्मिक अवस्था, शैक्षिक र साहित्यिक अवस्था तथा आर्थिक अवस्थाका बारेमा छुट्टाछुट्टै शीर्षकमा विवेचना गरिएको छ । यस अध्यायमा ललितपुर जिल्लाको सामान्य परिचय, भौगोलिक अवस्थाका साथै विशेष पहिचानका रूपमा रहेका काष्ठकला पाषणकला र धातु कलाका विषयमा चर्चा गरिएको छ । यस जिल्लामा रहेका गा.वि.स. तथा नगरपालिकाहरूको नाम पनि यस अध्ययनमा उल्लेख गरिएको छ । यस जिल्ला अन्तर्गत अवस्थित दक्षिण -पूर्वी भेक नै यस अध्ययनको क्षेत्र भएकोले यहाँको भौगोलिक वनावट, हावापानी उत्पादित खाद्यान्न तथा नगदेवालीको चर्चा पनि यहाँ गरिएको छ । यहाँ बसोबास गर्ने बाहुन, छेत्री तामाङ्ग, नेवार, घले ब्राह्मु, मगर, दमाइँ, कामी आदिको धार्मिक र साँस्कृतिक परिचय र खानपात, वेशभूषा, जन्म र मृत्यु संस्कारका विषयमा पनि यस अध्ययनले प्रकाश पारेको छ । धार्मिक सहिष्णुता , सामाजिक समानता, मन्दिर प्रवेशमा स्वतन्त्रता जस्ता विषयमा पनि यहाँ उल्लेख गरिएको छ । यस क्षेत्रको विगतदेखि वर्तमानसम्मको शैक्षिक विवेचना शैक्षिक विकास सँगसँगै साहित्यिक गतिविधिमा भएको उन्नति र शिक्षा विकासबाट भएको आर्थिक उन्नतिलाई पनि यस अध्ययनमा प्रकाश पारिएको छ । यस भेकको आर्थिक अवस्था सवल बनाउन टेवा पुऱ्याउने दुध, दुग्धजन्य पदार्थ, कफी आदिको उत्पादन र विक्री

वितरणबाट भएको लाभको चर्चाका साथै युवावर्गहरू वैदेशिक रोजगारमा संलग्न भई विदेशी मुद्रा आर्जन गरेको सन्दर्भ पनि यहाँ उल्लेख गरिएको छ ।

तेस्रो अध्यायमा लोकसाहित्यले जनमानसमा पार्ने प्रभाव, लोककथाका प्रवृति र विशेषता माथि प्रकाश पारिएको छ । लोकसाहित्यको एक विधाका रूपमा लोककथालाई चर्चा गरिएको छ । यसमा लोकसाहित्यका विधाहरू लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्का र गाउँखाने कथाको बारेमा परिचय दिइएको छ र लोककथाका बारे विस्तृत विवेचनासहित त्यसका विशेषता वर्गीकरण, तत्व र विश्लेषणका साधन आदिबारे वर्णन गरिएको छ । यस अध्ययनको चौथो अध्यायमा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरूलाई सङ्कलन गरिएको छ । प्रस्तुत अध्यायमा यस भेकका एघार गा.वि.स. हरूमा प्रचलित तेइस वटा लोककथाहरूलाई समावेश गरिएको छ । यस भेकको लोकजीवनसँग प्रत्यक्ष सम्बन्ध भएका धार्मिक, ऐतिहासिक, साँस्कृतिक सम्बन्ध राख्ने लोककथाहरूले यस क्षेत्रको पहिचान दिइएका छन् । कथावाचकहरूले जे जस्तो भाषाशैली प्रयोग गरेका छन् सोही अनुरूप लिपिबद्ध गर्ने प्रयास यस अध्ययनमा गरिएको छ । प्रस्तुत कथाहरू वाचनका दृष्टिले कुनै लामा र कुनै छोटा खालका छन् ।

यस अध्ययनको पाँचौं अध्यायमा ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा सङ्कलित तेइस वटा लोककथाहरूलाई सैद्धान्तिक आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । विश्लेषणका निम्ति कथाबस्तु, चरित्रचित्रण, परिवेश, उद्देश्य, भाषाशैली एवम् संवाद र लोकतत्त्वलाई आधार बनाइएको छ । उक्त विश्लेषणले सङ्कलित कथाको स्वरूप र प्रवृतिलाई प्रष्ट पारेको छ । प्रस्तुत विश्लेषणले यस क्षेत्रका लोककथाहरूका विशेषताहरूलाई प्रकाशमा ल्याउने काम गरेको छ ।

छैटौं अध्यायले समग्र शोधकार्यको सारांस, निष्कर्ष र सुझावलाई प्रस्तुत गरेको छ । उपर्युक्त पाँच अध्यायमा सम्मिलित विषयवस्तुलाई निचोडमा पाठक सामु प्रस्तुत गर्नु यस अध्यायको प्रयोजन रहेको छ ।

## ६.२ निष्कर्ष

प्रस्तुत शोधका बारेमा निष्कर्षमा के भन्न सकिन्छ भने ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरूले यहाँको स्थानीय रङ्ग, सामाजिक परिवेश, धार्मिक विश्वास, सांस्कृतिक परम्परा, आञ्चलिकता, जातीय उत्पत्ति, ऐतिहासिकता, किंवदन्ती आदिका विषयमा विभिन्न जानकारी प्रस्तुत गरेका छन् । मौखिक परम्परामा रहेका यी लोककथाहरूले यस क्षेत्रको सांस्कृतिक, धार्मिक, ऐतिहासिक र सामाजिक महत्त्वलाई बोकेका छन् । तिनले यहाँको समाजको चिन्तनको वास्तविकतालाई पनि प्रस्तुत गरेका छन् । ती कथा मध्ये अधिकांश सामाजिक विषयवस्तुसँग सम्बन्धित छन् ।

प्रस्तुत सङ्कलित कथाहरूलाई कथावाचकहरूले वाचन गरेका आधारमा टेपरेकर्डरका सहायताले ध्वन्याङ्कन गरिएको छ । उक्त आधारमा नै यी कथाहरूलाई लिपिवद्ध पनि गरिएको छ । कथाहरूलाई  सैद्धान्तिक आधारमा वर्गीकरण गर्नुका साथै कथावस्तु चरित्रचित्रण, परिवेश, उद्देश्य, भाषा शैली एवम् संवाद र लोकतत्त्व आदि तत्त्वका आधारमा विश्लेषण पनि गरिएको छ । प्रस्तुत कथाहरूले यस क्षेत्रको साहित्यिक गतिविधिलाई सम्बर्द्धन गरेको छ । यसरी प्रस्तुत अध्ययनले यहाँका लोककथाको क्षमता र वैशिष्ट्य प्रस्तुत गरेको छ । वास्तवमा यस भेकको विगत र वर्तमानलाई बुझ्न यस अध्ययनबाट विशेष योगदान पुऱ्याउने देखिन्छ । यसबाट भाषिक क्षेत्रका साथै अन्य विविध क्षेत्र पनि लाभन्वित हुनेछन् ।

## ६.३. सुझाब

ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेक लोकसाहित्यका दृष्टिले धनी देखिन्छ तापनि यस्ता लोकसाहित्यिक सम्पदाका बारेमा अझै अध्ययन अनुसन्धानको यहाँ कमी नै रहेको छ । प्रस्तुत अध्ययनले केही मात्रामा सो कमीलाई घटाउने प्रयत्न गरेको छ । अतः अनुसन्धान कर्ताले यस क्षेत्रको लोकसाहित्यबारे भविष्यमा अध्ययन गर्न सक्ने सम्भावनाका विभिन्न क्षेत्रहरू विद्यामान छन् । ती विभिन्न क्षेत्रको पहिचान गरी लोकसाहित्यको अध्ययनबाट यस क्षेत्रलाई चिनाउनका लागि भावी अनुसन्धान कर्ताले निम्नलिखित शीर्षकमा अनुसन्धान गर्नु उपयुक्त हुनेछ ।

क) ललितपुर जिल्लाको दक्षिण-पूर्वी भेकमा प्रचलित लोककथाहरूले विभिन्न कोणबाट अध्ययन।

ख) यस भेकमा प्रचलित लोककथाहरूमा विद्यामान लोकतत्त्वको अध्ययन ।

ग) यस भेकका प्रचलित लोककथाहरूको समाजशास्त्रीय अध्ययन ।

घ) यस भेकका प्रचलित लोकथाहरूको संरचनागत अध्ययन ।

ङ) यस भेकका प्रचलित लोकगीतहरूको विभिन्न कोणबाट अध्ययन ।

च) यस भेकका प्रचलित खैंजेडी भजनको अध्ययन ।

छ) यस भेकका प्रचलित लोकोक्तिको अध्ययन ।

## सन्दर्भकृति


१. अधिकारी, बोधविक्रम, **नेपाली दन्त्यकथा**, काठमाडौं : नेपाली भाषा प्रकाशनी समिति, १९९६ ।

२. उपाध्याय, कृष्णदेव, **लोकसाहित्यको भूमिका**, इलाहवादः साहित्य भवन, इ.सं. १९७७ ।

३. उपाध्याय, माधवप्रसाद "सोलुखुम्बु जिल्लाको उत्तरी भेकमा प्रचलित लोककथाको सङकलन र अध्ययन" त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित एम. ए. शोधपत्र, २०६३ ।

४. उप्रेती, कुन्दनलाल, **लोकसाहित्यका प्रतिमान,** अलिगढः भारत प्रकाशन, इ.सं. १९०० ।

५. कर्मा, लीलासिंह, **हाम्रो लोककथा,** काठमाडौं : साझा प्रकाशन, २०३८ ।

६. कुसुम कन्दरा, **चौमासिक साहित्यिक सँगालो,** अङ्क ३, २०६५ ।

७. कोइराला, शम्भुप्रसाद, **लोकसाहित्य सिद्धान्त र विश्लेषण**, विराटनगर : धरणीधर पुस्तकालय, २०५५ ।

८. गिरी, जीवेन्द्रदेव, **लोकसाहित्यको अवलोकन,** काठमाडौं : एकता प्रकाशन, २०५७ ।

९. घिमिरे, दुर्गाप्रसाद, "ललितपुर जिल्लाका कालेश्वर र चन्दपुर गा.वि.स. मा प्रचलित लोककथाको अध्ययन" त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित एम. ए. अध्ययन, २०६४ ।

१०. चेम्जोङ, इमानसिंह, **किराँती दन्त्यकथा,** काठमाडौं : रोयल नेपाल एकेडेमी, २०२१ ।

११. जैन, जगदीशचन्द्र, **प्राकृतिक साहित्यका इतिहास** (दो.सं.), चोरवम्बः सुर भारती प्रकाशन, इ.सं. १९८५ ।

१२. थापा, धर्मराज र हंसपुरे सुवेदी, **नेपाली लोकसाहित्यको विवेचना**, काठमाडौं : त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, २०४१ ।

१३. दहाल, पेशल, **आधुनिक नेपालको इतिहास,** काठमाडौं : एम. के. पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स, २०५१ ।

१४. दिवस, तुलसी, **नेपाली लोककथाः केही अध्ययन,** काठमाडौं : रत्न पुस्तक भण्डार, २०३३ ।

१५. धाना, धामी, “दार्चुला जिल्लाको दुहुँ क्षेत्रमा प्रचलित लोककथाको अध्ययन”, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित एम. ए. शोधपत्र, २०६४ ।

१६. पराजुली, कृष्णप्रसाद, नेपाली लोकगीतको आलोक, काठमाडौं : वीणा प्रकाशन प्रा.लि., २०५७ ।

१७. पराजुली , मोतीलाल, **नेपाली लोकगाथा पोखरा** : श्रीमती तारादेवी पराजुली, २०४९ ।

१८. ....................., **सोरठी नृत्यनाटिका**, काठमाडौं : दीक्षान्त पुस्तक प्रकाशन, कीर्तिपुर २०६३ ।

१९. पोखरेल, बालकृष्ण र अन्य (सम्पा.) **नेपाली बृहत् शब्दकोश**, काठामाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

२०. पौडेल, रामहरि, “नेपाली लोकगाथामा प्रगतिवादी तत्त्व”, **प्रलेस,** ......... ।

२१. बन्धु, चूडामणि, “पहेंली”, **कुञ्जिनी**, २०५४ ।

२२. बन्धु, चूडामणि, **नेपाली लोकसाहित्य,** काठमाडौं : एकता बुक्स डिस्ट्रिव्यूटर्स, २०५८ ।

२३. वर्मा, धीरेन्द्र, **हिन्दी साहित्यकोश** (ते.सं.), बनारस : ज्ञानमण्डल प्रकाशन, इ.सं. १९८५ ।

२४. मिश्र, विक्रमाद्वित्य, **पहेंलीकोश,** पटना, बिहार राष्ट्रभाषा परिषद्, २०३८ ।

२५. रिजाल, लोकनाथ, “धादिङ जिल्लामा प्रचलित नेपाली लोककथाहरूको सङकलन, वर्गीकरण र विश्लेषण,” त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित एम. ए. शोधपत्र, २०६२ ।

२६. **ललितपुर जिल्लाको चौमासिक बुलेटिन**, अङक ३ २०५४ ।

२७. शर्मा, निशा, “ललितपुर जिल्लाका ग्रामीण क्षेत्रमा प्रचलित लोकगीतको अध्ययन” त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित एम. ए. शोधपत्र, २०६५ ।

२८. शर्मा वसन्तकुमार, **नेपाली शब्दसागर,** काठमाडौं : भाभा पुस्तक भण्डार, २०६१ ।

२९. **सुनगाभा,** वार्षिक साहित्यिक पत्रिका, ललितपुर : सुनगाभा साहित्य सदन, २०६५ ।

३०. सुवेदी, राजेन्द्र, 'नेपाली लोकगीतमा प्रगतिवादी चेतना', प्रलेस, २०५४ ।

३१. सुवेदी, हंसपुरे, **नेपाली लोकजीवन : लोकविश्वास,** काठमाडौं : साझा प्रकाशन, २०५५ ।

३२. त्रिपाठी, वासुदेव, **सिंहावलोकन,** काठमाडौं : साझा प्रकाशन, २०४७ ।

३३. ज्ञवाली, सविना, गुल्मी जिल्लामा प्रचलित लोककथाहरूको सङकलन वर्गीकरण र विश्लेषण, त्रि.वि. नेपाली केन्द्रीय विभाग, कीर्तिपुरमा प्रस्तुत अप्रकाशित एम. ए. शोधपत्र, २०६१ ।

# परिशिष्टाङ - १

## क्षेत्रकार्यका सहयोगीहरूको नामावली

| क्र.स | कथा शीर्षक | कथावाचकको नाम | उमेर | ठेगाना |
|---|---|---|---|---|
| १. | न्याउरी मारी पछुतो | रामहरि दुलाल | ४५ वर्ष | गोटिखेल |
| २. | उत्तिस र गुराँस | ठाकुरप्रसाद तिमल्सिना | ५० वर्ष | गोटिखेल |
| ३. | भाइ फुटे गँवार लुटे | विनोद संजेल | वर्ष | इकुडोल |
| ४. | हराएको सारी | कमलप्रसाद दहाल | ४१ वर्ष | मानिखेल |
| ५. | तामाङ जातिको कथा | उत्तम लामा | ४९ वर्ष | प्यूटार |
| ६. | बोकाकाटी स्वर्ग पुग्ने पुजारी | विमला घिमिरे | ४४ वर्ष | माल्टा |
| ७. | अनैतिक सम्बन्ध उदाङ्गो | गणेश घिमिरे | ५० वर्ष | प्यूटार |
| ८. | चोरीको परिणाम | थलप्रसाद तिमल्सिना | ४८ वर्ष | आश्राङ |
| ९. | दुइ दाजुभाइको कथा | ईश्वर संजेल | ४१ वर्ष | गिम्दी |
| १०. | छट्टु स्यालको कथा | मेदनाथ सापकोटा | ३९ वर्ष | भट्टेडाँडा |
| ११. | ठगको कथा | भीमशेन(कमलप्रसाद) दहाल | ५१ वर्ष | ठुलादुर्लङ |
| १२. | कुविचारको परिणाम | तुलसीप्रसाद संजेल | ४० वर्ष | इकुडोल |
| १३. | जे गर्छन् भगवान असलै गर्छन् | टेकर कुमारी संजेल | ४० वर्ष | मानिखेल |
| १४. | लोभीको भाँडो उभिण्डो | नारायण तिमल्सिना | २७ वर्ष | आश्राङ |
| १५. | फटाह ज्योतिष | वासुदेव तिमल्सिना | ४१ वर्ष | बुखेल |
| १६. | किन रोइस् मङगले आफ्नै ढङगले | रूपा संजेल | २५ वर्ष | शंखु |
| १७. | एकता नै बल हो | मनोज पराजुली | ३० वर्ष | गोटिखेल |
| १८. | इष्टदेव वनझाँक्री | रामहरि तिमल्सिना | ४४ वर्ष | मानिखेल |
| १९. | लामाको मानमनितो | हेमन्तप्रसाद पराजुली | ४६ वर्ष | बुखेल |
| २०. | गुनले गुन खान्छ तँलाई म खान्छु | प्रल्हादभक्त कुँवर | ५९ वर्ष | गोटिखेल |
| २१. | काल आएपछि बस्न पाइँदैन | तेजबहादुर सत्याल | ५० वर्ष | मानिखेल |
| २२. | पैसाले पैसा तान्छ | उद्धवप्रसाद घिमिरे | ५६ वर्ष | ठूलादुर्लुङ |
| २३. | मेरो नाम त ठिकाठिक | प्रकाश पराजुली | ४९ वर्ष | बुखेल |